# बैजनाथ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बाँके, लुम्बिनी प्रदेश, नेपाल

# सामाजिक विकास योजना

## अन्तिम प्रतिवेदन

# विषय सूची


खण्ड - १: परिचय १

१.१ पृष्ठभूमि १

१.२ सामाजिक विकास योजना तर्जुमा सम्बन्धी कानूनी प्रावधानहरु १

१.२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ १

१.२.२ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ १

१.२.३ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ २

१.२.४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र नियमावली २०७७ २

१.२.५ संघ, प्रदेश र स्थानीय तहबिचको समन्वय र अन्तरसम्बन्ध सम्बन्धी ऐन, २०७७ २

१.२.६ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ २

१.३ सामाजिक विकास योजना तर्जुमा गर्दा लिइएका नीतिगत आधारहरू २

१.३.१ विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय नीतिहरू २

१.३.२ संघीय, प्रादेशिक र स्थानीय तहको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरू ३

१.३.३ दिगो विकासका लक्ष्यहरू ४

१.४ योजनाका सीमाहरू ५

१.५ योजनाको उद्देश्य ५

१.६ योजनाको औचित्य ६

१.७ योजना तर्जुमा प्रक्रिया ६

खण्ड - २: गाउँपालिकाको सामाजिक विकासको वस्तुस्थिति विश्लेषण ९

२.१ गाउँपालिकाको वस्तुस्थिति विवरण ९

२.१.१ गाउँपालिकाको परिचय ९

२.१.२ भौगोलिक अवस्थिति ९

२.१.३ वडागत क्षेत्रफल, जनसंख्या तथा घरधुरीको विवरण १०

२.१.४ उमेर समूह अनुसार जनसंख्या १०

२.१.५ भौतिक पूर्वाधारको अवस्था ११

२.२ सामाजिक विकासको विश्लेषण १२

२.२.१ स्वास्थ्य तथा पोषण १२

२.२.२ शैक्षिक विकास १२

२.२.३ खानेपानी तथा सरसफाई १५

२.२.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण १५

२.२.५ युवा तथा खेलकुद १६

खण्ड - ३: सामाजिक विकास रणनीतिक योजना १७

३.१ सामाजिक विकास योजनाका निर्देशक सिद्धान्त १७

३.२ दिर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरू १७

३.३ स्वास्थ्य १८

३.३.१ पृष्ठभूमि १८

३.३.३ दिर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरू १९

३.३.४ कार्यक्रमहरु २६

३.३.५ अपेक्षित उपलब्धिहरू ३०
३.३.६ स्वास्थ्य क्षेत्रका नतिजा सूचकहरू ३०
३.४ शिक्षा, विज्ञान तथा नवप्रवर्तन ३२
३.४.१ पृष्ठभूमि ३२
३.४.२ गाउँपालिकामा शिक्षा तथा नवप्रवर्तन क्षेत्रमा रहेको सबल पक्ष, दुर्बल पक्ष SWOT विश्लेषण ३२
३.४.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति ३३
३.४.४ कार्यक्रमहरू ४३
३.४.५ अपेक्षित उपलब्धिहरू ४८
३.४.६ शिक्षा, विज्ञान तथा नवप्रवर्तनका नतिजा सूचक ४९
३.५ खानेपानी तथा सरसफाई ५०
३.५.१ पृष्ठभूमि ५०
३.५.२ गाउँपालिकामा खानेपानी तथा सरसफाई क्षेत्रमा रहेको सबल पक्ष, दुर्बल पक्ष SWOT विश्लेषण ५१
३.५.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति ५१
३.५.४ कार्यक्रमहरू ५४
३.५.५ अपेक्षित उपलब्धिहरू ५५
३.५.६ खानेपानी तथा सरसफाईका नतिजा सूचक ५५
३.६ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ५५
३.६.१ पृष्ठभूमि ५५
३.६.२ गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रमा रहेको सबल पक्ष, दुर्बल पक्ष SWOT विश्लेषण ५६
३.६.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति ५७
३.६.४ कार्यक्रमहरू ६४
३.६.५ अपेक्षित उपलब्धिहरू ६८
३.६.६ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नतिजा सूचक ६८
३.७ युवा तथा खेलकुद ७१
३.७.१ पृष्ठभूमि ७१
३.७.२ गाउँपालिकामा युवा तथा खेलकुद क्षेत्रमा रहेको सबल पक्ष, दुर्बल पक्ष SWOT विश्लेषण ७२
३.७.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति ७३
३.७.४ कार्यक्रमहरु ८८
३.७.५ अपेक्षित उपलब्धिहरू ९३
३.७.६ युवा तथा खेलकुदको नतिजा सूचक ९३
३.८ संस्थागत व्यवस्था ९४
३.९ कार्यान्वयन योजना ९४
३.१०.१ कार्यान्वयन प्रक्रिया र तालिका ९४
खण्ड - ४: अनुगमन तथा मूल्याङ्कन ९६
४.१ अनुगमन ९६
४.२ मूल्याङ्कन ९८

# खण्ड - १:परिचय

## १.१ पृष्ठभूमि

पछिल्ला केही दशक यता नेपालको मानव विकास सूचकाङ्क क्रमिक सुधार भइरहेको छ । नेपालमा प्रजातन्त्रको पुनः स्थापना हुँदा सन् १९९० मा ०.३८० रहेको मानव विकास सूचकाङ्क सन २०२५ सम्म आइपुग्दा ०.६२२ पुगेको छ । क्षेत्रिय वा प्रादेशिक हिसाबले यसमा समानता नभएता पनि औषतमा यसको प्रगती उत्साहप्रद नै देखिन्छ । यस सूचकाङ्कले नेपाल अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा फड्को मार्ने प्रयत्न जारी रहेको संकेत गर्दछ । विकास मापन गर्ने यो एक सर्वमान्य र सामान्य सूचकाङ्कमा सामाजिक विकासका सबैभन्दा महत्वपूर्ण आयामहरु: शिक्षा, स्वास्थ्य र व्यक्तिगत आय पर्दछन् । यी सम्पूर्ण आयामहरुमा हुने प्रगतीले खासगरी सामाजिक विकासको अवस्था स्पष्ट गर्दछ ।

यस दृष्टिकोणबाट हेर्दा आर्थिक विकास सँगै कुनैपनि स्थानको सामाजिक विकास समेत अपरिहार्य रहेको स्पष्ट हुन्छ । यसै पृष्ठभूमिमा नेपालको संविधानका निर्देशक सिद्धान्त र नीतिहरु, नेपालको दीर्घकालीन सोच वि.सं. २१००, सोह्रौँ योजना, प्रादेशिक योजना तथा दिगो विकास लक्ष्यहरुलाई आधार मानी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को (छ) बमोजिम स्थानीय विकास योजना निर्माणको जिम्मेवारी सम्बन्धित पालिकाको अधिकार क्षेत्रभित्र पर्ने भएकोले सभ्य, सु-संस्कृत, समृद्ध र न्यायपूर्ण समाज निर्माण गर्न बैजनाथ गाउँपालिकाले यो सामाजिक विकास योजना निर्माण गरेको छ ।

## १.२ सामाजिक विकास योजना तर्जुमा सम्बन्धी कानूनी प्रावधानहरु

### १.२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

**नेपालको संविधान २०७२** को **अनुसूची ८** तथा **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को **दफा ११** को **उपदफा २ (छ)** र **दफा २४** बमोजिम नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली लागु भए पश्चात् स्वायत्त स्थानीय सरकारको रूपमा स्थानीयस्तरका विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने अधिकार संघीय तथा प्रादेशिक कानून तथा नीति नियमहरूसँग सङ्गत हुने गरी स्थानीय सरकारलाई नै प्राप्त भएकोले सो वैधानिक व्यवस्था बमोजिम यो सामाजिक विकास योजना निर्माण गरिएको छ । साथै संविधानको मर्मअनुरूप संघीय, प्रादेशिक तथा स्थानीयस्तरमा निर्माण भएका सम्पूर्ण विद्यमान ऐन नियमहरूको सान्दर्भिक प्रावधान अनुरूप योजनालाई अन्तिम रूप दिइएको छ ।

### १.२.२ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

**नेपालको संविधान**को **धारा ५९** बमोजिम विभिन्न तहका सरकारहरूलाई प्राप्त वित्तीय अधिकार तथा धारा ६० बमोजिम राजश्व श्रोतको बाँडफाँट गर्न बनेको यस ऐनले आकर्षित गर्ने प्रावधानहरूलाई समेत राजश्वको अधिकार, त्यसको बाँडफाँट, ऋण, अनुदान, बजेट व्यवस्थापन, सार्वजनिक खर्च र वित्तीय अनुशासन कायम गर्न आवश्यक व्यवस्थाहरू गरेकोले यी पक्षहरूलाई यो योजना निर्माण गर्दा आधार बनाइएको छ ।

### १.२.३ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४

**नेपालको संविधान**को **धारा ६०** को उपधारा ३ मा प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय श्रोत र धारा २५१ अन्तर्गत देशभर छरिएर रहेका प्राकृतिक श्रोतहरूको परिचालनबाट प्राप्त राजश्व वा श्रोतको प्रयोग गर्दा अपनाउनु पर्ने प्रावधानहरू रहेको यस ऐनलाई यस योजना निर्माणमा एक आधारको रूपमा लिएको छ ।

### १.२.४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र नियमावली २०७७

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ ले स्थानीय तहको आर्थिक र वित्तीय स्रोत र क्षमताको बारेमा उल्लेख गर्दछ । यसको दफा ७ ले आवधिक योजनाले प्रक्षेपित गरेको लगानी र वित्तीय आवश्यकताको आधारमा आगामी तीन आर्थिक वर्षको लागि स्थानीय तहको कुल राष्ट्रिय स्रोत अनुमान गर्नुपर्ने व्यवस्था गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गर्दा सम्बन्धित पालिकाको आर्थिक क्षमता हेर्नुपर्ने र त्यसैको आधारमा आयोजना बैङ्कको स्थापना गरी योजनाको कार्यान्वयन गर्नुपर्ने उल्लेख गरिएको छ ।

### १.२.५ संघ, प्रदेश र स्थानीय तहबिचको समन्वय र अन्तरसम्बन्ध सम्बन्धी ऐन, २०७७

यो ऐनले तीन तहका सरकार बिचको समन्वय र अन्तर सम्बन्धको बारेमा उल्लेख गर्दछ । खास गरी राष्ट्रियस्तरका र एक भन्दा बढी प्रदेशमा कार्यान्वयन गर्नुपर्ने आयोजनाको तर्जुमा संघले गर्ने, प्रदेशभित्र पर्ने र प्रदेशबाट कार्यान्वयन हुने आयोजनाको तर्जुमा प्रदेश सरकारले गर्ने तथा स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाको तर्जुमा स्थानीय तहले गर्ने व्यवस्था यो ऐनले गरेको छ । स्थानीय तहले आयोजना तर्जुमा गर्दा संघीय कानूनले तोकेको मापदण्डको आधारमा गर्नुपर्ने र यसको अधिकार सूची र कार्य जिम्मेवारीको विषयमा नेपाल सरकारले आवश्यक सहयोग गर्नुपर्ने व्यवस्था गरिएको छ ।

### १.२.६ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न प्रत्येक स्थानीय तहले अध्यक्ष वा प्रमुखको अध्यक्षतामा बढीमा पन्ध्र जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्ने व्यवस्था यसले गरेको छ । समितिले जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी कार्य सञ्चालन गर्न आवश्यक सम्पूर्ण कार्यहरुको व्यवस्थापन र अनुगमन तथा सञ्चालन गर्नुपर्ने व्यवस्था ऐनले गरेको छ ।

## १.३ सामाजिक विकास योजना तर्जुमा गर्दा लिइएका नीतिगत आधारहरू

### १.३.१ विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय नीतिहरू

यस सामाजिक विकास योजना तयारीका लागि संविधानको धारा ५१ मा रहेका नीतिहरुलाई मूल आधार लिई यस नीतिको अधिनमा रहेका प्रादेशिक तथा स्थानीय नीतिहरुलाई समेत आधार मानी यो योजना तयार गरिएको छ । यस योजना निर्माण गर्न स्थानीय तहहरुले उपयुक्त मानेका निम्न नीतिहरुलाई प्रमुख आधार मानिनुका साथै प्रादेशिक तथा स्थानीय सरकारका सान्दर्भिक नीतिहरूलाई योजना निर्माणको आधार बनाइएको छ ।

## १.३.२ संघीय, प्रादेशिक र स्थानीय तहको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरू

कुनै पनि स्थानीय तहले राष्ट्रिय तथा प्रादेशिक दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरूसँग सामञ्जस्यता कायम गरी तय गरिएका दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरुका मुख्य सोचका आधारहरु निम्न हुन् ।

### (क) दीर्घकालीन सोच वि.सं. २१००

नेपालको राजनीतिक अस्थिरतालाई अन्त्य गरी राज्यको उच्च आर्थिक तथा सामाजिक विकास र समृद्धि प्राप्त गर्ने लक्ष्य लिई उच्च गुणस्तरको मानव पूँजी निर्माण, राजनीतिक जोखिमहरुको कमी, आय वृद्धिलाई प्रोत्साहन गरी वि.सं. २०७९ देखि अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्दै वि.सं.२०८७ सम्ममा दिगो विकासका लक्ष्यहरु हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा रुपान्तरण हुने गरी यस दीर्घकालीन सोच तयार पारिएको छ ।

यस सोचको मूल लक्ष्य सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माण गर्ने हो । यसको मूल रणनीति भनेको आन्तरिक तथा बाह्य स्रोत साधन लगायत अर्थतन्त्रका सहयोगी क्षेत्रको परिचालन मार्फत् रूपान्तरणका कार्यक्रममा लगानी केन्द्रित गर्नु हो । यसर्थ नारामा दीर्घकालीन सोचलाई "समृद्ध नेपाल सुखी नेपाली" तय गरिएको छ । यस सोचको अपेक्षित उपलब्धिमा "समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितका समान अवसर प्राप्त, स्वास्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक" मा नेपाललाई रूपान्तरण गर्ने रहेको छ ।

**दीर्घकालीन सोच वि.सं. २१०० ले लिएका राष्ट्रिय रणनीतिहरू**

- तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि हासिल गर्ने,
- सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चित गर्ने,
- आन्तरिक तथा अन्तरदेशीय अन्तर आबद्धता एवम् दिगो शहर/बस्ती विकास गर्ने,
- उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,
- पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण गर्ने र
- सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता सम्बर्द्धन गर्ने ।

### (ख) सोह्रौं आवधिक योजना (२०८१/८२ - २०८५/८६)

नेपाल सरकारले आ.व. २०८१/८२ देखि सोह्रौं योजना लागू गरेको छ । **"सुशासन, सामाजिक न्याय र समृद्धि"** को सोच सहित साह्रौं पञ्चवर्षीय आवधिक योजना (२०८१/०८२ - २०८५/०८६) तयार गरिएको छ जसलाई अन्तिम रुप दिई कार्यान्वयन प्रकृयामा लगिएको छ । **"समृद्ध नेपाल, सुखी नेपाली"** को दीर्घकालीन सोच सहित मुलुकलाई वि.सं. २१०० सम्ममा सम्मुनत राष्ट्रको स्तरमा पुऱ्याउने, विकासशील र मध्यम आय भएको देशमा स्तरोन्नति गर्ने र दिगो विकास लक्ष्य हासिल गर्ने कार्यक्रम सहित शुरुआत गरिएको १५औं योजनाको दीर्घकालीन सोचलाई यो यो जनाले पनि निरन्तरता दिनेछ ।

सोह्रौं योजनाको सोच **"सुशासन, सामाजिक न्याय र समृद्धि"** रहेको छ भने उद्देश्यहरु निम्न तीन रहेका छन:

१. राजनीतिक, प्रशासनिक, न्यायिक निजी तथा गैर सरकारी क्षेत्रमा सुशासन कायम गर्नु ।
२. स्वास्थ्य, शिक्षा, रोजगारी, आवास, सुरक्षा तथा सार्वजनिक सेवा प्रवाहमा सामाजिक न्याय स्थापित गर्नु ।
३. मानवीय जीवन र राष्ट्रिय अर्थतन्त्रमा समृद्धि हासिल गर्नु ।

### समष्टिगत रणनीति

यो योजनाले निम्न चार समष्टिगत रणनीति तय गरेको छ :

१. विकासका सबै क्षेत्र तथा आयाममा देखिएका संरचनागत अवरोधहरूको पहिचान, सम्बोधन र निराकरण गर्दै उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने ।

२. संघ, प्रदेश र स्थानीय तीनै तह तथा सरकारी, निजी, सहकारी र गैरसरकारी क्षेत्र एवं विकास साझेदार बिचको अन्तरसम्बन्ध र कार्यात्मक क्षमतालाई मजबुत तुल्याउँदै दिगो विकास योजना कार्यान्वयन गर्ने ।

३. विकासका सबै क्षेत्र तथा आयाममा लैङ्गिक मूलप्रवाहीकरण, आधुनिक प्रविधिको प्रयोग, वातावरण संरक्षण र विपद् जोखिम न्यूनीकरणलाई आन्तरिकीकरण गर्ने ।

४. अध्ययन, अनुसन्धान तथा तथ्य र प्रमाणमा आधारित नीति निर्माण एवं विकासका कार्यक्रम कार्यान्वयन गर्ने ।

## १.३.३ दिगो विकासका लक्ष्यहरू

सन् २०१५ मा संयुक्त राष्ट्र संघमा आबद्ध सम्पूर्ण राष्ट्रहरूद्वारा अनुमोदन गरी समग्र विश्व र मानवजातिको दीर्घकालीन सुरक्षा, सुख र समृद्धिका लागि तय गरिएका साझा वैश्विक लक्ष्यरूलाई दिगो विकास लक्ष्य भनिन्छ। संसारभरका सबै मुलुकले सन् २०३० सम्म यी लक्ष्यहरू हासिल गर्नु पर्नेछ। नेपालले समेत अनुमोदन गरेका यी लक्ष्यहरू नेपालका योजना तथा विकासका उद्देश्यहरू हासिल गर्न अति सान्दर्भिक छन्। तसर्थ तल उल्लेखित यी लक्ष्यहरूलाई यो योजना तर्जुमाको आधार बनाइएको छ। कुल सत्रवटा लक्ष्यहरू मध्ये भू-परिवेष्ठित मुलुक भएकोले लक्ष्य १४ नेपालसँग प्रत्यक्ष सम्बन्धित छैन। यी लक्ष्यहरूका १६९ परिमाणात्मक लक्ष्यहरू र २३४ वटा विश्वव्यापी सूचकहरू थपेर कुल ४७९ सूचकहरू निर्धारण गरेकोले यस गाउँपालिकासँग सम्बन्धित लक्ष्य र सूचकहरूलाई समेत यो योजनाले समेट्ने र दिगो विकास लक्ष्यको स्थानीयकरण गर्ने प्रयास गरेको छ। राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिकाका आधारमा दिगो विकास लक्ष्यहरुलाई पालिकाको विशिष्टताका आधारमा स्थानीयकरण गरिएको ।

### राष्ट्रिय तथा प्रादेशिक सरकारका मार्ग निर्देशनहरू

यस गाउँपालिकाको योजना निर्माणका दौरान नेपाल सरकार तथा प्रदेश सरकारले योजना तर्जुमा बजेट तर्जुमा तथा अनुगमन तथा मूल्याङ्कन व्यवस्था साथै आयोजनाको कार्यान्वयनका सन्दर्भमा पटक-पटक गर्ने मार्ग निर्देशनलाई समेत आधार मानी यो योजना निर्माण गरिएको छ।

### अन्तर्राष्ट्रिय सन्धी सम्झौता तथा घोषणापत्रहरू

नेपाल सरकार पक्ष राष्ट्र भई अन्तराष्ट्रिय स्तरमा हस्ताक्षर तथा अनुमोदन गरिएका अन्य सान्दर्भिक घोषणा पत्र तथा सन्धी सम्झौताहरूको मर्महरूलाई समेत ध्यानमा राखिएको उदाहरणका लागि मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्र सन् १९४८, बाल अधिकार सम्बन्धी घोषणापत्र, विश्व संरक्षण नीति (World Conservation Strategies) आदि ।

### स्थानीय तहमा सहभागी राजनीतिक दलहरूको घोषणापत्रहरू

यो योजना निर्माणको दौरान यस गाउँपालिकामा रहेका राजनीतिक दलहरूले विभिन्न तहका चुनाव तथा अन्य समयमा पालिकाबासीका माझ गरेका विकासका राजनीतिक प्रतिबद्धताहरूलाई समेत मध्यनजर गरी ती घोषणा पत्रहरूका मर्मलाई एक वा अर्को तरिकाले सम्बोधन गर्ने प्रयत्न गरिएको छ ।

**गाउँपालिकाको विद्यमान वस्तुगत अवस्था**

गाउँपालिकाको वस्तुगत अवस्था स्थानीय आवश्यकता, समस्या र सम्भावनाहरू यस अन्तर्गत वडा भेला, स्थलगत अध्ययन तथा गाउँपालिका केन्द्रमा विभिन्न समयमा सम्पन्न अन्तरक्रिया तथा सरोकारवालाहरूबाट प्राप्त सुझावका आधारमा गाउँपालिकाको प्रमुख समस्या चुनौती, सम्भावना र आवश्यकता पहिचान गरी सो को SWOT विश्लेषण गरे पश्चात आवश्यक योजनाहरू निर्माण गरिएको हो ।

## १.४ योजनाका सीमाहरू

देशका अन्य स्थानीय तहहरू जस्तै नयाँ अभ्यास र संघीय शासन प्रणाली, कार्यान्वयनको प्रारम्भिक चरणमा नै रहेकोले योजना निर्माणका लागि आवश्यक पूर्ण आधारभूत सूचनाको कमी रहेको छ । कतिपय सूचनाहरू संकलन र प्रशोधन गर्न पर्याप्त बजेट, प्राविधिक तयारी र दक्ष जनशक्तिको आवश्यकता पर्ने र सो को तत्काल व्यवस्था गर्न सहज नभएको परिस्थितीमा उपलब्ध सूचना, समय र बजेटका केही सीमाहरू भित्र रहेर यो योजना तयार पारिएको हो ।

## १.५ योजनाको उद्देश्य

यस सामाजिक विकास योजनाको मूल उद्देश्य गाउँपालिकाको समग्र सामाजिक विकास हासिल गर्न यसले समेट्ने उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा कार्यान्वयन व्यवस्थाका बारेमा सुव्यवस्थित ढंगले योजना तय गर्नु हो । यसका अन्य उद्देश्यहरुमा :

१) सिमित श्रोत र साधनको उच्चतम सदुपयोगबाट दिगो सामाजिक विकास हासिल गर्न मार्गनिर्देश गर्नु ।
२) स्थानीय आवश्यकता बमोजिम योजना निर्माण गर्नु ।
३) पालिकाका सबल तथा दुर्बल पक्ष साथै सम्भावना र अवसरहरुको उजागर गरी लक्ष्य र उद्देश्य तय गर्नु ।
४) सन्तुलित र समन्यायिक सामाजिक विकास हासिल गर्नु ।
५) दिगो विकासका सामाजिक विकास सम्बद्ध लक्ष्य हासिल गर्ने गरी योजनाको तादाम्यता मिलाउनु ।
६) जलवायू परिवर्तन तथा अनुकूलनका मुद्दाहरु सम्बोधन गर्ने कार्यक्रमलाई सामाजिक विकास कार्यक्रमसँग आबद्ध गर्नु ।
७) सिमान्तकृत, उत्पिडित, अल्पसंख्यक, महिला, यौनिक अल्पसंख्यक, बालबालिका, बृद्धबृद्धा, अपाङ्गता भएका र दलित पिछडा लगायतका मुद्दाहरुलाई सम्बोधन गर्ने गरी सामाजिक विकास योजना तर्जुमा गर्नु ।
८) संघीय र प्रादेशिक विकास योजनासँग तादाम्यता मिलाउनु ।
९) स्थानीय श्रोत र साधनको उच्चतम प्रयोग गर्ने गरी योजना निर्माण गर्नु ।
१०) राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति तथा सन्धी महासन्धीका मूल सिद्धान्तहरुलाई अवलम्बन गरी सामाजिक विकासको सुनिश्चितता गर्नु ।

## १.६ योजनाको औचित्य

संविधान र विद्यमान ऐनहरुले प्रत्यायोजन गरेका अधिकारको प्रयोग गरी स्थानीय समस्या र आवश्यकताहरुको पहिचान गरी स्थानीय श्रोत र साधनको प्रयोग मार्फत गाउँपालिकाद्वारा आफ्ना लागि आफैँले सामाजिक विकास योजना निर्माण गरी कार्यान्वयन गर्नु वैधानिक, नीतिगत तथा स्थानीय आवश्यकताका दृष्टिकोणले पूर्णत औचित्यपूर्ण छ ।

## १.७ योजना तर्जुमा प्रक्रिया

यो योजना तयार गर्दा मुख्यतया राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ लाई आधार मानिएको छ । मार्गदर्शनका अलावा राष्ट्रिय, प्रादेशिक र स्थानीय तहमा योजना निर्माण गर्दा अवलम्बन गरिएका असल अभ्यासहरू समेत अनुशरण गरिएको छ । तसर्थ क्रमशः निम्न चरण पूरा गरी यो योजना तयार गरिएको छ ।

१. **योजना तर्जुमा तयारी प्रारम्भिक अभिमूखीकरण**

गाउँ कार्यपालिकाका सम्पूर्ण पदाधिकारीहरू, सामाजिक शाखाका प्रमुख, स्थानीय राजनीतिक दलका अगुवाहरू, बुद्धिजीवी तथा सरोकारवालाहरूको सहभागितामा विज्ञहरूको समेत उपस्थितिमा योजना तयारीका प्राविधिक पक्षहरूको बारेमा बृहत् छलफल र जिम्मेवारी बाँडफाँट गर्ने कार्य सम्पन्न गरियो ।

२. **सामाजिक विकासको विद्यमान स्थितीको समिक्षा**

विकास उपलब्धिको प्रगती विवरण, उपलब्ध सूचना तथा सहभागितामूलक छलफलका आधारमा गत योजनाको कार्यान्वयनबाट हासिल भएका उपलब्धिलाई विषय क्षेत्रगत रुपमा संक्षिप्त समिक्षा गरियो । यसरी समिक्षा गर्दा हासिल भएका उपलब्धिको विवरण गुणात्मक तथा परिमाणात्मक रुपमा उपलब्ध सूचनाको आधारमा पुष्टि हुने गरी प्रस्तुत गरियो ।

३. **पालिकाको समग्र वस्तुस्थिति विवरण संकलन तथा विश्लेषण**

यस अन्तर्गत विज्ञ समूह तथा अध्ययनकर्ताको सहभागितामा प्रत्येक वडाको वस्तुस्थिति, मुख्य सम्भावना, अवसर र चुनौती पहिचान गर्ने हेतुले छलफल र अन्तरक्रिया मार्फत प्राथमिक तथा द्वितीय स्रोतबाट सूचना संकलन गरियो ।

४. **प्राप्त सूचनाहरूको संकलन तथा विश्लेषण**

छलफल र अन्तरक्रियाबाट प्राप्त सूचनाहरूको तालिकीकरण, प्रशोधन पश्चात् समग्र वस्तु स्थितिको SWOT विश्लेषण गरी गाउँपालिकाका सबल पक्ष, दुर्बल पक्ष, सम्भावना र अवसरहरू पहिचान गर्ने कार्य सम्पन्न गरियो ।

६. **सोच, लक्ष्य, उद्देश्य र रणनैतिक कार्यक्रमहरूको समग्र मस्यौदा तयारी तथा प्राथमिकता निर्धारण**

समग्र वस्तु स्थिति विश्लेषण पश्चात् राष्ट्रिय र प्रादेशिक लक्ष्य, योजना र उद्देश्यसँग तादाम्यता हुने गरी स्थानीय सामाजिक आवश्यकता सम्बोधन हुने गरी गाउँपालिकाको सोच, लक्ष्य, उद्देश्य र रणनैतिक कार्यक्रमहरू सहितको मस्यौदा तयार गर्ने कार्य सम्पन्न गरियो ।

७. **उपक्षेत्रगत योजना तर्जुमा**

स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा समितीको लागि गठित विषयगत योजना तर्जूमा समिति तथा सम्बन्धित विषय क्षेत्रका सरोकारवालासँगको सहभागितामा कार्यशाला गोष्ठी तथा परामर्श गरी उपक्षेत्रगत योजनाको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति आयोजना तथा कार्यक्रम र सोको स्थानगत विवरण एवम् नतिजा खाका तयार गरी योजना तर्जुमा गरियो ।

**८. मस्यौदा योजना उपर सरोकारवालासँग अन्तरक्रिया छलफल तथा सुझाव संकलन**

सम्पूर्ण सरोकारवाला तथा गाउँ कार्यपालिकाको सम्पूर्ण पदाधिकारीहरूको उपस्थितिमा योजना मस्यौदा उपर छलफल तथा अन्तरक्रिया गरे पश्चात् थप सल्लाह र सुझावसहित परिमार्जनका लागि मस्यौदा पेश गरी वितरण गरियो ।

**९. एकीकृत दस्तावेज तयारी संशोधन, परिमार्जन पश्चात अन्तिम योजना तयारी तथा स्वीकृति र प्रकाशन**

मस्यौदा उपर छलफल तथा सुझाव संकलन पश्चात् योजनालाई विषय क्षेत्रगत हिसाबले एकीकृत गरी अन्तिम रूप दिएर गाउँ सभा मार्फत् प्रक्रिया पुऱ्याई अनुमोदन गरी सर्वसाधारणका लागि प्रकाशन गर्ने निर्णय गाउँ कार्यपालिकाले गऱ्यो ।

# खण्ड - २: गाउँपालिकाको सामाजिक विकासको वस्तुस्थिति विश्लेषण

यस खण्डमा पालिकाको सामान्य परिचय, समग्र सामाजिक उपक्षेत्रहरुको वस्तुगत अवस्थाको विवरणहरु सहित संक्षिप्त ढंगले विश्लेषण गरिएको छ। सामान्यतया सामाजिक क्षेत्र भित्र पर्ने उपक्षेत्रहरुको क्रमिक रुपमा विश्लेषण गरिएको छ। यसबाट सो क्षेत्रहरुको वर्तमान अवस्थाको बारेमा स्पष्ट हुनुको साथै योजना प्रस्ताव गर्ने आधार तयार हुन्छ जुन निम्नानुसार रहेका छन् :

## २.१ गाउँपालिकाको वस्तुस्थिति विवरण

### २.१.१ गाउँपालिकाको परिचय

लुम्बिनी प्रदेश अन्तर्गत बाँके जिल्लामा अवस्थित बैजनाथ गाउँपालिका नेपाल सरकारको निर्णय अनुसार स्थानीय तहहरुको नयाँ सिमाङ्कन गर्दा मिति २०७३ फागुन २७ गते चिसापानी, नौबस्ता, वनकटवा र टिटिहिरिया गा.वि.स. हरुलाई समायोजन गरी स्थापना भएको हो। प्रशासनिक रुपमा ९ वटा वडामा विभाजन गरिएको यो गाउँपालिका कुल १४१.५० वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ। राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार यस गाउँपालिकाको कुल जनसंख्या ६९,४७२ (पुरुष ३२,०७३ र महिला ३७,३९९) रहेको छ भने कुल घरधुरीको संख्या १६,४६९ रहेको छ। सोही अनुसार लैङ्गिक अनुपात अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ८५.७६ रहनुका साथै जनघनत्व ४९० जना प्रति वर्ग किलोमिटर रहेको छ। पालिकामा रहेको कुल जनसंख्या मध्ये आर्थिक रूपले सक्रिय पुरुषको जनसंख्या १४,१४७ र महिलाको जनसंख्या १३,३८८ जना गरी जम्मा २७,५३५ रहेका छन्। यसैगरी ५ वर्ष वा सो भन्दा माथिको उमेर समूहको साक्षरता दर ७७.९ प्रतिशत रहेको छ। जातजातिका आधारमा जनसंख्याको विवरणलाई हेर्दा सबैभन्दा धेरै २१,१६३ अर्थात ३०.५ प्रतिशत थारु, दोस्रोमा २०,३५० अर्थात २९.३ प्रतिशत क्षेत्री, तेस्रो र चौथोमा क्रमश ११.२ प्रतिशत विश्वकर्मा र ८ प्रतिशत मगर रहेका छन्। ऐतिहासिक, सामाजिक, आर्थिक, राजनीतिक, प्राकृतिक, धार्मिक तथा साँस्कृतिक रुपमा सम्पन्न रहेको यस गाउँपालिकाको नाम शहिद बैजनाथ थारुको नामबाट नामाकरण गरिएको हो। यहाँ विभिन्न समुदायका मानिसहरुको बसोबास रहेको छ तसर्थ उनीहरुका आ-आफ्नै चाडपर्वहरु छन्। यहाँका बासिन्दाहरुले विशेष गरी अटवारी (आइतवारी) पर्व, जनैपूर्णिमा, कृष्णजन्माष्टमी, दशैँ, तिहार, माघी, होली, इद, गुरही र हरेरी आदि मनाउने गर्दछन्।

### २.१.२ भौगोलिक अवस्थिति

भौगोलिक हिसाबले मुलुकको मध्य-पश्चिम दिशामा अवस्थित यस गाउँपालिकालाई महेन्द्र राजमार्ग ( पूर्व पश्चिम राजमार्ग) ले मध्यभागबाट पार गरेको छ। समुन्द्र सतहबाट करिब १४० मिटर देखि ४५० मिटरसम्मको उचाईमा रहेको यो गाउँपालिका भौगोलिक हिसाबले ८१° ३१' ५' पूर्वी देशान्तर देखि ८१° ४४' ११ पूर्वी देशान्तर र २८° ८' ३८' उत्तरी अक्षांश देखि ३०° २०' १६ उत्तरी अक्षांश सम्म फैलिएको छ। यस गाउँपालिकाको पूर्वी सिमानामा कोहलपुर नगरपालिका, पश्चिम सिमानामा मानखोला, उत्तरी सिमानामा बर्दिया जिल्लाको बाँसगढी नगरपालिका र दक्षिण सिमानामा खजुरा गाउँपालिका पर्दछ। यहाँको अधिकांश भू-भाग समथर तराई भू भाग अन्तर्गत पर्ने हुँदा बालुवा र पाँगो मिश्रित अत्यन्त उर्वर माटो पाइन्छ। यहाँ उष्ण प्रकारको हावापानी पाइने हुँदा पुष र माघ महिनामा चिसो हुन्छ भने बैशाख, जेष्ठ तथा असारमा गर्मी हुने गर्दछ। यहाँको न्यूनतम तापक्रम ४.५ डिग्री सेल्सियसदेखि

अधिकतम तापक्रम ४६ डिग्री सेल्सियस पुग्ने गर्दछ भने यहाँ वार्षिक औषत वर्षा १४४५.५८ मिलिलिटर हुने गर्दछ ।

## २.१.३ वडागत क्षेत्रफल, जनसंख्या तथा घरधुरीको विवरण

**तालिका नं. १:** वडागत क्षेत्रफल, जनसंख्या तथा घरधुरीको विवरण

| वडा | घरधुरी | जम्मा जनसंख्या | | | क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|---|---|---|---|
| | | पुरूष | महिला | जम्मा | |
| १ | २०३१ | ४१९८ | ४८१० | ९००८ | ३८.६९ |
| २ | २२७२ | ४०५९ | ५०८१ | ९१४० | १८.१ |
| ३ | २१०१ | ४०४५ | ४७०२ | ८७४७ | १४.२६ |
| ४ | २१४१ | ४२६६ | ४७६७ | ९०३३ | १५.८ |
| ५ | २४६९ | ५०६९ | ५८७६ | १०९४५ | १४ |
| ६ | २३१७ | ४१७४ | ५०५१ | ९२२५ | ८.८७ |
| ७ | ७४५ | १५६३ | १६४५ | ३२०८ | ८.३८ |
| ८ | २३९३ | ४६९९ | ५४६७ | १०१६६ | २३.५७ |
| **जम्मा** | १६४६९ | ३२०७३ | ३७३९९ | ६९४७२ | १४१.६७ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

माथिको तालिकामा प्रस्तुत गरिएको विवरण अनुसार गाउँपालिकामा महिला तथा पुरुष गरी कुल जम्मा ६९,४७२ जनसंख्या र १६,४६९ घरधुरी रहेको रहेको छ । जसमा वडागत जनसंख्याको तुलनात्मक विश्लेषण गर्दा सबैभन्दा धेरै जनसंख्या वडा नं. ५ (जनसंख्या १०,९४५) मा रहेको छ र सबैभन्दा थोरै जनसंख्या वडा नं. ७ (जनसंख्या ३,२०८) रहेका छन् । जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ ।

## २.१.४ उमेर समूह अनुसार जनसंख्या

| उमेर | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| ००-०४ वर्ष | ३००७ | २५८१ | ५५८८ |
| ०५-०९ वर्ष | ३६४३ | ३२७९ | ६९२२ |
| १०-१४ वर्ष | ३७४३ | ३६०० | ७३४३ |
| १५-१९ वर्ष | ३६६१ | ३९१६ | ७५७७ |
| २०-२४ वर्ष | २७६९ | ४०१४ | ६७८३ |
| २५-२९ वर्ष | २३५७ | ३७३७ | ६०९४ |
| ३०-३४ वर्ष | २१०८ | ३३२६ | ५४३४ |
| ३५-३९ वर्ष | २०३६ | २८६१ | ४८९७ |
| ४०-४४ वर्ष | १८०४ | २२८३ | ४०८७ |
| ४५-४९ वर्ष | १४२६ | १६९८ | ३१२४ |
| ५०-५४ वर्ष | १५२२ | १७२३ | ३२४५ |
| ५५-५९ वर्ष | १०८१ | १२२० | २३०१ |
| ६०-६४ वर्ष | ९२८ | ९९२ | १९२० |
| ६५-६९ वर्ष | ७७९ | ८२१ | १६०० |
| ७०-७४ वर्ष | ६५१ | ७५४ | १४०५ |

| उमेर | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| ७५-७९ वर्ष | ३३० | ३६८ | ६९८ |
| ८०-८४ वर्ष | १३६ | १२८ | २६४ |
| ८५-८९ वर्ष | ५४ | ५५ | १०९ |
| ९०-९४ वर्ष | २१ | २४ | ४५ |
| ९५+ वर्ष माथि | १७ | १९ | ३६ |
| जम्मा | ३२०७३ | ३७३९९ | ६९४७२ |
| प्रतिशत | ४६.१७ | ५३.८३ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

प्रस्तुत तालिकाको विवरण अनुसार गाउँपालिकामा जम्मा ३२,०७३ पुरुष, ३७,३९९ जना महिला गरी कूल ६९,४२७ जनसंख्या रहेका छन् । उमेर समूहमा लिङ्ग अनुसार बाहुल्यताको विवरण हेर्दा १४ वर्ष सम्म पुरुषको बाहुल्यता, ३० देखि ४९ वर्ष उमेर समूहमा महिलाको बाहुल्यता, ५५ देखि ५९ उमेर समूहमा महिलाको बाहुल्यता रहेको छ भने ७५ वर्ष र सो भन्दा माथिको उमेर समूहमा पनि महिलाको बाहुल्यता रहेको छ । जसको विस्तृत विवरण माथिको तालिकामा प्रस्तुत गरिएको छ ।

## २.१.५ भौतिक पूर्वाधारको अवस्था

भौतिक र संगठनात्मक संरचनाहरु र सुविधाहरु जस्तै भवनहरु, सडकहरु, विद्युत आपूर्ति उद्योग समाज विकासको लागि आवश्यक पूर्वाधारहरु हुन् । जसमा सडक सञ्जालले कुनै पनि स्थानको भौतिक विकासको निम्ति प्रमुख भूमिका खेलेको हुन्छ । सम्पूर्ण सुविधा सम्पन्न सडक यातायातको विकाससँगै समग्र विकासको ढोका खुल्दछ । स्थानीय तहको हकमा वडा केन्द्रहरूलाई पालिका केन्द्रसँग जोड्नु तथा पालिका केन्द्रलाई जिल्ला सडक हुँदै राष्ट्रिय राजमार्ग प्रणालीमा जोड्नु आवश्यक हुन्छ । गाउँबस्तीहरूमा कृषि सडकहरूको विकास र स्तरोन्नति मार्फत् कृषि उत्पादनहरूको बजारीकरण गरी जनताको आर्थिक अवस्थालाई मजबुत बनाउन सकिन्छ । सुविधा सम्पन्न सडक सञ्जाल मार्फत उद्योग तथा पर्यटन क्षेत्रको विकास गरी आर्थिक क्रान्ति सम्भव छ । यसको अलावा धार्मिक क्षेत्रहरूमा सडक सञ्जाल मार्फत पहुँच पुऱ्याएर आन्तरिक तथा बाह्य पर्यटकहरू आकर्षित गर्न सकिन्छ । बैजनाथ गाउँपालिकाको सडक यातायातको अवस्थालाई हेर्दा सन्तोषजनक रहेको छ । यहाँ सडक यातायातका लागि राष्ट्रिय राजमार्गहरु जस्तै पूर्व-पश्चिम राजमार्ग (महेन्द्र राजमार्ग), रत्न राजमार्ग मुख्य हुन् ।

राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार यहाँका कुल घरपरिवार संख्या १६,४६९ मध्ये बिजुली बत्ती बाल्नेको संख्या १६,२६५ अर्थात ९८.७६ प्रतिशतले मुख्य इन्धनको रुपमा विद्युतको प्रयोग गर्ने गर्दछन् भने ११३ अर्थात ०.६९ प्रतिशतले सोलारको प्रयोग गर्ने गर्दछन् ।

सूचना प्रविधि अहिलेको दैनिक जीवनको महत्वपूर्ण र अपरिहार्य साधन बनेको हुँदा यसको उपयोग बिना मान्छे नै अपूर्ण हुने अवस्था आएको छ । नागरिकको जीवनसँग सूचना प्रविधि जोड्ने देशहरुले नै अहिले विकासको लय समातेको अवस्थामा यस पालिकामा पनि सूचना र प्रविधिको विकास सुरुवाती चरणमा रहेको छ । यहाँ NTC तथा NCELL को मोबाइल सेवा, निजी क्षेत्रबाट विभिन्न इन्टरनेट सेवा प्रदायक संस्थाहरुले इन्टरनेट सेवा प्रदान गर्दै आएका छन् भने राष्ट्रिय दैनिक पत्रिका जस्तै कान्तिपुर दैनिक, गोरखापत्र दैनिक, अन्नपूर्ण पोष्ट, नागरिक दैनिक, नयाँ पत्रिका दैनिक, राजधानी दैनिक, मध्यान्ह दैनिक आदिको आपूर्ति हुने गरेको छ । यसका साथै डीसहोम मार्फत टेलिभिजन प्रसारण हुँदै आएकाले गाउँपालिकाबासीले विभिन्न

किसिमका समाचारका साथै मनोरञ्जनात्मक कार्यक्रम हेर्ने मौका पाएका छन् । यसका साथै गाउँपालिकाको वडा नं. ७ पेडारीमा फेमस एफ.एम. रेडियो स्टेशन ९४.३ मेगाहर्ज सञ्चालनमा रहेको छ ।

राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार बसोबासका लागि प्रयोग हुने घरको छानोको आधारमा हेर्दा जम्मा १६,४६९ घरधुरी रहेकोमा सिमेन्ट ढलान भएका परिवार सबैभन्दा बढी ७,०७९ अर्थात ४२.९८ प्रतिशत रहेका छन् । त्यसैगरी टिन तथा जस्ताको छानो भएका घर परिवार संख्या ५,९७२ अर्थात ३६.२६ प्रतिशत रहेका छन् । यसैगरी भुँइको आधारमा सिमेन्ट ढलान भएको घरधुरी संख्या सबैभन्दा बढी ८,६२८ अर्थात ५२.३९ प्रतिशत रहेका छन् भने माटोको भुँइ भएका परिवार संख्या ७,०९५ अर्थात ४३.०८ प्रतिशत रहेका छन् ।

## २.२ सामाजिक विकासको विश्लेषण

### २.२.१ स्वास्थ्य तथा पोषण

गाउँपालिकामा हाल सामान्यस्तरको स्वास्थ्य सेवाहरू यहाँ रहेका विभिन्न स्वास्थ्य संस्थाहरु मार्फत प्रदान भइरहेको पाइन्छ । हाल गाउँपालिका भित्र ४ वटा आधारभुत स्वास्थ्य केन्द्र, ३ वटा स्वास्थ्य चौकी, १ वटा प्राथमिक स्वास्थ्य केन्द्र तथा टिटिहिरीया आयुर्वेद औषधालय मार्फत स्वास्थ्य सेवा प्रवाह भई रहेको छ । यहाँ निजी तवरबाट प्राकृतिक चिकित्सा केन्द्र, आयुर्वेद केन्द्रहरु पनि संचालनमा रहेका छन् ।

### २.२.२ शैक्षिक विकास

राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार यहाँको साक्षरता प्रतिशत ७७.९ रहेको छ, जसमध्ये पुरुष साक्षरता प्रतिशत ८५ र महिला साक्षरता प्रतिशत ७२.१ प्रतिशत रहेको छ । गाउँपालिकाको शैक्षिक अवस्थालाई हेर्दा यहाँ ३५ वटा सामुदायिक विद्यालय र २१ वटा संस्थागत गरी ५६ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् । यसैगरी यहाँ ४ वटा बाल विकास केन्द्र, २ वटा सि.टि.ई.भि.टी. बाट सम्बन्धन प्राप्त प्राविधिक शिक्षालय र २ वटा मदरसा विद्यालय सञ्चालनमा रहेका छन् । गाउँपालिकाको साक्षरता सम्बन्धी विस्तृत विवरण तलको तालिकामा समावेश गरिएको छ ।

गाउँपालिकाको साक्षरता सम्बन्धी विस्तृत विवरण

| वडा नं. | लिङ्ग | ५ वर्ष माथिको जनसंख्या | जनसंख्या | | | उल्लेख नभएको | साक्षरता दर |
|---|---|---|---|---|---|---|---|
| | | | पढ्न लेख्न सक्ने | पढ्न मात्र सक्ने | पढ्न तथा लेख्न नसक्ने | | |
| १ | जम्मा | ८३०४ | ६६०२ | ८६ | १६१० | ६ | ७९.५० |
| | पूरुष | ३७९० | ३२५७ | ४२ | ४८७ | ४ | ८५.९४ |
| | महिला | ४५१४ | ३३४५ | ४४ | ११२३ | २ | ७४.१० |
| २ | जम्मा | ८३८५ | ६४५० | १० | १९२० | ५ | ७६.९२ |
| | पूरुष | ३६५१ | ३०८१ | २ | ५६७ | १ | ८४.३९ |
| | महिला | ४७३४ | ३३६९ | ८ | १३५३ | ४ | ७१.१७ |
| ३ | जम्मा | ८०४४ | ६२३४ | ५१ | १७५९ | ० | ७७.५० |

| वडा नं. | लिङ्ग | ५ वर्ष माथिको जनसंख्या | जनसंख्या | | | उल्लेख नभएको | साक्षरता दर |
|---|---|---|---|---|---|---|---|
| | | | पढ्न लेख्न सक्ने | पढ्न मात्र सक्ने | पढ्न तथा लेख्न नसक्ने | | |
| | पूरुष | ३६६८ | ३०८८ | २९ | ५५१ | ० | ८४.१९ |
| | महिला | ४३७६ | ३१४६ | २२ | १२०८ | ० | ७१.८९ |
| ४ | जम्मा | ८३३० | ६६१५ | ३३ | १६७८ | ४ | ७९.४१ |
| | पूरुष | ३८८६ | ३३५३ | ७ | ५२५ | १ | ८६.२८ |
| | महिला | ४४४४ | ३२६२ | २६ | ११५३ | ३ | ७३.४० |
| ५ | जम्मा | १००२७ | ७५८५ | १५ | २४२० | ७ | ७५.६५ |
| | पूरुष | ४५८८ | ३७९२ | ७ | ७८४ | ५ | ८२.६५ |
| | महिला | ५४३९ | ३७९३ | ८ | १६३६ | २ | ६९.७४ |
| ६ | जम्मा | ८४८३ | ६९४७ | १७ | १५१३ | ६ | ८१.८९ |
| | पूरुष | ३७७० | ३३२३ | ५ | ४३९ | ३ | ८८.१४ |
| | महिला | ४७१३ | ३६२४ | १२ | १०७४ | ३ | ७६.८९ |
| ७ | जम्मा | २९६७ | २२५४ | ७ | ७०४ | २ | ७५.९७ |
| | पूरुष | १४३७ | १२१९ | ४ | २१२ | २ | ८४.८३ |
| | महिला | १५३० | १०३५ | ३ | ४९२ | ० | ६७.६५ |
| ८ | जम्मा | ९३४४ | ७११० | ३१ | २१९८ | ५ | ७६.०९ |
| | पूरुष | ४२७६ | ३५८१ | १० | ६८२ | ३ | ८३.७५ |
| | महिला | ५०६८ | ३५२९ | २१ | १५१६ | २ | ६९.६३ |
| जम्मा | जम्मा | ६३८८४ | ४९७९७ | २५० | १३८०२ | ३५ | ७७.९५ |
| | पूरुष | २९०६६ | २४६९४ | १०६ | ४२४७ | १९ | ८४.९६ |
| | महिला | ३४८१८ | २५१०३ | १४४ | ९५५५ | १६ | ७२.१० |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

**तालिका नं. २:** गाउँपालिकामा रहेका सामुदायिक विद्यालय सम्बन्धी विवरण

| क्र.स. | विद्यालयको नाम | विद्यार्थी संख्या | | |
|---|---|---|---|---|
| | | छात्रा | छात्र | कुल जम्मा |
| १ | श्री ज्योती आधारभूत विद्यालय | ५८ | ६२ | १२० |
| २ | श्री ने.रा.मा.वि, लालपुर | २५३ | २२४ | ४७७ |
| ३ | श्री सम्झना आधारभूत विद्यालय | ४७ | ४३ | ९० |
| ४ | श्री सुन्दर आधारभूत विद्यालय | १११ | ९९ | २१० |
| ५ | श्री ने.रा.मा.वि, गुरुवागाउँ | २१२ | १९४ | ४०६ |
| ६ | श्री सिंह भवानी आधारभूत विद्यालय | ७५ | ६२ | १३७ |

| क्र.स. | विद्यालयको नाम | विद्यार्थी संख्या | | |
|---|---|---|---|---|
| | | छात्रा | छात्र | कुल जम्मा |
| ७ | श्री नेपाल राष्ट्रिय सेकेन्डरी विद्यालय | १५१ | १४८ | २९९ |
| ८ | श्री पर्वत सेकेन्डरी स्कुल | ८४१ | ७२६ | १५६७ |
| ९ | श्री ईश्वरी मा.वि. यच गाउँ | १३५ | १५० | २८५ |
| १० | श्री सुर्य ज्योती प्राथमिक विद्यालय, पर्शुरामपुर | १३ | १३ | २६ |
| ११ | श्री जन जागरण आधारभूत स्कुल | १०९ | ९१ | २०० |
| १२ | श्री दहित आधारभूत स्कुल | ६५ | ८० | १४५ |
| १३ | श्री रारा सेकेन्डरी स्कुल | १७० | १७१ | ३४१ |
| १४ | श्री सुर्योदय माध्यामिक विद्यालय | ५२३ | ४१३ | ९३६ |
| १५ | श्री सरस्वती प्राथमिक स्कुल, बैजनाथ-२ | ४५ | ४२ | ८८ |
| १६ | श्री सरस्वती आधारभूत विद्यालय | १२७ | ८३ | २१० |
| १७ | श्री सरस्वती माध्यामिक विद्यालय, बैजनाथ-३ | २८७ | २६८ | ५५५ |
| १८ | श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय | ४० | ३२ | ७२ |
| १९ | श्री वि.पी मेमोरियल सेकेन्डरी स्कुल | २३१ | १९६ | ४२७ |
| २० | श्री नेपाल राष्ट्रिय सेकेन्डरी स्कुल, बैजनाथ-३ | २९१ | २७२ | ५६३ |
| २१ | श्री नेपाल राष्ट्रिय सेकेन्डरी स्कुल, बैजनाथ-४ | २२७ | १६५ | ३९२ |
| २२ | श्री जनता आदर्श माध्यामिक विद्यालय | ४५० | ३६४ | ८१४ |
| २३ | श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय | ३८ | ३९ | ७७ |
| २४ | श्री समावेशी सेकेन्डरी स्कुल, | ३६२ | ३०२ | ६६४ |
| २५ | श्री बागेश्वरी सेकेन्डरी स्कुल | २५० | २३३ | ४८३ |
| २६ | श्री संविधान सभा प्राथमिक विद्यालय | १२ | ११ | २३ |
| २७ | श्री दिलराम प्राथमिक विद्यालय | १९ | २५ | ४४ |
| २८ | श्री अमर ज्योति प्राथमिक विद्यालय | ६० | ५४ | ११४ |
| २९ | श्री सरस्वती प्राथमिक विद्यालय | ४६ | २३ | ६९ |
| ३० | श्री शंकर माध्यामिक विद्यालय | ८१ | ७५ | १५६ |
| ३१ | श्री लक्ष्मी प्राथमिक विद्यालय | ३५ | ३६ | ७१ |
| ३२ | श्री जन सहयोग आधारभूत विद्यालय | ८९ | ६३ | १५२ |
| ३३ | श्री दुर्गा आधारभूत विद्यालय | १२१ | १३७ | २५८ |
| ३४ | श्री भगवती सेकेन्डरी स्कुल | १७६ | १४६ | ३२२ |
| ३५ | श्री नेपाल राष्ट्रिय सेकेन्डरी स्कल | ७३ | ७६ | १४९ |
| **जम्मा** | | ५८२३ | ५११८ | १०९४२ |

*स्रोत : गाउँपालिकाको कार्यालय*

**तालिका नं. ३:** गाउँपालिकामा रहेका संस्थागत विद्यालय सम्बन्धी विवरण

| क्र.स. | विद्यालयको नाम | विद्यार्थी संख्या | | |
|---|---|---|---|---|
| | | छात्रा | छात्र | कुल जम्मा |
| १ | दिप ओसन एकेडेमी | ५९ | ७१ | १३० |
| २ | सम्झना इलाइट एकेडेमी | ३७० | ४५१ | ८२१ |
| ३ | अन्नपूर्ण विद्या निकेतन | ८९ | ११८ | २०७ |
| ४ | अरनिको युनाइटेड पब्लिक स्कुल | १५५ | २०३ | ३५८ |

| क्र.स. | विद्यालयको नाम | विद्यार्थी संख्या | | |
|---|---|---|---|---|
| | | छात्रा | छात्र | कुल जम्मा |
| ५ | भेरी फ्युचर स्टार इंग्लिस स्कुल | २६४ | ३९६ | ६६० |
| ६ | श्री सरस्वती इंग्लिस मिडीयम सेकेन्डरी स्कुल | ३०० | ३८८ | ६८८ |
| ७ | हिमालय विद्या निकेतन | ५८३ | ८८४ | १४६७ |
| ८ | दिप ज्योति सेकेन्डरी स्कुल | २६४ | ४४५ | ७०९ |
| ९ | क्रियटिभ सेकेन्डरी एकेडेमी | १३८ | १६५ | ३०३ |
| १० | स्काई ल्यान्ड इंग्लिस मीडियम स्कुल | २४९ | ३६८ | ६१७ |
| ११ | प्रयान्त इंग्लिस मीडियम स्कुल | २३ | ३६ | ५९ |
| १२ | श्री भृकुटी इंग्लिस मीडियम स्कुल | २७८ | ३७७ | ६५५ |
| १३ | डायनामिक इंग्लिस मीडियम स्कुल | ६७९ | १००० | १६७९ |
| १४ | दिपज्योती विद्या निकेतन | २९७ | ४५३ | ७५० |
| १५ | आपुस्टार एकेडेमी | ११२ | १५० | २६२ |
| १६ | ओसीस बाल इंग्लिस बोर्डिङ स्कुल | १०७ | १०५ | २१२ |
| १७ | होराईजन एकेडेमी बैजनाथ | ३६१ | ४८४ | ८४५ |
| १८ | नोवेल इंग्लिस मीडियम स्कुल | २३५ | ३८७ | ६२२ |
| १९ | मेरी माउन्ट एकेडेमी | २१९ | २९२ | ५११ |
| २० | लिटील फ्लावर एकेडेमी | १९२ | ३२१ | ५१३ |
| २१ | मदर ल्यान्ड इंगिलस बोर्डिङ स्कुल | ४० | ४० | ८० |
| **जम्मा** | | ५०१४ | ७१३४ | १२१४८ |

*स्रोत : गाउँपालिकाको कार्यालय*

## २.२.३ खानेपानी तथा सरसफाई

गाउँपालिकाको अधिकांश भू-भाग समथर भएकाले भूमिगत जलस्रोत पर्याप्त मात्रामा रहेको छ। राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार यहाँ जम्मा १६,४६९ घरधुरी मध्ये सामान्यतया धारा/पाइप (घरपरिसर भित्र) को पानी पिउने परिवारको संख्या ६०७ अर्थात ३.६९ प्रतिशत यसैगरी, धारा/पाइप (घरपरिसर बाहिर) को पानी पिउनेको संख्या ९४५ अर्थात ५.७४ प्रतिशत रहेको छ। ट्युवेल/हेण्डपम्पबाट पानी पिउने परिवार संख्या सबैभन्दा धेरै १४,१९६ अर्थात ८६.२० प्रतिशत रहेका छन्। तथापी यहाँ अझैपनि सुरक्षित तथा स्वच्छ खानेपानीको पहुँचबाट धेरै घरधुरीहरु टाढा रहेको अवस्था छ। यसैगरी शौचालयको सुविधाको आधारमा घरपरिवार संख्यालाई हेर्दा सबैभन्दा धेरै १०,४९९ अर्थात ६३.७५ प्रतिशतले साधारण चर्पीको प्रयोग गर्ने गर्दछन् भने दोस्रोमा ५,१३० अर्थात ३१.१५ प्रतिशतले फ्लस भएको (सेप्टि ट्याङ्क) प्रयोग गर्ने गर्दछन्। यसैगरी २५५ अर्थात १.५५ प्रतिशतले फ्लस भएको (सार्वजनिक ढल), ७८ अर्थात ०.४७ प्रतिशतले सार्वजनिक शौचालय प्रयोग गर्ने गरेका छन् भने ५०७ अर्थात ३.०८ प्रतिशतले चर्पीको प्रयोग नगरी खुल्ला स्थानहरुमा दिसा पिसाब गर्ने गरेको देखिन्छ।

## २.२.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

सामाजिक जागरणको पर्याप्तता नभएको, राजनीतिक चेतनाको परिपक्वता भैनसकेको र पुरानो सामाजिक, जातिय, लैङ्गिक तथा वर्गीय स्वरुपको समाजमा व्यापक रुपान्तरण समेत भई नसकेकाले नेपालमा लैङ्गिक समानता, ज्येष्ठ नागरिकको सम्मान र सामाजिक सुरक्षा, अपाङ्गता भएका व्यक्तिको अधिकार र कठिनाईहरूको

सम्बोधन तथा समग्र सामाजिक समावेशीकरणका मुद्दाहरू सामाजिक विकासका दृष्टिले केन्द्रिय भागमै रहेका छन् । यसर्थ यस गाउँपालिकामा समेत यी सवालहरूको व्यापक सान्दर्भिकता रहेको र विकास योजनाले यी विषयहरूलाई महत्व दिएर समेट्नु पर्ने देखिन्छ । राष्ट्रिय जनगणना २०७८, को तथ्याङ्क अनुसार यहाँको जम्मा जनसंख्या मध्ये ३७,३९९ अर्थात ५३.८३ प्रतिशत महिलाको जनसंख्या रहेको छ । यसैगरी गाउँपालिकामा १४ बर्ष मुनीका बालबालिकाको संख्या १९,८५३ अर्थात २८.५८ प्रतिशत रहेकोमा ९,४६० जना बालिका र १०,३९३ जना बालकहरु रहेका छन् । यहाँ ८० वर्ष उमेर समूह भन्दा माथिका व्यक्तिहरुको संख्या ४५४ रहेकोमा २२८ जना पुरुष र २२६ जना महिलाहरु रहेका छन् । यहाँको जम्मा जनसंख्या मध्ये १,९२८ जना अपाङ्गता भएका व्यक्तिहरु रहेका छन् ।

## २.२.५ युवा तथा खेलकुद

राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार बैजनाथ गाउँपालिका भित्र १५ देखि ३९ वर्ष सम्मका सकृय यूवाको संख्या ३०,७८५ अर्थात ४४.३१ प्रतिशत रहेको छ । जसमध्ये महिलाको संख्या १७,८५४ र पुरुषको संख्या १२,९३१ जना रहेको छ । देशको प्रमुख श्रम शक्ति, मानव संसाधन र उर्जाको आधार स्तम्भ नै यी युवाहरू हुन् । युवाको सामर्थ्यलाई पूर्णत सदुपयोग गरेका राष्ट्रहरूले नै ठूलो फड्को मारेका छन् । काम गर्न सक्ने उच्च सक्रिय उमेरको जनसंख्या नै जनसांख्यिक लाभांश हो । हाल गाउँपालिकाको वडा नं. १ मा मेडिकल कलेज खेलमैदान, गाभर खेलमैदान, च्यामा खेलमैदान, वडा नं. ३ मा बैरहवा खेलमैदान, बनखेत खेलमैदान, प्लानचौर खेलमैदान, सुतैया खेलमैदान, वडा नं. ५ मा शिवालय खेलमैदान र वडा नं. ६ मा न्यु हरियाली खेलमैदान, अठाईस घर खेलमैदान, ईमिली टोल खेलमैदान सञ्चालनमा रहेका छन् । गाउँपालिकामा मनोरञ्जनको लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेलकुद मैदानहरू नभएपनि भलिबल तथा फुटबल मैदानहरू खुल्ला जमिन, चौर, पार्कहरूमा यहाँका मानिसहरूले मनोरञ्जन लिने गरको पाइन्छ तर ती खुला जमिन, चौर तथा खेलमैदान व्यवस्थित मैदानको रुपमा विकसित भइसकेका छैनन् ।

# खण्ड - ३: सामाजिक विकास रणनीतिक योजना

## ३.१ सामाजिक विकास योजनाका निर्देशक सिद्धान्त

सामाजिक विकास मार्फत आम नागरिकको जीवनमा सकारात्मक रूपान्तरण गरी सुखी र समृद्ध समाजको निमार्ण गर्न सामाजिक विकास योजनाका समग्र कार्यक्रमहरू लक्षित रहनेछन् । यसर्थ यी कार्यक्रमहरुको सफल कार्यान्वयन गरी अपेक्षित उपलब्धिहरू हासिल गर्न तय गरिएका मूल निर्देशक सिद्धान्तहरू निम्न बमोजिम छन् :

१. सामाजिक विकासका पूर्वाधार निर्माण सँगै आम नागरिकका दैनिक आधारभूत आवश्यकता पूर्ति हुने गरी प्रत्यक्ष योगदान पुऱ्याउने कार्यक्रम कार्यान्वयन
२. शान्त, सौहाद्र, समतामूलक, समावेशी, सामाजिक र साँस्कृतिक विकास
३. समाजवाद उन्मुख आत्मनिर्भर अर्थतन्त्र
४. दिगो, सन्तुलित र हरित अर्थतन्त्रमा आधारित विकास
५. दक्ष मानव संसाधन निर्माण
६. युवा उद्यमी तथा रोजगार केन्द्रीत विकास
७. रैथाने सँस्कृति, भूगोल, सम्भावना, पहिचान तथा परिवेशमा आधारित विकास
८. सार्वजनिक, निजी, सहकारी र सामुदायिक सहभागितामा आधारित विकास
९. असल शासन र उत्तरदायी स्थानीय सरकार
१०. संघीय, प्रादेशिक तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरुलाई स्थानीयकरण गर्दै दिगो विकास लक्ष्य हासिल तर्फको विकास यात्रा
११. सूचना प्रविधिमा आधारित विकास

## ३.२ दिर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरू

**दिर्घकालिन सोच**

**"सामाजिक न्यायमा आधारित सभ्य, सु-संस्कृत र सौहार्दपूर्ण समाज"**

**लक्ष्य**

**"संविधानको मौलिक हक अन्तर्गत सामाजिक जीवनका आयामहरुको विकास र सुनिश्चितता गरी सुखी समाजको निर्माण गर्नु"**

**उद्देश्यहरू**

१) पालिकामै आधारभूत स्वास्थ्य सेवा सर्वसुलभ तुल्याउने ।
२) आधारभूत शिक्षाको सुनिश्चितता गरी सबैको पहुँच स्थापित गरी विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने विद्यार्थी उत्पादन गर्नु ।
३) सामाजिक न्यायका आधारमा राज्यका सेवा तथा सुविधामा सम्पूर्ण नागरिकको समान पहुँच सुनिश्चित गर्नु ।
४) सम्पूर्ण परिवारलाई आधारभूत सरसफाई, स्वच्छ र सुरक्षित खानेपानीको प्रबन्ध गर्नु ।
५) यूवा स्वरोजगार तथा नेतृत्व विकास लगायत यूवाका मुद्धाहरुको सम्बोधन गर्नु ।
६) खेलकुद क्षेत्रको यथोचित विकास गरी स्वस्थ र गतिशील नागरिक निर्माण गर्नु ।
७) समाजमा शान्ति र अमन चयन कायम गर्नु ।

८) सामाजिक क्षेत्रसँग सम्बन्धित अन्य विविध विषयहरुलाई सम्बोधन गर्नु ।

यि मूलभूत उद्देश्यहरु हासिल गर्न सामाजिक क्षेत्रका उपक्षेत्रगत उद्देश्य र तिनका रणनीति, कार्यनीति र कार्यक्रमहरुमार्फत योजनालाई व्यवस्थित रुपमा कार्यान्वयन गरिनेछ । सामाजिक क्षेत्रका उपक्षेत्रगत योजनाहरु देहाय बमोजिम रहेका छन् ।

## ३.३ स्वास्थ्य

### ३.३.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको छ । उपधारा १ मा प्रत्येक "नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन" भनि उल्लेख गरिएको छ । यसै हकको कार्यान्वयन गराउने दायित्व स्थानीय सरकारको भएकोले पालिकामा आधारभूत स्वास्थ्य पूर्वाधार र सेवाहरूको प्रबन्ध हुन अपरिहार्य छ । पालिकामा हाल सामान्यस्तरको स्वास्थ्य सेवाहरू यहाँ रहेका विभिन्न स्वास्थ्य संस्थाहरु मार्फत प्रदान भइरहेको छ । यहाँ ४ वटा आधारभुत स्वास्थ्य केन्द्र, ३ वटा स्वास्थ्य चौकी, १ वटा प्राथमिक स्वास्थ्य केन्द्र तथा टिटिहिरीया आयुर्वेद औषधालय मार्फत स्वास्थ्य सेवा प्रवाह भईरहेको छ । यहाँ निजी तवरबाट प्राकृतिक चिकित्सा केन्द्र, आयुर्वेद केन्द्रहरु पनि संचालनमा रहेका छन् । भने स्वास्थ्य सेवाका लागि आवश्यक सुविधा सम्पन्न अस्पताल र विशेषज्ञ सेवाको अभाव रहेको छ ।

### ३.३.२ गाउँपालिकामा स्वास्थ्य क्षेत्रमा रहेको सबल पक्ष, दुर्बल पक्ष SWOT विश्लेषण

| सबल पक्षः मुख्य सम्भावना र अवसरहरू |
|---|
| ▪ पालिकाका स्वास्थ्य संस्थाहरूबाट खोप सेवा, परिवार नियोजन सेवा लगायत स्वास्थ्यका विभिन्न आधारभूत सेवा उपलब्ध हुँदै आएको । |
| ▪ प्रत्येक वडामा स्वास्थ्य स्वयमसेविका मार्फत परिवार नियोजन सेवा, प्रजनन तथा प्रसुती सेवा तथा पोषण सेवा लगायतका स्वास्थ्य सेवाहरु सञ्चालनमा रहेका । |
| ▪ निःशुल्क वितरण गरिने औषधीको आपूर्तिलाई सहज गराउन सकिने । |
| ▪ वैकल्पिक चिकित्सा पद्दती जस्तै जडीबुटी, होमियोप्याथी, प्राकृतिक चिकित्सा, योग तथा ध्यान केन्द्रको व्यवस्था गर्न सकिने । |
| ▪ विद्यमान स्वास्थ्य पूर्वाधारहरूलाई स्तरोन्नति गरी तिनीहरूको सेवा प्रभावकारी बनाउन सकिने । |
| ▪ खोप केन्द्रलाई चुस्त दुरुस्त बनाउन सकिने । |
| ▪ प्रत्येक वडामा बर्थिङ सेन्टरहरू निर्माण गरी सेवा प्रदान गर्न सकिने । |
| ▪ स्वास्थ्य संस्थाहरुको स्तरोन्नति गरी थप सेवा सुविधा प्रदान गर्न सकिने । |
| ▪ प्रत्येक वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण गरी पालिकाबासीमा स्वास्थ्य सेवाको पहुँच विकास गर्न सकिने । |
| ▪ महिला स्वास्थ्य स्वयंसेवीकालाई थप सबलीकरण गरी स्वास्थ्य सेवामा परिचालन गर्न सकिने । |
| ▪ एम्बुलेन्स सेवा थप गरी ज्येष्ठ नागरिक तथा गर्भवती महिलालाई सुत्केरी हुने समयमा गाउँपालिकाबाट निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्न सकिने । |

| दुर्बल पक्षः प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ गाउँपालिका भित्रका सबै स्वास्थ्य चौकीमा निःशुल्क वितरण गरिने औषधीको कमी । |

| दुर्बल पक्षः प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ स्वास्थ्य चेतना अभावका कारण बालबालिका, महिला तथा प्रजनन् स्वास्थ्य, ज्येष्ठ नागरिकहरूको स्वास्थ्य र समग्र सामुदायिक स्वास्थ्य जोखिममा पर्न सक्ने । |
| ▪ समग्र स्वास्थ्य क्षेत्रको सुधारका लागि ठूलो आकारको बजेट तथा कर्मचारी र विशेषज्ञहरूको प्रबन्ध गर्न । |
| ▪ स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीको स्तर वृद्धि गरी सुविधा सम्पन्न बनाउनुपर्ने । |
| ▪ आधारभूत तहबाट नै पूर्वाधारहरूको विकास गर्न ठूलो बजेटको व्यवस्थापन गर्ने चुनौती रहेको । |

### ३.३.३ दिर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरू

**दीर्घकालीन सोच**

**घरदैलोमै आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता**

**लक्ष्य**

**आगामी पाँच वर्ष भित्र आधारभूत स्वास्थ्य पूर्वाधार निर्माण सम्पन्न गरी आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने ।**

**उद्देश्यहरू**

उद्देश्य १: आधारभूत स्वास्थ्य, सरसफाई, प्रदुषण नियन्त्रण, प्रजनन् स्वास्थ्य, परिवार नियोजन, मातृशिशु कल्याण, स्वच्छ पिउने पानीको प्रवन्ध तथा पोषणको व्यवस्थापन गरी नागरिकको स्वास्थ्य सम्बन्धी मौलिक अधिकार प्रत्याभूत गर्नु ।

उद्देश्य २: गुणस्तरीय खाद्यान्न र आधारभूत पोषणको प्रत्याभूति गर्नु ।

उद्देश्य ३: अस्पताल तथा स्वास्थ्य संस्थाको स्थापना गर्नु

उद्देश्य ४: रक्तसञ्चार सेवा सहित सम्पूर्ण आधारभूत स्वास्थ्य सेवा सुनिश्चित हुने गरी स्वास्थ्य पूर्वाधार विकास प्रक्रियालाई क्रमशः अगाडि बढाउनु ।

उद्देश्य ५: फार्मेसी तथा औषधी पसलहरुको स्थापना, अनुमती, अनुगमन तथा नियन्त्रण गर्नु ।

उद्देश्य ६: महामारी जन्य रोग तथा नसर्ने रोग नियन्त्रण तथा विपद् व्यवस्थापन गर्नु ।

उद्देश्य ७: स्वास्थ्य सूचना प्रणालीलाई प्रविधिमैत्री र पहुँचयोग्य तुल्याउनु ।

उद्देश्य ८: समावेशी र प्रभावकारी स्वास्थ्य सेवा व्यवस्थापन गरी सुशासन कायम गर्नु ।

**उद्देश्य १: आधारभूत स्वास्थ्य, सरसफाई, प्रदुषण नियन्त्रण, प्रजनन् स्वास्थ्य, परिवार नियोजन, मातृशिशु कल्याण, स्वच्छ पिउने पानीको प्रबन्ध तथा पोषणको व्यवस्थापन गरी नागरिकको स्वास्थ्य सम्बन्धी मौलिक अधिकार प्रत्याभूत गर्नु ।**

| रणनीति | कार्यनीति | |
|---|---|---|
| १.१ आधारभूत स्वास्थ्य अन्तर्गत पर्ने सम्पूर्ण सेवाहरु सञ्चालन गर्ने । | १.१.१ | हरेक वडाहरुमा आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्न स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभूत स्वास्थ्य केन्द्र स्थापना गरिनेछ । |
| | १.१.२ | आधारभूत स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी भएका वडाहरुमा सेवाको स्तरवृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ । |
| | १.१.३ | प्रत्येक वडाका प्रत्येक नागरिकलाई जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ३ को उपदफा ४ बमोजिम तोकिएका आधारभूत स्वास्थ्य सेवाको स्तरीय उपचार प्रोटोकलले तोके बमोजिम प्रबन्ध गर्न "बृहत स्वास्थ्य सेवा विस्तार कार्यक्रम" सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति | |
|---|---|---|
| १.२ सर्वसाधारणको स्वास्थ्य बीमामा पहुँच बृद्धि गरी आधारभूत बाहेकका स्वास्थ्य सेवा विस्तार गर्ने । | १.२.१ | जनस्वास्थ्य सेवा नियमावली २०७७ ले तोकेका आधारभूत स्वास्थ्य सेवा बाहेकका अन्य सेवाहरु जस्तै आकस्मिक स्वास्थ्य सेवा, विशेषज्ञ स्वास्थ्य सेवा र विशिष्टिकृत स्वास्थ्य सेवा तथा सुविधा थप गर्न पालिकाको आधारभूत अस्पताल अन्तर्गत रहने गरी विशेष सम्भाव्यता अध्ययन गरिनेछ । |
| | १.२.३ | अति विपन्न तथा सिमान्तकृत वा प्राथमिकतामा परेका लक्षित वर्गहरुको स्वास्थ्यको आधारभूत हक सुनिश्चित गर्न स्वास्थ्यको आधारभूत हक सुनिश्चित गर्न स्वास्थ्य बिमामा अनुदान प्रदान गरिनेछ । |
| | १.२.४ | औपचारिक क्षेत्रमा रोजगारमा संलग्न तथा निजी क्षेत्रका उद्योग, फर्म तथा कार्यालयमा नियमित रुपमा कार्यरत सम्पूर्ण नागरिकलाई स्वास्थ्य बिमा अनिवार्य गर्नुपर्ने व्यवस्था गरिनेछ । |
| | १.२.५ | ठूला र जटिल प्रकारका रोगहरुको उपचारका लागि राज्यद्वारा प्रदान गरिने अनुदान र सहुलियतलाई पालिकाद्वारा गरिने सिफारिस तथा सेवालाई अति संवेदनशील क्षेत्रमा समेटी एकल विन्दु द्रुत सेवा इकाई स्थापना गरिनेछ । |
| १.३ सम्पूर्ण नागरिकलाई आधारभूत आकस्मिक स्वास्थ्य सेवाको पहुँच स्थापित गर्ने | १.३.१ | जनस्वास्थ्य सेवा नियमावली २०७७ व्यवस्था गरेका सामान्य आकस्मिक सेवाहरु जस्तै चोटपटक तथा घाउ खटिरा, आकस्मिक प्राथमिक उपचार, आँखा, नाक, कान, घाँटी सँग सम्बन्धित आकस्मिक अवस्था र सर्पदंश उपचार सेवाहरुलाई प्रत्येक आधारभूत स्वास्थ्य केन्द्रमा विकास गर्दै लगिनेछ । |
| | १.३.२ | जनस्वास्थ्य सेवा नियमावली २०७७ को नियम ४ को उपनियम १,२ र ३ सँग सम्बन्धित आकस्मिक सेवा प्रत्येक नागरिकलाई सुनिश्चित गर्न विशेष कार्ययोजना निर्माण गरी आधारभूत अस्पताल विस्तार गर्दै लगिनेछ । |
| | १.३.३ | सडकमा हुने सम्भावित ठूला दुर्घटनालाई मध्यनजर गरी निकटवर्ती स्वास्थ्य संस्थामा एक प्रारम्भिक ट्रमा सेवा केन्द्र तथा प्रेषण सेवा सञ्चालन गरिनेछ । |
| | १.३.४ | आकस्मिक उपचारको सुनिश्चितता गर्न प्रत्येक वडामा चौविसै घण्टा एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्था गरिनेछ । |
| | १.३.५ | पालिकामा एक आकस्मिक उपचार कोषको व्यवस्था गरिनेछ । |
| १.४ सुरक्षित पिउने पानी, सरसफाई र प्रदुषण नियन्त्रणका नतिजामूखी कार्यक्रम सञ्चालन गर्ने । | १.४.१ | “एक घर एक धारा” को अवधारणा अनुसार खानेपानी सुविधा नपुगेका घरहरूमा समुदायको सहभागितामा आधारभूत खानेपानी व्यवस्था गरिनेछ । |
| | १.४.२ | सम्भाव्य खानेपानी आयोजनाको सम्भाव्यता अध्ययन गरिनेछ । |
| | १.४.३ | खानेपानीका मुहान, स्रोत तथा जलाधार क्षेत्रको संरक्षण गरिनेछ । |
| | १.४.४ | खानेपानी तथा सरसफाई गुरुयोजना (WASH PLAN) तयार गरिनेछ । |
| | १.४.५ | प्रत्येक घरमा अनिवार्य शौचालयको प्रावधान लागू गरी शौचालय नभएका विपन्न घरपरिवारमा शौचालय निर्माणका लागि प्रोत्साहन गर्न मापदण्डका आधारमा निश्चित प्रतिशत अनुदान दिइनेछ । |

| रणनीति | कार्यनीति | |
|---|---|---|
| | १.४.६ | घर घरबाट निस्कने फोहोरलाई वर्गीकरण गरी कुहिने फोहोरलाई कम्पोष्ट मलमा परिणत गर्न समुदायलाई विशेष तालिम सञ्चालन गरिनेछ । |
| | १.४.७ | प्रत्येक सार्वजनिक स्थल, विद्यालय, सामुदायिक भवन, अस्पताल, बजार केन्द्र, बसपार्क जस्ता क्षेत्रहरूमा सार्वजनिक शौचालयको व्यवस्था गरी समुदायलाई सञ्चालनको जिम्मेवारी दिइनेछ । |
| | १.४.८ | उल्लेखित स्थानहरूमा फोहोरलाई वर्गीकरण गरी फ्याक्नका लागि बास्केट तथा कण्टेनरको व्यवस्था गरिनेछ । |
| | १.४.९ | मुख्य बजार क्षेत्रका चोक र सडक वरपर नियमित सफाई गरिनेछ । |
| | १.४.१० | घर, आँगन र टोल सफा राख्न प्रत्येक वडामा सरकारी, निजी गैसस तथा सामुदायिक संस्थाहरूसँग सहकार्य गरी स्थानीयवासीको संलग्नतामा नियमित रुपमा सरसफाई अभियान सञ्चालन गरी जनचेतना फैलाइनेछ । |
| | १.४.११ | प्लाष्टिक तथा टायर ट्युब जगाउने परिपाटीलाई पूर्णतः बन्देज गरिनेछ । |
| | १.४.१२ | मरेका पशु चौपायहरूको व्यवस्थापन गर्न वडास्तरमा स्थानहरू तोकिनेछ । |

## उद्देश्य २: गुणस्तरीय खाद्यान्न र आधारभूत पोषणको प्रत्याभूति गर्नु ।

| रणनीति | कार्यनीति | |
|---|---|---|
| २.१ प्रत्येक नागरिकलाई आधारभूत पोषणको सुनिश्चित गर्न अति विपन्न नागरिकहरुको तथ्याङ्क संकलन गरी पोषण योजना लागु गर्ने । | २.१.१ | स्थानीय बहुक्षेत्रीय पोषण सम्बन्धी नीति तथा खाद्य सुरक्षा कार्यक्रम निर्माण गरी लागु गरिनेछ |
| | २.१.२ | महिला, बृद्ध, बालबालिकाहरुलाई उच्च प्राथमिकतामा राखी अल्पकालिन, मध्यकालिन र दीर्घकालिन सूक्ष्म पोषण सुधार कार्यक्रम लागु गरिनेछ । |
| | २.१.३ | हाम्रो घर आँगनमा पाइने खाद्य पदार्थहरुमा प्राप्त हुने पोषणका बारेमा विद्यालयस्तर तथा समुदायस्तरमा व्यापक जानकारी प्रदान गर्ने कार्यक्रम नियमित प्रशारण गरिनेछ । |
| | २.१.४ | विद्यालयमा स्वास्थ्य तथा पोषण कार्यक्रमलाई अनिवार्य सञ्चालन गरिनेछ । |
| | २.१.५ | समुदायस्तरमा खाद्यन्न भण्डार तथा पोषण सुरक्षा सम्बन्धी व्यापक जनचेतनामूलक कार्यक्रम तथा प्रविधिबारे ज्ञान सम्प्रेषण गरिनेछ । |
| | २.१.६ | विषादी प्रयोग भएका खाद्यान्नहरुको असर न्यूनीकरण गर्ने साथै पोषण नष्ट नगरी सुरक्षित तवरले खाने बानी र व्यवहारको विकास गर्न व्यापक ज्ञान सम्प्रेषण गरिनेछ । |
| | २.१.७ | बाली भित्र्याइ सकेपछि हुने बाली नालीको क्षती न्यूनीकरण गर्न समुदायस्तरमा ज्ञान र प्रविधिबारे किसानलाई तालिम प्रदान गरिनेछ । |

| रणनीति | कार्यनीति | |
|---|---|---|
| | २.१.८ | पोषिलो तरकारी घर आगनमा नै उत्पादन गरी पोषण सुरक्षा प्रत्याभूति गर्न करेसाबारी व्यवस्थापन तथा कौसी खेती सम्बन्धी तालिम अभियानको रुपमा सञ्चालन गरिनेछ । |
| | १.२.९ | पालिकाभर कुपोषित बालबालिका तथा खाद्यन्नबाट बञ्चित हुन सक्ने नागरिकहरुलाई लक्षित गरी नियमित पोषण सुधार कार्यक्रम सञ्चालन गर्न अनुदानको व्यवस्था गरिनेछ । |
| | १.२.१० | प्रति जैविक प्रतिरोधलाई कम गर्न प्रति जैविक औषधीको उचित प्रयोगबारे व्यापक जनचेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । |
| | २.१.११ | खाद्य पदार्थमा हुन सक्ने मिसावटलाई नियन्त्रण गर्न अनुगमन तीब्र बनाई कारबाही गरिनेछ । |

## उद्देश्य ३: अस्पताल तथा स्वास्थ्य संस्थाको स्थापना

| रणनीति | कार्यनीति | |
|---|---|---|
| ३.१ पालिकाका प्रत्येक वडाका प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्न पहुँच पुऱ्याउने हेतुले आवश्यक संख्यामा स्वास्थ्य संस्था वा अस्पतालको व्यवस्था गर्ने । | ३.१.१ | प्रत्येक वडामा आधारभूत स्वास्थ्य केन्द्र वा सो भन्दा माथिल्लो तहका स्वास्थ्य संस्था मध्ये कम्तीमा एक हुने गरी हाल सम्म स्थापना नभएका वडामा तत्काल स्थापना गरिनेछ । |
| | ३.१.२ | प्रत्येक स्वास्थ्य संस्थामा कम्तीमा सम्पूर्ण आधरभूत स्वास्थ्य सेवा प्राप्त हुने गरी क्रमश विकास गर्दै लगिनेछ । यसका लागि "स्वास्थ्य सेवा प्रवर्द्धन" कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ३.१.३ | वैकल्पिक चिकित्सा अन्तर्गत आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ । |
| | ३.१.४ | निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन तथा नियमन गरिनेछ । |
| | ३.१.५ | आवश्यकता हेरी समय समयमा स्वास्थ्य शिविर सञ्चालन गर्न घुम्ती अस्पतालको प्रबन्ध गरिनेछ । |

## उद्देश्य ४: रक्तसञ्चार सेवा सहित सम्पूर्ण आधारभूत स्वास्थ्य सेवा सुनिश्चित हुने गरी स्वास्थ्य पूर्वाधार विकास प्रक्रियालाई क्रमशः अगाडि बढाइनेछ ।

| रणनीति | कार्यनीति | |
|---|---|---|
| ४.१ प्रत्येक वडामा रहेका आधारभूत स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक सम्पूर्ण स्वास्थ्य पूर्वाधारहरुको क्रमश विकास गर्दै लैजाने । | ४.१.१ | प्रत्येक स्वास्थ्य संस्थामा आवश्यक स्वास्थ्यकर्मीहरुको जनशक्ति व्यवस्थापन गर्न संगठन तथा व्यवस्थापन O and M survey गरी दरबन्दी सिर्जना गरिनेछ । |
| | ४.१.२ | स्वास्थ्य उपकरण र पूर्वाधार नभएका स्वास्थ्य संस्थाहरुमा प्राथमिकताका आधारमा खरिद गर्दै लगिनेछ । |
| | ४.१.३ | स्वास्थ्य उपकरण तथा सेवा प्रदान गर्न आवश्यक जनशक्तिको प्रबन्ध गरी नियमित तालिमको व्यवस्था गरिनेछ । |
| | ४.१.४ | जनस्वास्थ्य सेवा नियमावली २०७७ को नियम २० बमोजिम पालिकाको आधारभूत अस्पतालमा रक्त सञ्चार सेवा सञ्चालन गर्न आवश्यक तयारी तथा पूर्वाधार विकास गरिनेछ । |
| | ४.१.५ | दिगो विकास लक्ष्य अर्न्तगत स्वास्थ्य क्षेत्रका सम्पूर्ण लक्ष्य हासिल |

| रणनीति | कार्यनीति |
|---|---|
| | गर्न पालिकास्तरीय एकिकृत Task force निर्माण गरी यस रणनीति सँग एकाकार गरिनेछ । |

## उद्देश्य ५: फार्मेसी तथा औषधी पसलहरुको स्थापना, अनुमती, अनुगमन तथा नियन्त्रण

| रणनीति | | कार्यनीति |
|---|---|---|
| ५.१ पालिकाभर सञ्चालनमा रहेका सम्पूर्ण औषधी पसलहरुलाई जनस्वास्थ्य सेवा नियमावली २०७७ को नियम ११ बमोजिम नेपाल सरकारले तोकेको मापदण्ड पुरा गरे नगरेको अनुगमन तथा नियन्त्रण गर्ने । | ५.१.१ | प्रत्येक वडामा औषधी वितरण प्रणालीलाई सुदृढ गर्न साथै नेपाल सरकारले निःशुल्क प्रदान गर्ने बाहेकका औषधीको उपलब्धता सुनिश्चित गर्न निजी क्षेत्र वा कुनै स्वास्थ्य संस्थाले मापदण्डका आधारमा औषधी पसल खोल्न अनुमति प्रदान गरिनेछ । |
| | ५.१.२ | प्रत्येक औषधी पसलले बिक्रि वितरण गर्ने औषधी र तीनको गुणस्तर नियन्त्रण गर्न तोकेको मापदण्ड पुरा गरे नगरेको नियमित अनुगमन तथा नियन्त्रण गरिनेछ । |
| | ५.१.३ | आयूर्वेदिक तथा जडीबुटीजन्य औषधीको गुणस्तर नियन्त्रण गर्न नियमनकारी संयन्त्रको निर्माण गरिनेछ । |
| | ५.१.४ | वैकल्पिक उपचार पद्धतीमा अपनाइने औषधीको स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न निजी क्षेत्रसँग अन्तरक्रिया तथा मापदण्डका आधारमा सहुलियतको व्यवस्था गरिनेछ । |
| | ५.१.५ | स्थानीय लामा, झाँक्री तथा वैद्यहरुले वितरण गर्ने औषधीहरुको बारेमा सुक्ष्म अध्ययन र निगरानी गरी उनीहरुलाई आधारभूत तथा वैज्ञानिक जीवन रक्षा सम्बन्धी तालिम प्रदान गरिनेछ । |
| | ५.१.६ | नेपाल सरकारले तोकेको मापदण्ड पुरा गरी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था दातृ निकाय, निजी क्षेत्र तथा गैह्र सरकारी संस्थाबाट प्राप्त हुने औषधी तथा स्वास्थ्य सामाग्रीहरुलाई व्यवस्थापन गरी वितरण गर्ने प्रणालीको विकास गरिनेछ । |
| | ५.१.७ | अत्यावश्यक जीवन रक्षक औषधीहरुको आपूर्ति प्रणालीलाई सुदृढ बनाई राख्न नियमित रुपमा आपूर्तिको संयन्त्र विकास गरिनेछ । |
| | ५.१.८ | सम्पूर्ण स्वास्थ्य संस्थाहरुको प्रदान गर्ने सेवाहरुलाई नेपाल सरकारले तोकेको न्यूनतम सेवा गुणस्तर मापदण्ड पुरा गरे नगरेको नियमित अनुगमन तथा नियन्त्रण गरिनेछ । |

## उद्देश्य ६: महामारी जन्य रोग तथा नसर्ने रोग नियन्त्रण तथा विपद व्यवस्थापन गर्नु

| रणनीति | | कार्यनीति |
|---|---|---|
| ६.१ समय-समयमा आइपर्ने महामारीजन्य रोग र विपद् व्यवस्थापन गर्न प्रभावकारी पूर्व तयारी प्रतिकार्य योजना निर्माण गरी लागु गर्ने । | ६.१.१ | समय समयमा देखापर्ने संक्रामक तथा महामारी जन्य रोगहरुको अध्ययन गरी त्यस्ता रोगको प्रकृतिका आधारमा पूर्वतयारी योजना निर्माण गरिनेछ । |
| | ६.१.२ | पूर्वतयारी योजना तयार पार्दा आवश्यक भौतिक पूर्वाधारहरुको सूची तयार पारी तत्काल जोहो गर्नुपर्ने र पहिले देखि नै जोहो गर्नुपर्ने पूर्वाधारहरु छुट्याइनेछ । |
| | ६.१.३ | विपद् तथा महामारी सुरु हुनु अगावै गर्नुपर्ने पूर्वाधार तयारी जस्तै खुल्ला स्थान, आइसोलेसन केन्द्र, शव व्यवस्थापन स्थल, जनशक्ति आदिको क्रमश तयारी गर्दै लगिनेछ । |

| रणनीति | कार्यनीति | |
|---|---|---|
| | ६.१.४ | तत्काल जोहो गर्नुपर्ने पूर्वाधार जस्तै औषधी, अन्य स्वास्थ्य सामाग्री, खाद्यन्न, पानी, अक्सिजन आदिका लागि विपद् व्यवस्थापन कोषको स्थापना गरिनेछ । |
| | ६.१.५ | विपद् व्यवस्थापन समितिलाई सु-सूचित गर्न नियमित तालिम तथा बैठकहरुको व्यवस्था गरिनेछ । |
| | ६.१.६ | विपद्को समयमा मानवीय सहयोग सुनिश्चित गर्न यूवा स्वयंसेवक दस्ता निर्माण गरी तालिम प्रदान गरिनेछ । |
| | ६.१.७ | विशेष गरी मौसमी विपद्हरुको पूर्व तयारीका लागि वार्षिक पात्रोमा व्यवस्था गरी अत्यावश्यकीय सामाग्रीको जोहो गरिनेछ । |
| | ६.१.८ | सामान्यता अध्याधिक चिसो वा वर्षातको समयमा आइपर्ने बाढी, पहिरो तथा डुबान जस्ता प्रकोप र त्यस पश्चात आइपर्ने संक्रामक रोग नियन्त्रण तथा विपदका घाइतेहरुको उपचारका लागि समयमै तयारी तथा नियमित बैठकको आयोजना गरिनेछ । |
| | ६.१.९ | महामारी नियन्त्रणमा पालिकाको भूमिका सुदृढ गर्न प्रदेश र संघीय सरकारसँग समन्वय गर्ने संयन्त्रणको निर्माण गरिनेछ । |
| | ६.१.१० | महामारीको प्रकृति अनुसार तयार रहन स्वास्थ्यकर्मीहरुलाई नियमित पूर्व तयारी तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ । |
| ६.२ नसर्ने रोग न्यूनीकरण तथा निदान गर्न स्वास्थ्य जीवनशैली विकास सम्बन्धी जनस्तरमा कार्यक्रम सञ्चालन गर्ने । | ६.२.१ | पालिकामा व्याप्त नसर्ने रोगहरु व्यापकताका आधारमा सूची तयार पारिनेछ । |
| | ६.२.२ | नसर्ने रोग लाग्ने कारणहरुबारे जनस्तरमा व्यापक रुपमा जनचेतना फैलाउने क्रियाकलापहरु अभियानका रुपमा सञ्चालन गरिनेछ । |
| | ६.२.३ | प्रत्येक टोलमा ध्यान तथा योग केन्द्रहरुको स्थापना गरिनेछ । |
| | ६.२.४ | पालिकास्तरमा एक प्राकृतिक, चिकित्सालय स्थापना गरिनेछ । |
| | ६.२.५ | पालिकास्तरमा एक आयूर्वेदिक अस्पताल स्थापना गरिनेछ । |
| | ६.२.६ | सार्वजनिक स्थलमा विद्यालय, कार्यालय, स्वास्थ्य संस्थाको निकट धुम्रपान तथा मध्यपान निषेधित क्षेत्र घोषणा गरी बिक्री वितरणलाई पूर्णत बन्देज गरिनेछ । |
| | ६.२.७ | व्यवसायजन्य रोग तथा कार्यस्थलमा स्वास्थ्य सुरक्षा सुनिश्चित गर्न मापदण्ड निर्माण गरी कडाईका साथ पालना गर्ने व्यवस्था लागु गरिनेछ । |
| | ६.२.८ | लागु पदार्थ दुर्व्यसन नियन्त्रण गर्न सुरक्षा निकायको सहयोगमा संयन्त्र निर्माण गरी परिचालन गरिनेछ । |
| | ६.२.९ | सडक दुर्घटना तथा अन्य दुर्घटना नियन्त्रण गर्न विशेष कार्ययोजना निर्माण गरी लागु गरिनेछ । |
| ६.३ मानसिक रोग नियन्त्रण तथा मनोपरामर्श सेवाको व्यवस्था गर्ने । | ६.३.१ | पालिकामा व्याप्त मानसिक रोगहरुको प्रकृतिका बारेमा अध्ययन गरी प्रतिवेदन प्रकाशन गरिनेछ । |
| | ६.३.२ | विभिन्न प्रकारका मानसिक रोगका कारण र निदानका उपायबारे जनस्तरमा व्यापक जनचेतनामूलक क्रियाकलापहरु नियमित रुपमा सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति | |
|---|---|---|
| | ६.३.३ | प्रत्येक स्वास्थ्य संस्थामा एक मनोपरामर्श इकाई स्थापना गरी परामर्श सेवा प्रदान गरिनेछ । |

## उद्देश्य ७: स्वास्थ्य सूचना प्रणालीलाई प्रविधिमैत्री र पहुँच योग्य तुल्याइनेछ ।

| रणनीति | कार्यनीति | |
|---|---|---|
| ७.१ स्वास्थ्य सम्बन्धी व्यक्तिगत सूचना, जनस्वास्थ्य तथा समग्र स्वास्थ्य सेवा प्रणाली बारेका सूचनाहरुलाई समयनुकुल प्रविधिमैत्री बनाउने । | ७.१.१ | प्रत्येक स्वास्थ्य संस्थामा बिरामी भर्ना भए पश्चात आउँदा साथै पटक-पटक अस्पताल आउँदा निजको उपचारको इतिहासको अभिलेख रहने गरी डिजिटल अभिलेख प्रणाली निर्माण गरी लागु गरिनेछ । |
| | ७.१.२ | उपचारका लागी डिजिटल प्रविधिबाट दर्ता गर्ने प्रणाली अवलम्बन गरिनेछ । |
| | ७.१.३ | स्वास्थ्य सेवाबारेमा सम्पूर्ण सूचनाहरु वेवसाइटमा राख्ने व्यवस्था मिलाइनेछ । |

## उद्देश्य ८: समावेशी र प्रभावकारी स्वास्थ्य सेवा व्यवस्थापन गरी सुशासन कायम गर्नु ।

| रणनीति | कार्यनीति | |
|---|---|---|
| ८.१ समग्र स्वास्थ्य सेवा प्रणालीको समुचित व्यवस्थापन गरी सुशासन प्रत्याभूत गर्ने । | ८.१.१ | स्थानीय स्वास्थ्य सेवालाई पारदर्शी, जवाफदेही एवं जनउत्तरदायी बनाउन स्थानीय स्वास्थ्य सुशासन कार्यविधी निर्माण गरी लागु गरिनेछ । |
| | ८.१.२ | सेवाग्राहीको उजुरी, गुनासो तथा सुझावको उचित सम्बोधन गर्न प्रत्येक स्वास्थ्य संस्थामा संयन्त्र निर्माण गरिनेछ । |
| | ८.१.३ | स्वास्थ्यकर्मीहरुको व्यक्तिगत सुरक्षा सम्बन्धी मापदण्ड पूर्णत पालना गरिनेछ । |
| | ८.१.४ | सम्पूर्ण स्वास्थ्य संस्थाबाट सम्पादन गरिएका कृयाकलापहरुको नियमित सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण गरिनेछ । |
| | ८.१.५ | स्वास्थ्य पूर्वाधार तथा सेवालाई अपाङ्गमैत्री तुल्याइनेछ । |
| | ८.१.६ | बाँझोपना सम्बन्धी स्वास्थ्य सेवा सञ्चालन गर्न सम्भाव्यता अध्ययन गरिनेछ । |
| | ८.१.७ | वैदेशिक रोजगारीमा जाने नागरिकको लागि स्वास्थ्य सुरक्षा मापदण्ड बनाई कार्यान्वयन गरिनेछ । |
| | ८.१.८ | प्रत्येक वडामा ज्येष्ठ नागरिक स्याहार तथा Outreach उपचार केन्द्र स्थापना गरिनेछ । |
| | ८.१.९ | विभिन्न उमेर समूह, समुदाय, संस्कृतिक, लिङ्ग क्षेत्र अनुसार स्वास्थ्य सेवाहरुलाई निविधिकरण गरी खण्डकृत तथ्याङ्कका आधारमा उपचार पद्धतिमा क्रमश विकास गरिनेछ । (उदाहरणका लागि सिकल सेल एनिमियाको उपचार, ओर्ला रेङ्गु आदि) |
| | ८.१.१० | स्थानीयस्तरमा आप्रवासन तथा प्रवास प्रस्थान गर्ने नागरिकहरु लक्षित (Migration Health Management Information System) आप्रवास स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको विकास गरिनेछ । |

### ३.३.४ कार्यक्रमहरु

| कार्यनीति नं. | कार्यक्रम | आधार वर्ष | बजेट रु हजारमा | | | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १.१.१ | आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा विस्तार | | २५०० | २५०० | २५०० | |
| १.१.२ | स्वास्थ्य सेवाको स्तरवृद्धि गर्ने कार्यक्रम संचालन | | ५०० | ६०० | ६५० | |
| १.१.३ | बृहत स्वास्थ्य सेवा विस्तार कार्यक्रम | | ५०० | ६०० | ६५० | |
| १.२.१ | स्वास्थ्य सेवा विशेष सम्भाव्यता अध्ययन | ० | ० | ७०० | ० | |
| १.२.३ | स्वास्थ्य बिमामा अनुदान | ५०० | ५५० | ६०० | ६५० | |
| १.२.४ | स्वास्थ्य बिमा अनिवार्यता कार्यक्रम | ० | ० | ० | ० | |
| १.२.५ | द्रुत सेवा इकाई स्थापना | ० | ४५० | ५०० | ६०० | |
| १.३.१ | सामान्य आकस्मिक सेवाहरु आधारभूत स्वास्थ्य केन्द्रमा विस्तार | ५०० | ५५० | ६०० | ६५० | |
| १.३.२ | आधारभूत अस्पताल विस्तार | | | | | |
| १.३.३ | प्रारम्भिक ट्रमा सेवा केन्द्र तथा प्रेषण सेवा सञ्चालन | | ५०० | ५०० | ६०० | |
| १.३.४ | चौविसै घण्टा एम्बुलेन्स सेवा | २०० | २०० | २५० | ३०० | |
| १.३.५ | आकस्मिक उपचार कोषको व्यवस्था | | ८०० | ८५० | ९०० | |
| १.४.१ | "एक घर एक धारा" कार्यक्रम | | १५०० | १७०० | १८०० | |
| १.४.२ | खानेपानी आयोजनाको सम्भाव्यता अध्ययन | | ५०० | ० | ० | |
| १.४.३ | जलाधार क्षेत्र संरक्षण कार्यक्रम | २०० | २५० | ३०० | ३५० | |
| १.४.४ | सरसफाई गुरुयोजना तयारी | | ७०० | ० | ० | |
| १.४.५ | शौचालय निर्माणका लागि अनुदान | १००० | ८०० | ७०० | ६०० | |
| १.४.६ | कम्पोष्ट मल बनाउन तालिम | | ५०० | ५५० | ६०० | |
| १.४.७ | सार्वजनिक शौचालयको व्यवस्थापन | | २५०० | २५०० | २५०० | |
| १.४.८ | बास्केट तथा कण्टेनरको व्यवस्था | | ७०० | ८०० | ९०० | |
| १.४.९ | नियमित सफाई कार्यक्रम | ४०० | ५०० | ६०० | ७०० | |
| १.४.१० | सचेतनामूलक कार्यक्रम संचालन | २०० | २५० | ३०० | ३५० | |
| १.४.११ | मापदण्ड तयार | ० | ३०० | ० | ० | |
| १.४.१२ | मरेका पशु चौपायहरूको व्यवस्थापन स्थल निमार्ण | | १५०० | २००० | २२०० | |
| २.१.१ | पोषण सम्बन्धी नीति तय | | २०० | ० | ० | |

| कार्यनीति नं. | कार्यक्रम | आधार वर्ष | बजेट रु हजारमा | | | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| २.१.२ | दीर्घकालिन सूक्ष्म पोषण सुधार कार्यक्रम | | ४०० | ४५० | ५०० | |
| २.१.३ | पोषण सम्बन्धी जनचेतनामूलक कार्यक्रम | | ३०० | ३५० | ४०० | |
| २.१.४ | विद्यालयस्तरमा अनिवार्य पोषण कार्यक्रम | | ६०० | ६५० | ७०० | |
| २.१.५ | खाद्यान्न भण्डार तथा पोषण सुरक्षा सम्बन्धी जनचेनामूलक कार्यक्रम | | ४०० | ४५० | ५०० | |
| २.१.६ | विषादी न्युनीकरणका लागि जनचेतनामूलक कार्यक्रम | | ४०० | ४५० | ५०० | |
| २.१.७ | बाली नालीको क्षती न्यूनीकरण तालिम | | ४०० | ४५० | ५०० | |
| २.१.८ | करेसाबारी व्यवस्थापन तथा कौसी खेती विस्तार कार्यक्रम | | ४०० | ४५० | ५०० | |
| २.१.९ | नियमित पोषण सुधार कार्यक्रम | | ४०० | ४५० | ५०० | |
| २.१.१० | जैविक औषधीको उचित प्रयोगबारे जनचेतनामूलक कार्यक्रम | | ४०० | ४५० | ५०० | |
| २.१.११ | मिसावटलाई नियन्त्रण गर्न नियमित अनुगमन | | २०० | २५० | ३०० | |
| ३.१.१ | स्वास्थ्य सेवा केन्द्र विस्तार | | ८०० | ९०० | १००० | |
| ३.१.२ | स्वास्थ्य सेवा प्रवर्द्धन कार्यक्रम | | ४०० | ४५० | ५०० | |
| ३.१.३ | प्राकृतिक चिकित्सा केन्द्र स्थापना गर्न सम्भाव्यता अध्ययन | | ० | ६०० | ० | |
| ३.१.४ | स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन तथा नियमन | | ३५० | ४०० | ४५० | |
| ३.१.५ | घुम्ती अस्पतालको प्रबन्ध | | ५०० | ५५० | ६०० | |
| ४.१.१ | संगठन तथा व्यवस्थापन सर्वेक्षण | | ० | ५०० | ० | |
| ४.१.२ | स्वास्थ्य पूर्वाधारको व्यवस्था | | १५०० | १६०० | १७०० | |
| ४.१.३ | स्वास्थ्य सँग सम्बन्धित जनशक्तिको व्यवस्थापन | | | | | |
| ४.१.४ | रक्त सञ्चार सेवा सञ्चालन तयारी | | १७०० | १८०० | १९०० | |
| ४.१.५ | पालिकास्तरीय एकिकृत Task force निर्माण | | | ५००० | ० | |
| ५.१.१ | मापदण्डका आधारमा औषधी पसल खोल्न अनुमति प्रदान | | १०० | १०० | १०० | |
| ५.१.२ | औषधी पसलको नियमित अनुगमन | | ३५० | ३५० | ४०० | |

| कार्यनीति नं. | कार्यक्रम | आधार वर्ष | बजेट रु हजारमा | | | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | तथा नियमन | | | | | |
| ५.१.३ | आयूर्वेदिक औषधी पसलहरुको नियमनकारी संयन्त्रको निर्माण | | ३५० | ० | ० | |
| ५.१.४ | मापदण्डका आधारमा सहुलियतको व्यवस्था | | ४०० | ४५० | ५०० | |
| ५.१.५ | आधारभूत तथा वैज्ञानिक जीवन रक्षा सम्बन्धी तालिम | | ४०० | ४५० | ५०० | |
| ५.१.६ | औषधी तथा स्वास्थ्य सामाग्रीहरुको व्यवस्थापन गरी वितरण गर्ने प्रणालीको विकास | | ४०० | ४५० | ५०० | |
| ५.१.७ | अत्यावश्यक स्वास्थ्य सामाग्री आपूर्तिको संयन्त्र विकास | | ४०० | ४५० | ५०० | |
| ५.१.८ | गुणस्तर मापदण्ड पुरा गरे नगरेको सम्बन्धमा नियमित अनुगमन तथा नियन्त्रण | | ४०० | ४५० | ५०० | |
| ६.१.१ | महामारी पूर्वयोजना तयारी | | ५०० | ० | ० | |
| ६.१.२ | महामारी पूर्वयोजना तयारीका लागि आवश्यक पूर्वाधार तय | | २५०० | २५०० | २५०० | |
| ६.१.३ | महामारी पूर्वयोजना तयारी जनशक्ति व्यवस्थापन | | ७०० | ७०० | ७०० | |
| ६.१.४ | विपद् व्यवस्थापन कोषको स्थापना | | ७०० | ८०० | ९०० | |
| ६.१.५ | नियमित तालिम तथा बैठकहरुको व्यवस्था | | ४०० | ४५० | ५०० | |
| ६.१.६ | यूवा स्वयंसेवक दस्ता तालिम | | ४०० | ४५० | ५०० | |
| ६.१.७ | अत्यावश्यकीय सामाग्रीको व्यवस्थापन | | ४५० | ५०० | ६०० | |
| ६.१.८ | संक्रामक रोग नियन्त्रण तथा विपदका घाइतेहरुको उपचारका लागि तयारी | | ४५० | ५०० | ६०० | |
| ६.१.९ | प्रदेश र संघीय सरकारसँग समन्वय | | ३०० | ३५० | ४०० | |
| ६.१.१० | स्वास्थ्यकर्मीहरुलाई नियमित पूर्व तयारी तालिम तथा प्रशिक्षण | | ४५० | ५०० | ६०० | |
| ६.२.१ | नसर्ने रोगहरुको सूची तयार | | १०० | १०० | १०० | |
| ६.२.२ | नसर्ने रोगहरुको बारे सचेतना कार्यक्रम | | ३०० | ३५० | ४०० | |
| ६.२.३ | प्रत्येक टोलमा ध्यान तथा योग केन्द्रहरुको स्थापना | | ३०० | ३५० | ४०० | |
| ६.२.४ | प्राकृतिक, चिकित्सालय स्थापना | | | | ३५०० | |

| कार्यनीति नं. | कार्यक्रम | आधार वर्ष | बजेट रु हजारमा | | | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| ६.२.५ | एक आयूर्वेदिक अस्पताल स्थापना | | | | ३५०० | |
| ६.२.६ | धुम्रपान तथा मध्यपान निषेधित क्षेत्र घोषणा | | ३०० | ३५० | ४०० | |
| ६.२.७ | स्वास्थ्य सुरक्षा सुनिश्चित गर्न मापदण्ड निर्माण | | | ३५० | | |
| ६.२.८ | लागु पदार्थ दुर्व्यसन नियन्त्रण गर्न संयन्त्र निर्माण गरी परिचालन | | ३०० | ३५० | ४०० | |
| ६.२.९ | दुर्घटना नियन्त्रण गर्न विशेष कार्ययोजना तयार | | ३०० | ० | ० | |
| ६.३.१ | मानसिक रोगबारे अध्ययन | | ० | ३५० | ० | |
| ६.३.२ | मानसिक रोगबारे जनचेतनामूलक कार्यक्रम | | २०० | ३०० | ४०० | |
| ६.३.३ | मनोपरामर्श इकाई स्थापना | | ० | ० | ३५०० | |
| ७.१.१ | डिजिटल अभिलेख प्रणाली निर्माण | | १३०० | ० | ० | |
| ७.१.२ | उपचारका लागि डिजिटल प्रविधिबाट दर्ता गर्ने प्रणालीको थालनी | | ५०० | ५०० | ५०० | |
| ७.१.३ | सूचनाहरु डिजिटलाइजेसन | | १०० | १०० | १०० | |
| ८.१.१ | स्थानीय स्वास्थ्य सुशासन कार्यविधी निर्माण | | ० | ३०० | ० | |
| ८.१.२ | उजुरी तथा गुनासो सुन्ने व्यवस्था | | ५० | ५० | ५० | |
| ८.१.३ | स्वास्थ्यकर्मीहरुको व्यक्तिगत सुरक्षा सम्बन्धी मापदण्ड पूर्ण पालना | | | | | |
| ८.१.४ | सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण | | २५० | २०० | २५० | |
| ८.१.५ | अपाङ्गता मैत्री पूर्वाधार निमार्ण | | २५०० | ३५०० | ४५०० | |
| ८.१.६ | बाँझोपना सम्बन्धी स्वास्थ्य सेवा सञ्चालन गर्न सम्भाव्यता अध्ययन | | ३५० | ० | ० | |
| ८.१.७ | स्वास्थ्य सुरक्षा मापदण्ड तयारी | | ० | ३५० | ० | |
| ८.१.८ | ज्येष्ठ नागरिक स्याहार तथा Outreach उपचार केन्द्र स्थापना | | १५०० | १५०० | ० | |
| ८.१.९ | खण्डकृत तथ्याङ्कका आधारमा उपचार पद्धतिको व्यवस्था | | १५० | १५० | १५० | |
| ८.१.१० | आप्रवास स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको विकास | | ० | ० | ३५० | |

### ३.३.५ अपेक्षित उपलब्धिहरू

- ✓ आधारभूत स्वास्थ्य पूर्वाधारको विकास भई गाउँ मै स्वास्थ्य सेवा उपलब्ध हुनेछ ।
- ✓ आवश्यक मात्रामा दक्ष स्वास्थ्य जनशक्तिको प्रबन्ध हुनेछ ।
- ✓ आधारभूत स्वास्थ्य सेवामा अति विपन्न नागरिकको पहुँच स्थापित हुनेछ ।
- ✓ स्वास्थ्य चेतनामा व्यापक सुधार आउनेछ ।
- ✓ वैकल्पिक चिकित्सा पद्धति तर्फ आम सर्वसाधारणको आर्कषण बढेको हुनेछ ।

### ३.३.६ स्वास्थ्य क्षेत्रका नतिजा सूचकहरू

| क्र.सं. | विवरण | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|
| १. | दक्ष प्रसुतीकर्मीहरूको सहयोगमा भएको जन्मको (३.१.२) **(प.दि.वि.ल.)** | प्रतिशत | | |
| २. | पाँच वर्षमूनिको बाल मृत्युदर (प्रतिहजार जिवित जन्ममा) (३.२.१) **(प.दि.वि.ल.)** | प्रतिशत | | |
| ३. | नवजात शिशु मृत्युदर (प्रतिहजार जिवित जन्ममा) (३.२.२) **(प.दि.वि.ल.)** | प्रतिशत | | |
| ४. | कुष्ठरोगी बिरामी वार्षिक (३.३.५.क) **(प.दि.वि.ल.)** | संख्या | | |
| ५. | कालाजार बिरामी वार्षिक (३.३.५.ख) **(प.दि.वि.ल.)** | संख्या | | |
| ६. | हात्तिपाइले बिरामी वार्षिक (३.३.५.ग) **(प.दि.वि.ल.)** | संख्या | | |
| ७. | डेङ्गु बिरामी वार्षिक (३.३.५.घ) **(प.दि.वि.ल.)** | संख्या | | |
| ८. | सक्रिय ट्रकोमा बिरामी वार्षिक (३.३.५.ङ) **(प.दि.वि.ल.)** | संख्या | | |
| ९. | मुटुसम्बन्धी बिरामी वार्षिक (३.४.१.क) **(प.दि.वि.ल.)** | संख्या | | |
| १०. | क्यान्सर बिरामी वार्षिक (३.४.१.ख) **(प.दि.वि.ल.)** | संख्या | | |
| ११. | मधुमेह बिरामी वार्षिक (३.४.१.ग) **(प.दि.वि.ल.)** | संख्या | | |
| १२. | स्वास प्रणालीसम्बन्धी दीर्घ रोग दम आदिका बिरामी (३.४.१.घ) **(प.दि.वि.ल.)** | संख्या | | |
| १३. | आत्महत्याबाट हुने मृत्युदुर प्रति लाख जनसंख्यामा (३.४.२) **(प.दि.वि.ल.)** | संख्या | | |
| १४. | सडक दुर्घटनाबाट मृत्युदुर प्रति लाख जनसंख्यामा (३.६.१) **(प.दि.वि.ल.)** | संख्या | | |
| १५. | परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ता दर (३.७.१) **(प.दि.वि.ल.)** | प्रतिशत | | |
| १६. | प्रोटोकल अनुसार चार पटक पूर्व प्रसुति सेवा प्राप्त गर्ने महिलाको प्रतिशत जीवित जन्ममा (३.८.१ क) **(प.दि.वि.ल.)** | प्रतिशत | | |
| १७. | अस्पताल/स्वास्थ्य संस्थामा बच्चा जन्माउने महिला (३.८.१ ख) ( **प.दि.वि.ल.)** | प्रतिशत | | |
| १८. | प्रोटोकल अनुसार बच्चाको जन्मपछि तीनपटक सेवा प्राप्त गर्ने महिला (३.८.१ ग) **(प.दि.वि.ल.)** | प्रतिशत | | |
| १९. | हेपाटाइटिस बी भ्याक्सिन पुरा (३ डोज) गर्ने शिशु (३.८.१ ग) **(प.दि.वि.ल.)** | प्रतिशत | | |
| २०. | रगतमा ग्लुकोजको मात्रा वृद्धि भई औषधी प्रयोग गरीरहेका १५ वर्ष वा सो भन्दा माथिको जनसंख्या (३.८.१ ज) **(प.दि.वि.ल.)** | प्रतिशत | | |

| क्र.सं. | विवरण | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|
| २१. | घरबाट स्वास्थ्य संस्थामा ३० मिनेट वा सो भन्दा कम समय लाग्ने परिवार (३.८.१ झ) (**प.दि.वि.ल.**) | प्रतिशत | | |
| २२. | स्वास्थ्य बिमामा आबद्ध विपन्न परिवार (३.८.१ ञ)(**प.दि.वि.ल.**) | प्रतिशत | | |
| २३. | राष्ट्रिय खोप कार्यक्रममा समावेश भएका सबै खोपद्वारा समेटिएको लक्षित जनसंख्या (३.ख.१) (**प.दि.वि.ल.**) | प्रतिशत | | |
| २४. | पाँच वर्ष मूनीका रक्त अल्पता भएका बालबालिका (२.२.२.३) (**प.दि.वि.ल.**) | प्रतिशत | | |
| २५. | स्वास्थ्यकर्मीको घनत्व र वितरण | प्रतिलाख जनसंख्यामा | | |
| २६. | पाँच वर्ष मूनीका पुड्कोपना भएका बालबालिका (२.२.१) (**प.दि.वि.ल.**) | प्रतिशत | | |
| २७. | स्वास्थ्य क्षेत्रमा कुल खर्च कुल (बजेटको) दिगो विकास लक्ष्य ३ ( ३.ग.१.क) र (१.क.२) (**प.दि.वि.ल.**) | प्रतिशत | | |
| २८. | सम्पूर्ण आधारभूत सुविधायुक्त स्वास्थ्य चौकी | संख्या | | |
| २९. | कुपोषण भएका बालबालिका दर (२.२.२) (**प.दि.वि.ल.**) | प्रतिशत | | |
| ३०. | पाँच वर्ष मूनिका कम तौल भएका बालबालिका (२.२.२.१) (**प.दि.वि.ल.**) | प्रतिशत | | |
| ३१. | चौबिसै घण्टा आकस्मिक स्वास्थ्य सेवा भएका स्वास्थ्य संस्था | संख्या | | |
| ३२. | चौबिसै घण्टा आकस्मिक प्रसुति सेवा भएका स्वास्थ्य संस्था | संख्या | | |
| ३३. | चौबिसै घण्टा एम्बुलेन्स सेवा भएका स्वास्थ्य संस्था | संख्या | | |
| ३४. | बैकल्पिक स्वास्थ्य उपचार केन्द्र | संख्या | | |
| ३५. | योग केन्द्र | संख्या | | |
| ३६. | पूर्ण सुरक्षित पिउने पानी प्रयोग गर्ने जनसंख्या | प्रतिशत | | |
| ३७. | आधारभूत स्वास्थ्य चेतना प्राप्त गर्ने वैद्य धामी झाँक्री | संख्या | | |
| ३८. | परिवार नियोजन सेवा केन्द्र | संख्या | | |
| ३९. | रक्तसञ्चार सेवा | संख्या | | |
| ४०. | अपेक्षित आयू (जन्मदाको बखत) | वर्ष | | |
| ४१. | प्रजनन उमेरमा रक्त अल्पता भएका महिला प्रतिशत (२.२.२.२) ( **प.दि.वि.ल.**) | प्रतिशत | | |
| ४२. | मातृ मृत्युदर (प्रति लाखमा) | प्रतिलाखमा | | |
| ४३. | पाठेघरको क्यान्सरका निम्ति स्क्रिनीङ गरिएका ३० देखि ४९ वर्षका महिला | प्रतिशत | | |
| ४४. | HIV AIDS Antiviral औषधि प्राप्त गर्ने | संख्या | | |
| ४५. | उच्च रक्तचापको औषधि सेवन गरीरहेका १५ वर्ष भन्दा माथिको जनसंख्या | प्रतिशत | | |
| ४६. | सुविधा सम्पन्न अस्पताल | संख्या | | |
| ४७. | घुम्ती स्वास्थ्य शिविर वार्षिक | संख्या | | |
| ४८. | स्वास्थ्य प्रयोगशाला | संख्या | | |

**प.दि.वि.लः परिणामात्मक दिगो विकास लक्ष्य :** परिणामात्मक दिगो विकास लक्ष्य

*स्रोत: गाउँ कार्यापालिकाको कार्यालय*

## ३.४ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

### ३.४.१ पृष्ठभूमि

सभ्य र सु-संस्कृत समाजको निर्माणमा शिक्षाको सर्वोपरी भूमिका रहेको हुन्छ। विज्ञान तथा प्रविधिमैत्री शिक्षा प्रदान गर्न सकेमात्र सक्षम मानव संसाधन तयार हुन्छ। आधुनिक समाज निर्माण गर्न शिक्षामा बृहत्तर लगानी गर्नुपर्ने हुन्छ। विश्वभर विकसित मुलुकहरूको समग्र विकासको कारण भनेकै ती मुलुकहरूको शिक्षामा गरेको विशाल लगानीको प्रतिफल हो। नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ। विशेष गरी आधारभूत तह सम्मको शिक्षा निःशुल्क र अनिवार्य साथै माध्यमिक तह सम्मको शिक्षा निःशुल्क गरेको छ। उक्त परिप्रेक्ष्यमा राज्यः विशेषगरी स्थानीय सरकारको भूमिका र जिम्मेवारी महत्वपूर्ण हुनगएको छ।

शहर र ग्रामिण परिवेश रहेको यस गाउँपालिकाको शैक्षिक अवस्था तुलनात्मक रुपमा मध्यम रहेको छ। राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार यहाँको साक्षरता प्रतिशत ७७.९ रहेको छ, जसमध्ये पुरुष साक्षरता प्रतिशत ८५ र महिला साक्षरता प्रतिशत ७२.१ प्रतिशत रहेको छ । गाउँपालिकाको शैक्षिक अवस्थालाई हेर्दा यहाँ ३५ वटा सामुदायिक विद्यालय र २१ वटा संस्थागत गरी ५६ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् । यसैगरी यहाँ ४ वटा बाल विकास केन्द्र, २ वटा सि.टि.ई.भि.टी. बाट सम्बन्धन प्राप्त प्राविधिक शिक्षालय र २ वटा मदरसा विद्यालय सञ्चालनमा रहेका छन् ।

### ३.४.२ गाउँपालिकामा शिक्षा तथा नवप्रवर्तन क्षेत्रमा रहेको सबल पक्ष, दुर्बल पक्ष SWOT विश्लेषण

| सबल पक्षः मुख्य सम्भावना र अवसरहरू |
|---|
| ▪ आवश्यकता बमोजिम विद्यालयहरूको स्तर वृद्धि, शौचालय र थप कक्षाकोठा प्रबन्ध गर्न सुरुवात गरिएको। |
| ▪ पालिकाले विद्यालयको भौतिक पूर्वाधारको वर्तमान अवस्थाको एकिकृत अभिलेख तयार गरी न्यूनतम भौतिक पूर्वाधारको सुनिश्चितता गर्ने नीति अगाडी सारेको। |
| ▪ गाउँपालिकाले जिर्ण रहेका विद्यालयहरुको पुनः निर्माण गर्ने कार्य यथासिघ्र गर्ने नीति अगाडी सारेको। |
| ▪ विगत वर्षहरूका तुलनामा शिक्षामा सर्वसाधारणहरूको पहुँच बढेको। |
| ▪ सम्पूर्ण विद्यालयहरूमा आवश्यक मात्रामा शैक्षिक सामग्रीहरूको थप व्यवस्था, पुस्तकालय तथा विज्ञान र कम्प्युटर प्रयोगशालाको व्यवस्था गरी व्यवहारिक शिक्षा प्रदान गर्न सकिने। |
| ▪ आवश्यक मात्रामा शैक्षिक संस्थाहरू एकआपसमा गाभ्न (Merge) तथा नयाँ स्थापना गर्न सकिने। |
| ▪ माध्यमिक तहमा कम्प्युटर शिक्षा तथा पालिकामा आवश्यक जनशक्ति उत्पादन गर्न तद्अनुरुपका कार्यक्रम सञ्चालन गर्न विद्यालयहरूलाई प्रोत्साहन गर्न सकिने। |
| ▪ दक्ष शिक्षक, गुणस्तरीय शिक्षा दिन सक्ने, कृषि, विज्ञान तथा अन्य प्राविधिक कलेजहरू सञ्चालनमा ल्याउन सकिने। |
| ▪ निजी क्षेत्रको सहयोग लिई शिक्षामा लगानी तथा स्तर वृद्धि गर्न सकिने। |
| ▪ गाउँपालिकामा बहुप्राविधिक धारका शिक्षालयहरू स्थापना गर्न सकिने। |
| ▪ बाल विकास केन्द्रको भौतिक तथा शैक्षिक स्तरोन्नति गर्न सकिने। |
| ▪ विद्यमान शिक्षण संस्थाहरूको थप स्तरोन्नति गर्न सकिने। |

| सबल पक्षः मुख्य सम्भावना र अवसरहरू |
|---|
| ▪ शिक्षकहरूलाई तालिम दिई गुणस्तरीय शिक्षा प्रदान गर्न सकिने । |

| दुर्बल पक्षः प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ विद्यालय तथा विद्यार्थीहरू माझ स्वस्थ प्रतिस्पर्धात्मक भावना कमी भएको । |
| ▪ विद्यालयहरूमा किताब-कापी-कलम, स्वच्छ खानेपानी, समावेशी शौचालय, पुस्तकालय, सुरक्षित भवन, फर्निचर तथा समय सापेक्ष सूचना प्रविधिमैत्री पूर्वाधारको अभाव । |
| ▪ अधिकांश विद्यालयमा प्राथमिक उपचार कक्ष, पुस्तकालय, कम्प्युटर प्रयोगशाला, विज्ञान प्रयोगशाला र इन्टरनेट सुविधा विस्तार नभएको । |
| ▪ विद्यालय क्षेत्रका शैक्षिक समस्याहरूको समयमै सम्बोधन नगर्ने हो भने राष्ट्रलाई आवश्यक सक्षम, दक्ष र कर्मठ नागरिक उत्पादन हुन नसक्ने । |
| ▪ समग्र शैक्षिक समस्याहरू सम्बोधन गरी |
| ▪ चुस्त अनुगमन तथा मूल्याङ्कन प्रणालीको व्यवस्था गर्नुपर्ने । शैक्षिक संस्थाहरूलाई सुविधा सम्पन्न बनाउन बजेटको व्यवस्था गर्नुपर्ने । |
| ▪ शैक्षिक क्यालेण्डरलाई नियमित तथा व्यवस्थित गर्नुपर्ने । |
| ▪ शिक्षक शिक्षिकाहरूलाई नियमित तालिम प्रदान गर्नुपर्ने । |
| ▪ बालमैत्री तथा विद्यार्थीमैत्री शिक्षण सिकाई तथा अन्य नवीनतम शिक्षण पद्धतिको विकास गर्नुपर्ने । |
| ▪ अन्तराष्ट्रिस्तरमा प्रतिस्पर्धा गर्न सक्ने शैक्षिक गुणस्तर कायम गर्नुपर्ने । |
| ▪ हरेक विद्यालयलाई सूचना प्रविधियुक्त तथा गुणस्तरीय बनाउनुपर्ने । |
| ▪ प्राविधिक तथा सिपमूलक शिक्षाको बढोत्तरी गरिनुपर्ने । |
| ▪ शैक्षिक ऋण तथा छात्रवृत्तिको व्यवस्था गरिनुपर्ने । |
| ▪ विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नुपर्ने । |
| ▪ अभिभावक शिक्षा कार्यक्रमको व्यवस्था गर्नुपर्ने । |
| ▪ सुविधा तथा पूर्वाधारयुक्त विद्यालय भवनको व्यवस्थापन गर्नुपर्ने । |
| ▪ प्राविधिक कलेजहरू सञ्चालन गर्न लगानीको वातावरण बनाउनुपर्ने । |
| ▪ दक्ष शिक्षकहरूको आवश्यकता अनुरूप आपूर्ति गर्नुपर्ने । |

## ३.४.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

| दीर्घकालीन सोच |
|---|
| राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धी मानव स्रोतको निर्माण |

| लक्ष्य |
|---|
| प्रारम्भिक बाल विकास देखि माध्यमिक तहको शिक्षाको सर्वाङ्गिण विकास मार्फत राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने मानव श्रोत निर्माणको आधार स्थापित गर्ने । |

| उद्देश्यहरू |
|---|

उद्देश्य १: बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्न प्रारम्भिक बाल विकास र शिक्षाको प्रभावकारी व्यवस्थापन गर्नु ।

उद्देश्य २: आधारभूत शिक्षाका लागि आवश्यक सम्पूर्ण भौतिक तथा शैक्षिक पूर्वाधारको प्रबन्ध गरी यसलाई पहुँच योग्य, समतामूलक, अनिवार्य र निशुल्क प्रदान गर्ने व्यवस्था गर्नु ।

उद्देश्य ३: अभिभावक शिक्षा समग्र शिक्षा प्रणालीको अभिन्न अंगको रुपमा अभियान सञ्चालन गर्नु ।

उद्देश्य ४: समाज र राष्ट्रका लागि सक्षम, कर्मठ, नैतिकवान र पौरखी मानव श्रोत उत्पादन गर्न माध्यमिक शिक्षाका समग्र पक्षहरूको सवलीकरण मार्फत प्रतिफलमूखी तुल्याउनु ।

उद्देश्य ५: जीवनोपयोगी, व्यवसायिक र प्राविधिक शिक्षा प्रदान गर्न आवश्यक पूर्वाधारको विकास गरी समय साक्षेप परिमाणमूखी मानवश्रोत तयार गर्नु ।

उद्देश्य ६: विभिन्न कारणले औपचारिक शिक्षाबाट बञ्चितहरूलाई अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पिक निरन्तर सिकाईका लागि आवश्यक वातावरणको प्रबन्ध सुनिश्चित गर्नु ।

उद्देश्य ७: विशेष शिक्षाको आवश्यकता पर्ने अपाङ्गता भएका बालबालिकाहरूको अवस्था अनुरुप उनीहरूको शैक्षिक अधिकार सुनिश्चित गर्नु ।

उद्देश्य ८: शैक्षिक प्रशासनलाई चुस्त दुरुस्त तुल्याई शैक्षिक जनशक्तिको प्रभावकारी व्यवस्थापनको प्रत्याभूति गर्नु ।

उद्देश्य ९: शिक्षामा गरिने लगानीलाई प्राथमिकता प्रदान गरी सम्पत्ती व्यवस्थापन तथा भौतिक तथा शैक्षिक पूर्वाधार निर्माण गर्नु ।

उद्देश्य १०: मूलधार बाहिर रहेका ट्यूसन, ब्रिजकोर्स, कोचिङ लगायतका शैक्षिक गतिविधि र क्रियाकलापहरूको व्यवस्थापन गर्नु ।

उद्देश्य ११: शैक्षिक गुणस्तर नियमन गरी प्रतिस्पर्धी मानव श्रोत निर्माण गर्नु ।

उद्देश्य १२: परम्परागत तथा स्थानीय शैक्षिक ज्ञान र सीपको खोज र अनुसन्धान साथ विज्ञान र आविस्कारलाई प्रवर्द्धन गर्ने संस्कृतिको आधाभूत तथा माध्यमिक तहबाटै विकास गर्नु ।

उद्देश्य १३: अतिरिक्त शैक्षिक क्रियाकलापलाई संगठित र वैज्ञानिक तवरले नियमित सञ्चालन गरी समग्र शैक्षिक प्रणालीसँग एकिकृत गर्नु ।

उद्देश्य १४: आवश्यकता अनुसार स्थानीय पाठ्क्रमको विकास तथा अध्यापन साथै विद्यार्थी संख्याका आधारमा मातृभाषा शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउनु ।

## प्रारम्भिक बालविकास तथा शिक्षा

### उद्देश्य १: बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्न प्रारम्भिक बाल विकास र शिक्षाको प्रभावकारी व्यवस्थापन गर्नु ।

| रणनीति | कार्यनीति | |
|---|---|---|
| १.१ नैर्सगिक अधिकारको रुपमा रहेको प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय शिक्षासँग पूर्णत एकिकृत गरी हरेक विद्यालयमा अनिवार्य गर्दै मापदण्डका आधारमा निजी क्षेत्रलाई समेत प्रारम्भिक | १.१.१ | गाउँपालिकामा हाल कायम रहेको ५ वर्ष मूनिका बालबालिकाको तथ्याङ्क र वितरणका आधारमा प्रारम्भिक बालविकास तथा स्याहार केन्द्रको आवश्यकता तथा थप विकासका लागि नक्साङ्कन तथा सर्वेक्षण गरिनेछ । |
| | १.१.२ | न्यूनतम राष्ट्रिय मापदण्ड र अन्तराष्ट्रिय असल अभ्यासको अनुसरण गर्दै प्रत्येक बालविकास तथा स्याहार केन्द्रहरूमा न्यूनतम पूर्वाधार जस्तै कोठा, पोषण, खेल सामाग्री, मैदान , शयन कक्ष, सिकाई सामाग्री, श्रव्य दृष्य सामाग्री सहितको बालमैत्री स्याहार स्थल निर्माण र विकास गर्दै लगिनेछ । |

| रणनीति | कार्यनीति | |
|---|---|---|
| बालविकास तथा स्याहार केन्द्र स्थापना र विकास गर्न समन्वय साथै नियमन गर्ने । | १.१.३ | बाल मनोविज्ञान तथा बालबालिकाको शारिरिक तथा सर्वाङ्गीण विकासको विषयमा दक्ष र तालिम प्राप्त शिक्षक/शिक्षिका तथा स्याहारकर्ताको प्रबन्ध गरिनेछ । |
| | १.१.४ | "एक वडा एक बाल उद्यान" कार्यक्रम सञ्चालन गरी हरेक वडा र टोलमा बालविकासलाई टेवा पुऱ्याउने बालमैत्री क्रिडास्थलको विकास गरिनेछ । (प्रारम्भिक बालविकास तथा शिक्षामा कार्यरत शिक्षक शिक्षिका तथा स्याहारकर्तालाई कार्यसम्पादन उपलब्धि सूचक तयार पारी पुरस्कृत गरिनेछ ) |
| | १.१.५ | प्रत्येक प्रारम्भिक बाल विकास तथा शिक्षा केन्द्रहरूमा बालबालिकाको सन्तुलित विकासको नियमित स्वास्थ्य जाँच गर्ने प्रबन्ध गरिनेछ । |

## आधारभूत शिक्षा

**उद्देश्य २: आधारभूत शिक्षाका लागि आवश्यक सम्पूर्ण भौतिक तथा शैक्षिक पूर्वाधारको प्रबन्ध गरी यसलाई सम्पूर्ण बालबालिका लागि पहुँच योग्य, समतामूलक निशुल्क र अनिवार्य गर्नु ।**

| रणनीति | कार्यनीति | |
|---|---|---|
| २.१ आधारभूत शिक्षामा कुनैपनि कारणले कुनैपनि बालबालिका बञ्चित हुन नदिन विशेष अभियान सञ्चालन गर्ने । | २.१.१ | अति विपन्न, सिमान्तकृत, पिछडावर्ग, दलित, अनाथ, अल्पसंख्यक, अपाङ्गता भएका लगायतका आधारभूत शिक्षाबाट बञ्चित भैरहेका बालबालिकाहरूको लगत संकलन गरिनेछ । |
| | २.१.२ | विद्यालय जानबाट बञ्चित हुनुका कारणहरूको पहिचान गरी विशेष छात्रवृतिको प्रबन्ध गरिनेछ । |
| | २.१.३ | जनचेतनाको कमीका कारण विद्यालय जानबाट बञ्चित बालबालिकाहरूलाई विद्यालयमा आर्कषण गर्न दिवा खाजा, पोशाक आदिमा अनुदान प्रदान गर्ने कार्यक्रमहरू आवश्यकताका आधारमा सञ्चालन गरिनेछ । |
| | २.१.४ | आधारभूत तहका हरेक कक्षामा हरेक विषयका प्रमुख सिकाई उपलब्धि मापन गर्न सिकाई उपलब्धि सूचकहरूको विकास गरिनेछ । |
| | २.१.५ | विश्वभर आधारभूत शिक्षामा उपलब्ध सिकाइलाई स्थानीयस्तरमा शिक्षण विधिलाई प्रभावकारी बनाउन ज्ञान र इन्टरनेट, श्रव्यदृश्य सामाग्री तथा सूचना प्रविधिको प्रयोग बढाउँदै लगिनेछ । |

## आधारभूत तथा माध्यमिक शिक्षा

**उद्देश्य ३: अभिभावक शिक्षालाई समग्र आधारभूत तथा माध्यमिक शिक्षा प्रणालीको अभिन्न अंगको रुपमा विकास गरी अभिभावक शिक्षा अभियान सञ्चालन गर्नु ।**

| रणनीति | कार्यनीति | |
|---|---|---|
| ३.१ हरेक बालबालिकाका अभिभावकहरूलाई आफ्ना बालबालिकाको शिक्षा प्रति जिम्मेवार बनाउन | ३.१.१ | विज्ञहरूको सहयोगमा हरेक अभिभावकहरूले आफ्ना विद्यालय जाने उमेरका बालबालिकाहरू प्रति निभाउनु पर्ने दायित्व तथा व्यवहारहरूको वैज्ञानिक सूची तयार पारिनेछ । |
| | ३.१.२ | वार्षिक पात्रोको विकास गरी हरेक विद्यालयहरूमा नियमित रुपमा बालबालिकाको वस्तुस्थिति बारे शिक्षक-अभिभावक अन्तरक्रिया गरिनेछ । |

| रणनीति | कार्यनीति | |
|---|---|---|
| अभिमूखीकरण गर्ने । | ३.१.३ | विशेष स्याहार तथा सहयोग आवश्यक पर्ने अपाङ्गता भएका बालबालिका, अटिजम वा मानसिक अपाङ्गता भएका बालबालिकाका अभिभावकहरूले ध्यान दिनुपर्ने विषय समेटेर उनीहरूलाई विशेष अभिमूखीकरण गरिनेछ । |

## माध्यमिक शिक्षाका समग्र पक्षहरू

**उद्देश्य ४: समाज र राष्ट्रका लागि सक्षम, कर्मठ, नैतिकवान र पौरखी मानवश्रोत उत्पादन गर्न माध्यमिक शिक्षाका समग्र पक्षहरूको सवलीकरण गरी प्रतिफलमूखी तुल्याउनु ।**

| रणनीति | कार्यनीति | |
|---|---|---|
| ४.१ नयाँ प्रावधान अनुरुप ९ देखि १२ कक्षा सम्म माध्यमिक शिक्षाको संरचनागत पूर्णता दिई माध्यमिक शिक्षाको समग्र विकास सहित सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने । | ४.१.१ | माध्यमिक शिक्षा पुरा गर्न चाहने सबैका लागि निशुल्क माध्यमिक शिक्षा प्रदान गर्न विपन्न लक्षित अनुदान र छात्रवृत्तिको प्रबन्ध गरिनेछ । |
| | ४.१.२ | माध्यमिक तहमा विशिष्टिकृत विषयको अध्यापन हुने विद्यालयहरू जस्तै व्यवसायिक, संगीत, आयूर्वेद, कृषि लगायतका विद्यालय स्थापना गर्न सम्भावना अध्ययन गरिनेछ । |
| | ४.१.३ | हाल सञ्चालन भैरहेका विद्यालयहरूबाट छनोट गरी केही विद्यालयहरूमा अंग्रेजी माध्यमबाट अध्यापन गर्ने प्रबन्ध गरिनेछ । साथै यस्ता विद्यालयहरूलाई नमुना विद्यालयको रुपमा विकास गरिनेछ । |
| | ४.१.४ | माध्यमिक शिक्षाको सिकाई उपलब्धि मापनका सूचकहरू विकास गरिनेछ । |
| | ४.१.५ | हरेक विद्यार्थीको व्यक्तिगत सूचना प्रणाली निर्माण गरिनेछ । |
| | ४.१.६ | माध्यमिक तहका विद्यार्थीहरू लक्षित सदाचार, नैतिकता, अनुशासन, कर्मशिलता, क्षमा, करुणा र समाजसेवा जस्ता विषय समावेश भएको विशेष पाठ्यक्रम निर्माण गरी अध्ययन गराइनेछ । |
| | ४.१.७ | किशोरावस्थामा हुने परिवर्तन र किशोर/किशोरीको मनोविज्ञान, यौन शिक्षा, साथै छात्राहरूलाई आत्मरक्षा र व्यक्तिगत सुरक्षा सम्बन्धी विशेष अभिमूखीकरण कार्यक्रमहरू नियमित सञ्चालन गरिनेछ । |

## प्राविधिक तथा व्यवसायिक शिक्षा

**उद्देश्य ५: जीवनयोगी, व्यवसायिक तथा प्राविधिक शिक्षा प्रदान गर्न आवश्यक पूर्वाधारको विकास गरी समय सापेक्ष र परिमाणमूखी मानवश्रोत तयार पार्नु ।**

| रणनीति | कार्यनीति | |
|---|---|---|
| ५.१ व्यवहारिक तथा सीपमूलक व्यवसायिक शिक्षा लिन चाहने सबैका लागि पालिकामै अवसर सिर्जना गर्दै यस प्रकारको शिक्षाको संस्थागत विकास | ५.१.१ | पालिकाका निकटवर्ती ठूला उपभोक्ता बजार साथै स्थानीय स्तरमा सीपको आवश्यकता नक्साङ्कन गरी सम्भाव्यताका आधारमा सीप विकास तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय स्थापना र विकास गरिनेछ । |
| | ५.१.२ | स्थानीय माग सम्बोधन गर्ने व्यावसायिक डिप्लोमा तहका कार्यक्रमहरूको सम्भाव्यता अध्ययन गरिनेछ । |
| | ५.१.३ | सीप विकास तथा व्यवसायिक तालिम लिइरहेका विद्यार्थीहरूको Job |

| रणनीति | कार्यनीति | |
|---|---|---|
| गर्ने । | | Placement का लागि बजारको अध्ययन गरिनेछ । |
| | ५.१.४ | विपन्नताका कारण प्राविधिक र व्यवसायिक शिक्षा तथा तालिमबाट बञ्चित हुनुपरेका विद्यार्थीहरूको लगत संकलन गरिनेछ । |
| | ५.१.५ | यस्ता विद्यार्थीहरूलाई व्यवसायिक सञ्चालन पश्चात तिर्ने गरी सरल कर्जामा प्रबन्ध गरिनेछ । |

## अनौपचारिक शिक्षा, खुल्ला तथा बैकल्पिक निरन्तर सिकाई

**उद्देश्य ६: विभिन्न कारणले औपचारिक शिक्षाबाट बञ्चितहरूलाई अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पिक निरन्तर सिकाईका लागि आवश्यक प्रबन्ध गर्नु ।**

| रणनीति | कार्यनीति | |
|---|---|---|
| ६.१ औपचारिक शिक्षाबाट बञ्चित सबैलाई अनौपचारिक, खुल्ला तथा वैकल्पिक निरन्तर सिकाईका माध्यमले समेट्ने । | ६.१.१ | हरेक वडामा कम्तिमा एक सामुदायिक सिकाई केन्द्र स्थापना गर्न आवश्यक तयारी गरिनेछ । (स्थान छनोट, भवन आदि) |
| | ६.१.२ | हरेक सामुदायिक सिकाई केन्द्रसँग आबद्ध गरी एक वडा एक पुस्कालय/वाचनालय स्थापना गरिनेछ । |
| | ६.१.३ | हरेक सामुदायिक सिकाई केन्द्रमा, पूर्वाधार सहित इन्टरनेटको व्यवस्था गरिनेछ । |
| | ६.१.४ | हालसम्म पालिकाभर रहेका सार्वजनिक पुस्तकालय, वाचनालय तथा बौद्धिक सम्पत्तीको पूर्ण लगत संकलन गरी पालिकाको मातहतमा स्थानीय बौद्धिक समाजद्वारा सञ्चालन गर्न, गराउन कार्यविधि निर्माण गरिनेछ । |
| | ६.१.५ | पालीकास्तरमा एक मुख्य पुस्तकालयमा स्थापना गरी श्रोत साधन सम्पन्न तुल्याइनेछ । |
| | ६.१.६ | परम्परागत, मौलिक ज्ञान, दर्शन, प्राकृतिक विज्ञान र दृष्टिकोणहरूलाई संग्रह सूचीकरण तथा संरक्षण कार्ययोजना निर्माण गरिनेछ । |

## विशेष शिक्षा (समावेशी शिक्षा)

**उद्देश्य ७: विशेष शिक्षाको आवश्यकता भएका अपाङ्ग बालबालिका तथा नागरिकहरूलाई आवश्यकता अनुरुप सहयोग पुऱ्याई शिक्षा पाउने अधिकार सुनिश्चित गर्नु ।**

| रणनीति | कार्यनीति | |
|---|---|---|
| ७.१ विशेष शिक्षा लक्षित बालबालिका केन्द्रित सिकाई तथा पाठ्यसामाग्री अनुकुल गरी उनीहरूको शिक्षाको हक सुनिश्चित गर्ने । | ७.१.१ | अपाङ्गता भएका बालबालिका तथा अन्य नागरिकहरूको अपाङ्गताको प्रकृतिको आधारमा अपाङ्गता परिचय पत्र प्रदान गरी उनीहरूको शैक्षिक आवश्यकता बारे लगत संकलन गरिनेछ । |
| | ७.१.२ | अपाङ्गताको अवस्था हेरी सामान्य बालबालिकासँगै अध्ययन गर्ने अवस्था रहे सम्म सो को प्रबन्ध गर्न अध्ययन र वडागत लगत संकलन गरिनेछ । |
| | ७.१.३ | अपाङ्गता तथा फरक क्षमता भएका आम नागरिकलाई लक्षित गरी जिविकोपार्जन गर्न सक्ने अवस्था रहेमा विशेष सीप विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । |
| ७.२ समावेशी शिक्षा सुनिश्चित गर्न | ७.२.१ | यी विद्यार्थीहरूको शिक्षाको अधिकार सुनिश्चित गर्न एक विशेष कोषको प्रबन्ध गरिनेछ । |

| रणनीति | कार्यनीति | |
|---|---|---|
| विभिन्न कारणले पछाडी परेका नागरिकलाई शिक्षाको अधिकार सुनिश्चित गर्न आरक्षण, सकारात्मक विभेद, प्रोत्साहन वा प्राथमिकता प्रदान गर्ने । | ७.२.२ | समावेशी तथा विशेष शिक्षा छात्रवृतिको प्रबन्ध गरिनेछ । |

## शैक्षिक प्रशासन तथा जनशक्ति व्यवस्थापन

### उद्देश्य ८: प्रशासनलाई चुस्त दुरुस्त तुल्याई शैक्षिक जनशक्तिको प्रभावकारी व्यवस्थापन गर्नु ।

| रणनीति | कार्यनीति | |
|---|---|---|
| ८.१ सक्षम र योग्य विषय शिक्षकको व्यवस्था साथै उनीहरूको उत्प्रेरित गरी विद्यार्थीको सिकाई उपलब्धि सूचकहरूसँग उनीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई एकिकृत गर्ने । | ८.१.१ | हरेक विषयगत शिक्षकमा हुनुपर्ने आधारभूत ज्ञान, अध्यापन सीप, जिम्मेवारी तथा नेतृत्व क्षमताका लागि आवश्यक पर्ने गुण तथा सूचकहरूको विकास गरिनेछ । |
| | ८.१.२ | हरेक शिक्षकको निरन्तर वृत्ति विकास हुने साथै पदोन्नति हुने वैज्ञानिक र व्यवहारिक प्रणालीको विकास गरिनेछ । (विद्यमान प्रावधानका आधारमा) शिक्षक पेशागत विकास कार्यक्रम) |
| | ८.१.३ | विषयगत शिक्षक तालिमलाई एक निरन्तर प्रक्रियाका रुपमा विकास गरी नियमित र नतिजामूखी बनाइनेछ । |
| | ८.१.४ | हरेक शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कनलाई विद्यार्थीका सिकाई उपलब्धि र परीक्षा परिमाणसँग एकिकृत गरिनेछ । |
| | ८.१.५ | शिक्षण सिकाई प्रविधि र उपलब्धिहरूसँग सम्बन्धित अनुसन्धान तर्फ प्रेरित गर्न शिक्षकलाई अनुसन्धान छात्रवृतिको प्रबन्ध गरिनेछ । |
| | ८.१.६ | नियमित र आवधिक रुपमा विद्यार्थी सिकाई उपलब्धि परीक्षण गरी विद्यालय सुधार योजना कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ८.१.७ | स्थानीय पाठ्यक्रम विकास र समय सापेक्ष परिमार्जन गर्न स्थानीय पाठ्यक्रम विकास इकाई गठन गर्न आवश्यक गृहकार्य गरिनेछ । |
| | ८.१.८ | विद्यालय तथा पालिकास्तरमा उत्कृष्ट विषयगत शिक्षकहरू छनोट गरी पुरस्कृत गरिनेछ । |
| | ८.१.९ | हरेक वर्ष सूचकहरूका आधारमा उत्कृष्ट विद्यालय घोषणा गरिनेछ । |
| | ८.१.१० | एक विद्यालय एक स्वास्थ्यकर्मी कार्यक्रम लागु गरिनेछ । |
| | ८.१.११ | एक विद्यालय एक मनोसामाजिक परामर्शदाता कार्यक्रम संचालन गरिनेछ । |
| | ८.१.१२ | Early Childhood Development तथा शिशु कक्षामा अध्यापनरत शिक्षक शिक्षिकाहरूलाई आवश्यक विशेष तालिम प्याकेज सञ्चालन गरिनेछ । |
| ८.२ विद्यालय र स्थानीय समुदायबिचमा सहकार्य अभिवृद्धि गरी विद्यालय प्रशासनलाई टेवा पुऱ्याउने । | ८.२.१ | विद्यालय व्यवस्थापन समिति, विद्यालय र अभिभावक अन्तरक्रियालाई नियमित गरिनेछ । |

| रणनीति | कार्यनीति | |
|---|---|---|
| ८.३ विद्यालयको शासकिय सूधार गर्न समुदायलाई जिम्मेवार तुल्याई एक स्वचालित र सफल संस्थाको रुपमा विकास गर्ने । | ८.३.१ | पालिकाका जनप्रतिनिधि, शिक्षक, अभिभावक, समाजसेवी, सहयोगदाता तथा संस्थापक सदस्यहरूको प्रतिनिधित्व सुनिश्चित गरी विद्यालय व्यवस्थापन समिति गठन गरिनेछ । |
| | ८.३.२ | विद्यार्थी अभिभावक सन्तुष्टि सर्वेक्षण पारदर्शी तुल्याई प्रतिवेदन प्रणाली मार्फत सार्वजनिक गरिनेछ । |
| | ८.३.३ | पालिकाभर रहेका शिक्षक दरबन्दीको अध्ययन गरी मिलान तथा पूर्नवितरण गर्न एक कार्यदल गठन गरिनेछ । |
| ८.४ शैक्षिक सूचना प्रणालीलाई दुरुस्त र प्रविधिमैत्री तुल्याउने । | ८.४.१ | तथ्याङ्क र प्रमाणमा आधारित नीति निर्माणलाई टेवा पुऱ्याउन यसलाई प्रविधिमैत्री र पहुँचयोग्य तुल्याइनेछ । |
| ८.५ शैक्षिक जनशक्ति तथा नेतृत्व तहको आचार संहिता लागु गर्ने । | ८.५.१ | सम्पूर्ण शिक्षक कर्मचारीहरू तथा प्रधानाध्यापकहरूसँग कार्य सम्पादन सम्झौता गरिनेछ । |
| ८.६ संस्थागत, गुठी तथा सहकारी विद्यालय स्थापना अनुमति, अनुगमन, सञ्चालन, व्यवस्थापन तथा नियमन गर्ने । | ८.६.१ | संस्थागत विद्यालयहरूको न्यूनतम मापदण्ड, पाठ्यक्रम, भौतिक अवस्था, शिक्षक कर्मचारी एवं आर्थिक क्रियाकलाप जस्ता विषयहरूको नियमित अनुगमन तथा नियमन गरिनेछ । |
| | ८.६.२ | नीजि लगानीमा सञ्चालित विद्यालयहरूले मापदण्डमा आधारित छात्रवृति वितरण गरे-नगरेको अनुगमन गरी लक्षित विद्यार्थीहरूलाई प्राप्त हुने सुनिश्चितता गरिनेछ । |

## पूर्वाधार व्यवस्थापन तथा लगानी (शैक्षिक)

### उद्देश्य ९: शिक्षामा लगानी अभिबृद्धि गरी शैक्षिक पूर्वाधार निर्माण तथा सम्पति व्यवस्थापन गर्नु ।

| रणनीति | कार्यनीति | |
|---|---|---|
| ९.१ दिगो विकास लक्ष्य हासिल गर्न शिक्षामा हाल भैरहेको लगानीलाई पालिकाको बजेटमा बृद्धि गर्ने । | ९.१.१ | दिगो विकासका शिक्षा सम्बन्धी परिमाणात्मक लक्ष्य हासिल गर्न हालको वार्षिक बजेटमा शिक्षा क्षेत्रमा गरिएको लगानीलाई बृद्धि गरिनेछ । |
| | ९.१.२ | पालिकाभर हाल सञ्चालन सम्पूर्ण सामुदायिक विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको यथार्थ विवरण संकलन गरी नपुग पूर्वाधारको Gap Analysis गरिनेछ । |
| | ९.१.३ | कक्षाकोठा, विद्यालय भवन, डेस्क बेञ्च, शौचालय जस्ता आधारभूत पूर्वाधार निर्माण सम्पन्न पश्चात शैक्षिक क्रियाकलापमा, Smart Board, कम्प्यूटर, बुक कर्नर प्रयोगशाला लगायतका पूर्वाधार विकासका सूची तयार पारी समानुपातिक हिसाबले सम्पूर्ण विद्यालयमा थप गर्दै लगिनेछ । |
| | ९.१.४ | हरेक विद्यालयमा विद्युत तथा इन्टरनेट सेवा सुनिश्चित गरिनेछ । |
| | ९.१.५ | हरेक विद्यालयमा खेल मैदान व्यवस्थित गरिनेछ । |
| | ९.१.६ | हरेक विद्यालयमा तारबार वा पर्खाल निर्माण गरिनेछ । |
| | ९.१.७ | हरेक विद्यालयमा एक पुस्तकालयको निर्माण गरिनेछ । |
| | ९.१.८ | जनसांख्यिक बनोट, भौगोलिक अवस्था, विद्यार्थी संख्या, शिक्षक संख्या आदिका आधारमा विद्यालय गाभ्ने, सार्ने वा नयाँ स्थापना गर्न विशेष |

| रणनीति | कार्यनीति | |
|---|---|---|
| | | अध्ययन गरिनेछ । |
| | ९.१.९ | सम्पूर्ण सामुदायिक विद्यालयको सम्पत्तीहरूको लगत तयार गरी अभिलेखीकरण गरिनेछ । |
| | ९.१.१० | हरेक विद्यालयमा विपद् तथा महामारीमा वैकल्पिक विधिबाट ( भर्चुअल वा अन्य ) अध्यापन गराउन मल्टिमिडिया सेन्टरको स्थापना गरिनेछ । Virtual विधी र साधन हरूमा इ-लाइब्रेरी, भर्चुअल ल्याब तथा Room, Online Exam, ICT Lesson Plan, Teaching Materials, Podcast, Webinar Endocast, Makerspace लगायतका शैक्षिक सामाग्रीको प्रयोग विस्तार गर्दै लगिनेछ । |
| | ९.१.११ | हरेक विद्यालयलाई विपद् उत्थानशिल विद्यालयको रुपमा विकास गरिनेछ । |
| | ९.१.१२ | विद्यालय निर्माण तथा स्तरोन्नति गर्दा विपद् जोखिममूक्त हुने गरी निर्माण गरिनेछ । |
| | ९.१.१३ | विपद्का बेला सुरक्षित हुने आवश्यकताका रुपमा विकास गरी विद्यालयका भौतिक पूर्वाधार निर्माण गरिनेछ । |

### ट्यूसन, ब्रिज कोर्स, कोचिङ लगायत मूलधार बाहिरका शैक्षिक गतिविधि व्यवस्थापन

**उद्देश्य १०: मूलधार शिक्षा प्रणाली बाहिर रहेका ट्यूसन, ब्रिजकोर्स, कोचिङ, लगायतका शैक्षिक गतिविधिहरूको नियमन र व्यवस्थापन गर्नु ।**

| रणनीति | कार्यनीति | |
|---|---|---|
| १०.१ मूलधारको शिक्षा प्रणाली बाहिर रहेका ट्यूसन, कोचिङ, ब्रिज कोर्स, भाषा कक्षा आदि लाई व्यवस्थापन र नियमन गर्न विद्यमान कानूनमा रही मापदण्ड निर्माण गर्ने । | १०.१.१ | ट्यूसन, कोचिङ, ब्रिज कोर्स, भाषा कक्षा लगायतका शैक्षिक कृयाकलाप सञ्चालन सम्बन्धी मापदण्ड निर्माण गरिनेछ । |
| | १०.१.२ | मापदण्डको कार्यान्वयन भए नभएको सूनिश्चित गर्न एक अनुगमन समिति निर्माण गरी त्यसका काम कारबाहीहरूलाई नियमित तथा अभिलेखीकरण गरिनेछ । |
| | १०.१.३ | यस प्रकार सञ्चालनमा रहेका सम्पूर्ण संस्थाहरूको तथ्याङ्क संकलन गरी अध्यावधिक गरिनेछ । |

### शैक्षिक गुणस्तर नियमन

**उद्देश्य ११: शैक्षिक गुणस्तर नियमन साथै मूल्याङ्कन तथा परीक्षा प्रणालीलाई वैज्ञानिक र व्यवस्थित गरी सक्षम र प्रतिस्पर्धी मानव श्रोत निर्माण गर्नु ।**

| रणनीति | कार्यनीति | |
|---|---|---|
| ११.१ गुणस्तरीय शिक्षाका परिसूचक विकास गरी हासिल गर्ने वस्तुगत कार्यक्रम सञ्चालन गर्ने । | ११.१.१ | हरेक तहमा विद्यार्थीहरूले हासिल गर्ने सिकाई उपलब्धिहरूमा सूचकहरूको विकास गरिनेछ । |
| | ११.१.२ | विद्यमान भूमण्डलीकरणको प्ररिप्रेक्ष्यमा स्थानीय शिक्षा विषयक अनुसन्धान गरी भूमण्डलीय ज्ञानलाई पाठ्यक्रम स्थानीकिकरण गर्न आवश्यक सिफारिस गर्न एक अध्ययन सम्पन्न गरिनेछ । |
| | ११.१.३ | पालिकामा अत्यन्त पातलो बस्ती भएका र दुर्गम क्षेत्र लक्षित बहुकक्षा शिक्षण सम्बन्धी आवश्यकता अध्ययन गरिनेछ । |

| रणनीति | कार्यनीति | |
|---|---|---|
| | ११.१.४ | शिक्षण सिकाई पद्धतिमा प्रभावकारी र सफल मानिएका निम्न विधिहरूलाई गुणस्तर अभिवृद्धि गर्न व्यवहारिक रुपमा अबलम्बन गर्न कार्ययोजना निर्माण गरिनेछ ।<br>• परियोजना कार्य तथा प्रस्तुतीकरण<br>• समीक्षा तथा छलफल<br>• कला तथा सिर्जना प्रस्तुतीकरण<br>• खोजमूलक अध्ययन तथा समूहकार्य<br>• स्थलगत अध्ययन<br>• व्यवहारिक अभ्यास<br>• शैक्षिक भ्रमण<br>• प्रयोगात्मक क्रियाकलाप |
| | ११.१.५ | राष्ट्रिय शिक्षा नीति २०७६ ले तोके बमोजिम आधारभूत तहको कक्षा १ देखि ३ सम्म एकिकृत पाठ्यक्रममा आधारित कक्षा शिक्षण वा बहुकक्षा शिक्षण पद्धति अवलम्बन गर्न आवश्यक प्रबन्ध गरिनेछ । |
| ११.२ वैज्ञानिक मूल्याङ्कन तथा परीक्षा प्रणालीका असल अभ्यासहरूको अनुसरण गरी पालिका र राष्ट्रिय आवश्यकतासँग सान्दार्भिक हुने गरी अवलम्बन गर्ने । | ११.२.१ | परीक्षा प्रणालीलाई चुस्त र व्यवस्थित बनाउन स्थानीय संयन्त्रणको विकास गरिनेछ । |
| | ११.२.२ | मूल्याङ्कनमा ग्रेडिङ प्रणाली अवलम्बन गरी राष्ट्रिय मानक तथा मापदण्ड बमोजिम विकास गर्न अध्ययन गरिनेछ । |
| ११.३ शिक्षकहरूको पेशागत क्षमता विकास सम्बन्धी ज्ञान र प्रविधिको प्रयोग मार्फत सक्षम शैक्षिक जनशक्ति तयार पार्ने । | ११.३.१ | एक दक्ष शिक्षकमा हुनुपर्ने आधारभूत सीप र गुणहरू मापन गर्ने शिक्षक योग्यता मापदण्ड निर्माण गरी लागु गरिनेछ । |
| | ११.३.२ | शिक्षक सक्षमता मापदण्डलाई प्रत्यक्ष रुपमा विद्यार्थी सिकाई उपलब्धिसँग आबद्ध गरिनेछ । |
| | ११.३.३ | शिक्षणमा सूचना प्रविधिको उच्चतम प्रयोग गर्न आवश्यक सिपहरूको नक्शाङ्कन गरी सम्पूर्ण शिक्षकहरूलाई सूचना प्रविधिको ज्ञान सम्बन्धी विशेष तालिम सञ्चालन गरिनेछ । |
| | ११.३.४ | शिक्षा नीति बमोजिम हरेक २ वर्षमा शिक्षकहरूलाई सघन पुर्नताजगी तालिमको अनिवार्य प्रबन्ध गरिनेछ । |
| | ११.३.५ | उत्कृष्ट विद्यालयका असल अभ्यासबारे सबैलाई जानकारी गराई अनुभव आदान प्रदान गर्न अन्तर विद्यालय विद्यार्थी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ११.३.६ | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत काम गर्ने रोजगारहरूलाई विद्यालयका भौतिक पूर्वाधार जस्तै घेराबेरा, बगैंचा, बाटोघाटो, शौचालय, खेल मैदान आदि निर्माणमा सदुपयोग गरिनेछ । |
| | ११.३.७ | विद्यालयलाई प्रदान गर्ने अनुदानलाई स्तरका आधारमा छुट्याइनेछ । |

## खोज, विज्ञान तथा प्रविधि

**उद्देश्य १२: परम्परागत सीप, स्थानीय ज्ञान र बौद्धिक सम्पदाको संरक्षण, खोज र अनुसन्धानात्मक क्रियाकलापका साथै विज्ञान प्रविधि र आविष्कारलाई प्रवर्द्धन गर्ने संस्कृतिको आधारभूत र माध्यमिक तहबाटै विकास गर्नु ।**

| रणनीति | | कार्यनीति |
|---|---|---|
| १२.१ प्राविधिक र व्यवहारिक शिक्षा केन्द्रित विद्यालय तथा पाठ्यक्रमको निर्माण गरी लागू गर्ने । | १२.१.१ | मा.वि. सम्म अध्यापन हुने विद्यालयमा एक वडा एक प्राविधिक विषय सञ्चालनका लागि आवश्यक शैक्षिक पूर्वाधारका लागि संघीय र प्रादेशिक सरकारको सहयोगमा रकम विनियोजन गरिनेछ । |
| | १२.१.२ | सि.टि.इ.भि.टि.को सम्बन्धनमा गाउँपालिकास्तरीय एक बहुप्राविधिक विद्यालय स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ । |
| १२.२ हरेक तहका पाठ्यक्रममा नैतिक मूल्यमा आधारित जीवन उपयोगी शिक्षा अनिवार्य गरी लागू गर्ने । | १२.२.१ | हरेक तहका औपचारिक साथै अनौपचारिक क्षेत्रको शिक्षामा नैतिकता, अनुशासन र जीवन सीप (Life Skills) विकास गर्न विज्ञसँग परामश लिई पाठ्यक्रम तयार गरी लागू गरिनेछ । |
| | १२.२.२ | आध्यात्मिक तथा आत्मिक विकास, सेवाभाव, मानवता, ध्यान, योग र स्वयंसेवा प्रवर्द्धन गर्ने पाठ्यक्रम तयार गरी हरेक तहमा अनिवार्य लागू गर्न त्यस सम्बन्धी विषयका शिक्षकहरूलाई अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । |
| १२.३ विज्ञान र प्रविधिमा रुची भएका बालबालिका, विद्यार्थी तथा युवाहरूको पहिचान गरी प्रोत्साहन गर्ने । | १२.३.१ | हरेक विद्यालयमा अध्यापनरत विज्ञान शिक्षकको सहयोग र समन्वयमा विज्ञान विषयमा विशेष रुची भएका विद्यार्थीहरू पहिचान गरी विवरण संकलन गरिनेछ । |
| | १२.३.२ | हरेक वर्ष त्यस्ता विद्यार्थीहरू सम्मिलित गरी एक पालिकास्तरीय विज्ञान प्रर्दशनी आयोजना गरिनेछ । |
| | १२.३.३ | विज्ञान र प्रविधिमा विशेष क्षमता भएका तर औपचारिक शिक्षाको परिधि भन्दा बाहिर रहेका व्यक्तिहरू पहिचान गर्न अभियान सञ्चालन गरिनेछ । |
| | १२.३.४ | विज्ञान र प्रविधि सम्बन्धी विषयहरूमा विद्यार्थी भर्नादर वृद्धि गर्न विशेष अभिमूखीकरण तथा तयारी कक्षा सञ्चालन गरिनेछ । |

## अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन व्यवस्थापन

**उद्देश्य १३: अतिरिक्त शैक्षिक क्रियाकलापलाई संगठित र वैज्ञानिक तवरले नियमित सञ्चालन गरी समग्र शैक्षिक प्रणालीसँग एकिकृत गर्नु ।**

| रणनीति | | कार्यनीति |
|---|---|---|
| १३.१ अतिरिक्त क्रियाकलापलाई हरेक विद्यालयमा नियमित गर्ने । | १३.१.१ | विद्यार्थीको व्यक्तिगत रुची र झुकावको पहिचान गरी हरेक विद्यालयमा नियमित अतिरिक्त क्रियाकलाप अन्तर्गत गायन, वाद्यवादन, नृत्य, अभिनय, खेलकुद, चित्रकला, वतृत्वकला जस्ता क्रियाकलाप सञ्चालन गर्न शिक्षकको प्रबन्ध गरिनेछ । |
| | १३.१.२ | हरेक वर्ष अन्तरविद्यालय गायन प्रतियोगिता आयोजना गरिनेछ । |
| | १३.१.३ | हरेक वर्ष अन्तरविद्यालय नृत्य प्रतियोगिता आयोजना गरिनेछ । |
| | १३.१.४ | हरेक वर्ष अन्तरविद्यालय चित्रकला प्रतियोगिता आयोजना गरिनेछ । |
| | १३.१.५ | हरेक वर्ष अन्तरविद्यालय वतृत्वकला प्रतियोगिता आयोजना गरिनेछ । |

| रणनीति | कार्यनीति | |
|---|---|---|
| | १३.१.६ | हरेक वर्ष अन्तरविद्यालय वाद्यवादन प्रतियोगिता आयोजना गरिनेछ । |
| | १३.१.७ | अभिनयमा रुची भएका विद्यार्थीलाई जनचेतनामूलक विषयमा सडक नाटक गर्न प्रेरित गरिनेछ । |
| १३.२ विद्यालयमा विद्यार्थीहरूको ज्ञान वृद्धि हुने किसिमका क्रियाकलापलाई नियमित गर्ने । | १३.२.१ | विद्यार्थीहरूलाई वार्षिक पात्रोको विकास गरी नियमित रुपमा शैक्षिक भ्रमण गराइनेछ । |
| | १३.२.२ | विद्यार्थीहरूलाई नियमित स्थलगत अध्ययन र परियोजना कार्यमा संलग्न गराई सामाजिक, जीवनोपयोगी र व्यवहारिक ज्ञान प्रदान गरिनेछ । |
| | १३.२.३ | नियमित रुपमा विज्ञान, प्रविधि, कला, खेलकुद, पेशा व्यवसाय आदिमा सफल व्यक्तित्वहरूसँग विद्यार्थीहरूलाई साक्षात्कार गराउन विद्यालय शैक्षिक पात्रोको प्रबन्ध गरिनेछ । |
| | १३.२.४ | विद्यालयमै विद्यार्थीलाई हौसला प्रदानका लागि ज्ञान, विज्ञान, सफलता, साहस र जितका कथाहरू समेट्ने वृतचित्र तथा चलचित्रहरूको नियमित प्रर्दशन गराउने व्यवस्था मिलाइनेछ । |
| | १३.२.५ | विद्यार्थीहरूलाई क्षेत्रीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुन पूर्व तयारी गरिनेछ । |
| १३.३ पाठ्य सामाग्रीको सहज उपलब्धता सुनिश्चित गर्ने । | १३.३.१ | नियमित पठनपाठनका लागि आवश्यक पाठ्य पुस्तकहरूको समयमै उपलब्ध हुने गरी गाउँपालिकास्तरीय एक संयन्त्रको निर्माण गरिनेछ । |
| | १३.३.२ | हरेक विद्यालयमा पुस्तकहरूको व्यवस्थापन गर्न पुस्तकालय निर्माण गरिनेछ । |
| | १३.३.३ | हरेक विद्यालयमा एक कम्प्युटर ल्याब निर्माण गरिनेछ । |
| | १३.३.४ | हरेक मा.वि.मा एक विज्ञान प्रयोगशाला निर्माण गरिनेछ । |

### स्थानीय पाठ्यक्रम तथा मातृभाषामा शिक्षा

**उद्देश्य १४: आवश्यकता अनुसार स्थानीय पाठ्क्रमको विकास तथा अध्यापन साथै विद्यार्थी संख्याका आधारमा मातृभाषा शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउनु ।**

| रणनीति | कार्यनीति | |
|---|---|---|
| १४.१ भाषिक, सामाजिक, साँस्कृतिक तथा धार्मिक अल्पसङ्ख्यकहरूलाई मातृभाषामा शिक्षा प्रदान गर्ने साथै स्थानीय भाषा, कला, संस्कृति, ज्ञान, सीप तथा पहिचानका बारेमा अध्ययन अध्यापन गराउने । | १४.१.१ | गाउँपालिकामा रहेका भाषिक, सामाजिक, साँस्कृतिक तथा धार्मिक हिसाबले पिछडिएका अल्पसङ्ख्यकहरूको अध्ययन गरी विस्तृत विवरण तयार गरिनेछ । |
| | १४.१.२ | यस किसिमका अल्पसङ्ख्यकका बालबालिकाहरूलाई मातृभाषामा शिक्षा प्रदान गर्नका लागि पाठ्यपुस्तक तथा जनशक्तिको व्यवस्था गरिनेछ । |
| | १४.१.३ | स्थानीय भाषा, कला, संस्कृति, ज्ञान, सीप तथा पहिचानका बारेको स्थानीय पाठ्यक्रम निर्माण गरी सोही अनुसारको शिक्षा प्रदान गरिनेछ । |

## ३.४.४ कार्यक्रमहरू

| कार्यनीति | कार्यक्रम | आधार वर्ष | लक्ष्य | जिम्मेवार |
|---|---|---|---|---|

| नं. | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
|---|---|---|---|---|---|---|
| १.१.१ | प्रारम्भिक बालविकास तथा स्याहार केन्द्रको नक्साङ्कन तथा सर्वेक्षण | | ० | १२०० | ० | |
| १.१.२ | बालमैत्री स्याहार स्थल निर्माण | | ० | ० | २००० | |
| १.१.३ | दक्ष र तालिम प्राप्त शिक्षक/शिक्षिका तथा स्याहारकर्ताको व्यवस्था | | ३०० | ५०० | ८०० | |
| १.१.४ | "एक वडा एक बाल उद्यान" कार्यक्रम सञ्चालन | | १२०० | १३०० | १५०० | |
| १.१.५ | बालबालिकाको नियमित स्वास्थ्य जाँच | | २०० | ३०० | ५०० | |
| २.१.१ | बालबालिकाहरूको लगत संकलन | | १०० | २०० | ३०० | |
| २.१.२ | विद्यालय जानबाट बञ्चित हुनुको कारण पहिचान | | १०० | २०० | ३०० | |
| २.१.३ | दिवा खाजा कार्यक्रम सञ्चालन | | ११५० | ११५० | १३०० | |
| २.१.४ | सिकाई उपलब्धि सूचकको विकास | | | १०० | ० | |
| २.१.५ | सूचना प्रविधिको प्रयोगमा वृद्धि | | | | | |
| ३.१.१ | अभिभावकले निभाउनु पर्ने दायित्व तथा व्यवहारको वैज्ञानिक सूची तयार | | ० | ० | २५० | |
| ३.१.२ | शिक्षक-अभिभावक अन्तरक्रिया | | १५० | २०० | २५० | |
| ३.१.३ | फरक क्षमता भएका बालबालिकाहरुलाई विशेष अभिमूखीकरण | | १५० | २०० | २५० | |
| ४.१.१ | विपन्न लक्षित अनुदान र छात्रवृत्तिको प्रबन्ध | | १५० | २५० | ३०० | |
| ४.१.२ | व्यवसायिक, संगीत, आयूर्वेद, कृषि विद्यालय स्थापना गर्न सम्भाव्यता अध्ययन | | ० | ० | ५०० | |
| ४.१.३ | सञ्चालनमा रहेका विद्यालयहरूलाई नमूना विद्यालयको रुपमा विकास | | ५०० | ७०० | १००० | |
| ४.१.४ | सिकाई उपलब्धि मापन सूचकको विकास | | २०० | ० | ० | |
| ४.१.५ | विद्यार्थीको व्यक्तिगत सूचना प्रणाली निर्माण | | ० | ० | ५०० | |
| ४.१.६ | विशेष पाठ्यक्रम निर्माण | | ० | ० | ५०० | |
| ४.१.७ | व्यक्तिगत सुरक्षा सम्बन्धी विशेष अभिमूखीकरण कार्यक्रम सञ्चालन | | १५० | २०० | ३५० | |
| ५.१.१ | सीप विकास तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय स्थापना | | ० | ० | ३००० | |
| ५.१.२ | डिप्लोमा तहका कार्यक्रमको | | ० | ० | १०० | |

| कार्यनीति नं. | कार्यक्रम | आधार वर्ष २०८२/८३ | लक्ष्य | | | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | सम्भाव्यता अध्ययन | | | | | |
| ५.१.३ | Job Placement का लागि बजारको अध्ययन | | २०० | ० | ३०० | |
| ५.१.४ | शिक्षा तथा तालिमबाट बञ्चित विद्यार्थीको लगत संकलन | | १०० | २०० | २०० | |
| ५.१.५ | विद्यार्थीहरूलाई सरल कर्जाको प्रबन्ध | | २०० | ३०० | ५०० | |
| ६.१.१ | सामुदायिक सिकाई केन्द्र स्थापना | | २३०० | ० | ० | |
| ६.१.२ | पुस्कालय/वाचनालय स्थापना | | ० | ० | १८०० | |
| ६.१.३ | विद्यालय पूर्वाधार सहित इन्टरनेटको व्यवस्था | | ५०० | ५०० | ६०० | |
| ६.१.४ | कार्यविधि निर्माण | | ० | ० | ३०० | |
| ६.१.५ | पुस्तकालय स्थापना | | ० | ० | ८०० | |
| ६.१.६ | कार्ययोजना निर्माण | | ० | ५०० | ० | |
| ७.१.१ | शैक्षिक आवश्यकता बारे लगत संकलन | | १५० | २५० | ० | |
| ७.१.२ | लगत संकलन | | १०० | २०० | ४०० | |
| ७.१.३ | सीप विकास सम्बन्धी कार्यक्रम सञ्चालन | | ५५० | ५५० | ६०० | |
| ७.२.१ | विशेष कोषको व्यवस्था | | ० | ६०० | ० | |
| ७.२.२ | शिक्षा छात्रवृतिको व्यवस्था | | ४०० | ४५० | ५०० | |
| ८.१.१ | गुण तथा सूचकको विकास | | १५० | ० | ० | |
| ८.१.२ | शिक्षक पेशागत विकास कार्यक्रम | | १०० | १५० | ३५० | |
| ८.१.३ | नियमित र नतिजामूखी तालिम | | ५५० | ६०० | ६५० | |
| ८.१.४ | शिक्षक कार्य सम्पादन मूल्याङ्कनलाई विद्यार्थी सिकाई उपलब्धि र परीक्षा परिमाणसँग एकिकृत | | २०० | ३०० | ३५० | |
| ८.१.५ | शिक्षकलाई अनुसन्धान छात्रवृतिको व्यवस्था | | १५० | १५० | १५० | |
| ८.१.६ | विद्यालय सुधार योजना कार्यक्रम सञ्चालन | | २०० | ३०० | ४०० | |
| ८.१.७ | स्थानीय पाठ्यक्रम विकास इकाई गठन | | १५० | ० | ० | |
| ८.१.८ | उत्कृष्ट विषयगत शिक्षक छनोट | | १० | १५ | २० | |
| ८.१.९ | उत्कृष्ट विद्यालय घोषणा | | ८० | ८५ | ९० | |
| ८.१.१० | एक विद्यालय एक स्वास्थ्यकर्मी | | ११०० | १२०० | १३०० | |

| कार्यनीति नं. | कार्यक्रम | आधार वर्ष २०८२/८३ | लक्ष्य | | | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | कार्यक्रम | | | | | |
| ८.१.११ | एक विद्यालय एक मनोसामाजिक परामर्शदाता कार्यक्रम | | ११०० | १२०० | १३०० | |
| ८.१.१२ | विशेष तालिम प्याकेज सञ्चालन | | ३५० | ४०० | ४०० | |
| ८.२.१ | अभिभावक अन्तरक्रिया | | ५० | १०० | १५० | |
| ८.३.१ | विद्यालय व्यवस्थापन समिति गठन | | १०० | ११० | १२० | |
| ८.३.२ | विद्यार्थी अभिभावक सन्तुष्टि सर्वेक्षण | | ५० | ५० | १०० | |
| ८.३.३ | एक कार्यदल गठन | | २५ | ० | ० | |
| ८.४.१ | तथ्याङ्क र प्रमाणमा आधारित नीति निर्माण | | ० | ० | २०० | |
| ८.५.१ | कार्य सम्पादन सम्झौता | | | | | |
| ८.६.१ | अनुगमन तथा नियमन | | १५० | २५० | ३०० | |
| ८.६.२ | मापदण्डमा आधारित छात्रवृति वितरण | | १५० | ३५० | ४०० | |
| ९.१.१ | शिक्षा क्षेत्रमा गरिएको लगानी बृद्धि | | | | | |
| ९.१.२ | भौतिक तथा शैक्षिक पूर्वाधारको यथार्थ विवरण संकलन | | ० | ० | २५० | |
| ९.१.३ | पूर्वाधार विकासका सूची तयार | | १०० | १५० | ३०० | |
| ९.१.४ | विद्युत तथा इन्टरनेट सेवा सुनिश्चित | | ३०० | ५०० | ७०० | |
| ९.१.५ | खेल मैदानको व्यवस्था | | ५०० | ८०० | १००० | |
| ९.१.६ | तारबार तथा पर्खाल निर्माण | | १३०० | १५०० | १८०० | |
| ९.१.७ | पुस्तकालय निर्माण | | ० | ० | १००० | |
| ९.१.८ | विद्यालय गाभ्ने, सार्ने वा नयाँ स्थापना गर्न विशेष अध्ययन | | ८० | ० | ० | |
| ९.१.९ | विद्यालय सम्पत्तीहरूको लगत तयार | | १५० | १५० | १६० | |
| ९.१.१० | शैक्षिक सामाग्रीको प्रयोग विस्तार | | १८० | २०० | २२० | |
| ९.१.११ | विपद् उत्थानशिल विद्यालयको विकास | | ० | ० | ५०० | |
| ९.१.१२ | विपद् जोखिममूक्त विद्यालय निर्माण | | २५०० | २५०० | २५०० | |
| ९.१.१३ | विद्यालयको भौतिक पूर्वाधार निर्माण | | २५०० | २५०० | २००० | |
| १०.१.१ | शैक्षिक कृयाकलाप सञ्चालन सम्वन्धी मापदण्ड निर्माण | | ० | ० | ५०० | |
| १०.१.२ | अनुगमन समिति निर्माण | | १० | १५ | २० | |
| १०.१.३ | सम्पूर्ण संस्थाहरूको तथ्याङ्क संकलन | | ५० | १५० | २०० | |

| कार्यनीति नं. | कार्यक्रम | आधार वर्ष २०८२/८३ | लक्ष्य | | | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| ११.१.१ | सिकाई उपलब्धिमा सूचकको विकास | | १०० | ० | ० | |
| ११.१.२ | स्थानीय शिक्षा विषयक अनुसन्धान | | ० | २०० | ० | |
| ११.१.३ | बहुकक्षा शिक्षण सम्बन्धी आवश्यकता अध्ययन | | १०० | ० | ० | |
| ११.१.४ | कार्ययोजना निर्माण | | ० | ० | ५०० | |
| ११.१.५ | कक्षा शिक्षण वा बहुकक्षा शिक्षण पद्धति अवलम्बन | | २०० | ० | ० | |
| ११.२.१ | स्थानीय संयन्त्रणको विकास | | ० | ४०० | ० | |
| ११.२.२ | मूल्याङ्कनमा ग्रेडिङ प्रणाली अवलम्बन | | २०० | ३०० | ५०० | |
| ११.३.१ | शिक्षक योग्यता मापदण्ड निर्माण | | ० | ० | ३५० | |
| ११.३.२ | शिक्षक सक्षमता मापदण्डलाई विद्यार्थी सिकाई उपलब्धिसँग आबद्ध | | २०० | २०० | ३०० | |
| ११.३.३ | सूचना प्रविधि सम्बन्धी विशेष तालिम सञ्चालन | | २५० | २५० | २५० | |
| ११.३.४ | शिक्षकहरूलाई सघन पुर्नताजगी तालिमको व्यवस्था | | ४८० | ५५० | ६०० | |
| ११.३.५ | विद्यार्थी अन्तरक्रिया कार्यक्रम | | ५० | ६० | ७० | |
| ११.३.६ | रोजगारहरूलाई विद्यालय भौतिक पूर्वाधार निर्माणमा सदुपयोग | | ४८० | ५५० | ६०० | |
| ११.३.७ | विद्यालयहरुलाई अनुदानको व्यवस्था | | १५० | २५० | ३५० | |
| १२.१.१ | प्राविधिक विषय सञ्चालन | | ५०० | ६०० | ७०० | |
| १२.१.२ | बहुप्राविधिक विद्यालय स्थापना गर्न सम्भाव्यता अध्ययन | | ० | ० | ४५० | |
| १२.२.१ | जीवन सीप (Life Skills) विकास | | १५० | २५० | ३५० | |
| १२.२.२ | शिक्षक अभिमूखीकरण कार्यक्रम सञ्चालन | | २०० | २५० | ३०० | |
| १२.३.१ | विज्ञानमा विशेष रुची भएका विद्यार्थीको विवरण संकलन | | १०० | ० | १०० | |
| १२.३.२ | विज्ञान प्रर्दशनी आयोजना | | ४०० | ४५० | ४५० | |
| १२.३.३ | विशेष क्षमता भएका व्यक्तिको पहिचान गर्न अभियान सञ्चालन | | १०० | १०० | १५० | |
| १२.३.४ | विशेष अभिमूखीकरण तथा तयारी कक्षा सञ्चालन | | ३०० | ३०० | ३०० | |
| १३.१.१ | विद्यार्थीको व्यक्तिगत रुची र झुकावको पहिचान | | १०० | २०० | ३०० | |

| कार्यनीति नं. | कार्यक्रम | आधार वर्ष २०८२/८३ | लक्ष्य | | | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १३.१.२ | अन्तरविद्यालय गायन प्रतियोगिता आयोजना | | २०० | ३०० | ४०० | |
| १३.१.३ | अन्तरविद्यालय नृत्य प्रतियोगिता आयोजना | | २०० | ३०० | ४०० | |
| १३.१.४ | अन्तरविद्यालय चित्रकला प्रतियोगिता आयोजना | | २०० | ३०० | ४०० | |
| १३.१.५ | अन्तरविद्यालय वतृत्वकला प्रतियोगिता आयोजना | | २०० | ३०० | ४०० | |
| १३.१.६ | अन्तरविद्यालय वाद्यवादन प्रतियोगिता आयोजना | | २०० | ३०० | ४०० | |
| १३.१.७ | विद्यार्थीलाई जनचेतनामूलक विषयमा सडक नाटक गर्न प्रेरित | | ५० | ५५ | ६० | |
| १३.२.१ | वार्षिक पात्रोको विकास | | ३० | ४० | ५० | |
| १३.२.२ | नियमित स्थलगत अध्ययन | | ५० | ८० | १०० | |
| १३.२.३ | विद्यालय शैक्षिक पात्रोको व्यवस्था | | ३० | ५० | ७० | |
| १३.२.४ | हौसला प्रदानका लागि वृत्तचित्र तथा चलचित्रहरूको नियमित प्रर्दशनको व्यवस्था | | ५० | ६० | ७० | |
| १३.२.५ | विभिन्न प्रतियोगितामा सहभागी हुन पूर्व तयारी | | १०० | १५० | २०० | |
| १३.३.१ | गाउँपालिकास्तरीय संयन्त्रको निर्माण | | ० | ० | ३५० | |
| १३.३.२ | पुस्तकालय निर्माण | | ० | ० | १००० | |
| १३.३.३ | कम्प्युटर ल्याब निर्माण | | ० | १५०० | ० | |
| १३.३.४ | विज्ञान प्रयोगशाला निर्माण | | २००० | ० | ० | |
| १४.१.१ | अल्पसङ्ख्यकहरूको विस्तृत विवरण तयार | | ० | २०० | ० | |
| १४.१.२ | पाठ्यपुस्तक तथा जनशक्तिको व्यवस्था | | ३०० | ५०० | ७०० | |
| १४.१.३ | स्थानीय पाठ्यक्रम निर्माण | | ५०० | ० | ० | |

## ३.४.५ अपेक्षित उपलब्धिहरू

- ✓ भर्ना दर शत प्रतिशत, बिचैमा कक्षा छाड्ने दर न्यून र निरक्षरता शुन्यमा झर्नेछ ।
- ✓ भौतिक तथा शैक्षिक पूर्वाधारको प्रबन्ध हुनेछ ।
- ✓ आधारभूत शिक्षा सबैका लागि नि:शुल्क र अनिवार्य हुनेछ ।
- ✓ माध्यमिक शिक्षा नि:शुल्क र यसमा सबैको पहुँच सुनिश्चित हुनेछ ।
- ✓ सबै विद्यालयहरूमा दक्ष र तालिमप्राप्त विषयगत शिक्षकहरूको उपलब्धता हुनेछ ।

- ✓ आधुनिक, सुविधासम्पन्न र प्रविधियुक्त विज्ञान प्रयोगशाला र कम्प्युटर ल्याबको प्रबन्ध हुनेछ ।
- ✓ खेल मैदान र कभर्ड हलको निर्माण भई विभिन्न खेलकुदको माध्यमबाट विद्यार्थीहरू स्वस्थ र अनुशासित हुनेछन् ।
- ✓ राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय र समयसापेक्ष शिक्षा उपलब्ध हुनेछ ।
- ✓ नैतिकता, राष्ट्रप्रेम र मानव मूल्यमा आधारित शिक्षाको विकास भई नागरिकहरू नैतिकवान हुनेछन् ।
- ✓ आधुनिक विज्ञान र प्रविधिमा युवाहरूको आर्कषण बढ्नेछ ।
- ✓ स्थानीय तहमा बहु प्राविधिक तथा कृषि विद्यालयको स्थापना भई रोजगारमूलक र प्राविधिक शिक्षा स्थानीय स्तरमै उपलब्ध हुनेछ ।

## ३.४.६ शिक्षा, विज्ञान तथा नवप्रवर्तनका नतिजा सूचक

| क्र.सं. | विवरण | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|
| १. | प्राथमिक तहमा खुद भर्नादर | प्रतिशत | | |
| २. | प्राथमिक तह पुरा गर्ने दर | प्रतिशत | | |
| ३. | कक्षा १ मा भर्ना भएका विद्यार्थी मध्ये कक्षा ८ सम्म पुग्ने विद्यार्थी | प्रतिशत | | |
| ४. | कक्षा १ मा भर्ना भएका छात्राहरूको (छात्रको तुलनामा) कक्षा ८ सम्म पुग्ने अनुपात | अनुपात | | |
| ५. | कक्षा १ मा भर्ना भएका छात्राहरूको (छात्रको तुलनामा) कक्षा १२ सम्म पुग्ने अनुपात | अनुपात | | |
| ६. | माध्यमिक शिक्षाको कुल भर्नादर (९ देखि १२) | प्रतिशत | | |
| ७. | पूर्व प्राथमिक शिक्षाको लागि बाल अनुदान पाएको (संख्या) | संख्या | | |
| ८. | पूर्व बाल्यकाल शिक्षामा उपस्थिति (प्रतिशत) हाजिरी | प्रतिशत | | |
| ९. | छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी प्रतिशत (कुल विद्यार्थीमा) | प्रतिशत | | |
| १०. | लैङ्गिक समता सूचकाङ्क (प्राथामिक) | सूचकाङ्क | | |
| ११. | लैङ्गिक समता सूचकाङ्क (माध्यमिक) | सूचकाङ्क | | |
| १२. | १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर | प्रतिशत | | |
| १३. | १५ देखि २४ वर्ष उमेर समूहको महिला साक्षरता दर | प्रतिशत | | |
| १४. | प्रति विद्यार्थी हुने सार्वजनिक खर्च (हजारमा) | हजारमा | | |
| १५. | विद्युतमा पहुँच भएका आधारभूत विद्यालयहरू | प्रतिशत | | |
| १६. | इन्टरनेटमा पहुँच भएका आधारभूत विद्यालयहरू | प्रतिशत | | |
| १७. | WASH सुविधा भएका आधारभूत विद्यालयहरू | प्रतिशत | | |
| १८. | अपाङ्गमैत्री विद्यालयहरू | प्रतिशत | | |
| १९. | न्यूनतम रूपमा संगठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका आधारभूत शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरू | प्रतिशत | | |
| २०. | न्यूनतम रूपमा संगठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका माध्यमिक शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरू | प्रतिशत | | |

| क्र.सं. | विवरण | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|
| २१. | (दिगो विकास लक्ष्य ४ अन्तर्गत) माथिका सबै सूचकहरू | | | |
| २२. | समग्र साक्षरता प्रतिशत | प्रतिशत | | |
| २३. | साक्षरता प्रतिशत (पुरुष) | प्रतिशत | | |
| २४. | साक्षरता प्रतिशत (महिला) | प्रतिशत | | |
| २५. | उच्च शिक्षा अध्यापन हुने कलेज | संख्या | | |
| २६. | प्राविधिक शिक्षा सञ्चालन हुने विद्यालय | संख्या | | |
| २७. | आधारभूत शिक्षा उत्तीर्ण जनसंख्या | प्रतिशत | | |
| २८. | माध्यमिक शिक्षा उत्तीर्ण जनसंख्या | प्रतिशत | | |
| २९. | स्नातक तह उत्तीर्ण जनसंख्या | प्रतिशत | | |
| ३०. | स्नातकोत्तर उत्तीर्ण जनसंख्या | प्रतिशत | | |
| ३१. | विद्या वारिधि उत्तीर्ण जनसंख्या | संख्या | | |
| ३२. | प्राविधिक वा व्यावसायिक तालिम प्राप्त युवा संख्या | प्रतिशत | | |
| ३३. | विज्ञान प्रयोगशाला सुविधा भएका विद्यालय | प्रतिशत | | |
| ३४. | सुविधा सम्पन्न पुस्तकालय भएका विद्यालय | प्रतिशत | | |
| ३५. | बुक कर्नर सुविधा भएका विद्यालय | प्रतिशत | | |
| ३६. | सुविधायुक्त खेलमैदान भएका विद्यालय | प्रतिशत | | |
| ३७. | छात्राको लागि व्यवस्थित शौचालय भएका विद्यालय | प्रतिशत | | |
| ३८. | एक स्वास्थ्यकर्मीको सुविधा भएका विद्यालय | प्रतिशत | | |
| ३९. | अनौपचारिक प्रौढ कक्षा संख्या | संख्या | | |
| ४०. | बालक्लवको संख्या | संख्या | | |

## ३.५ खानेपानी तथा सरसफाई

### ३.५.१ पृष्ठभूमि

सफा सुन्दर र स्वच्छ गाउँ सभ्यताको प्रमुख परिचायक हो। त्यसैगरी स्वस्थ जीवन जिउन हाम्रो वरपरको जनजीवन र सेरोफेरो सफा हुनु जरुरी छ। शहरीकरणको सघनतामा वृद्धि भएकोले यस गाउँपालिकामा फोहोरमैला उत्सर्जन व्यापक रुपमा हुने गरेको र फोहोर व्यवस्थापन मुख्य चुनौतीका रुपमा रहेको छ। तथापि स्वच्छ पानी तथा सरसफाई मानवीय स्वास्थ्यलाई प्रभाव पार्ने प्रमुख तत्वहरू भएको र दिगो विकास लक्ष्यको लक्ष्य नं ६ ले खानेपानी तथा सरसफाईलाई सुनिश्चितता गर्नुका साथै नेपालको संविधानले पनि खानेपानी तथा सरसफाई सुविधालाई नागरिकको मौलिक हकको रुपमा व्याख्या गरेको हुनाले स्वस्थ नागरिक उत्पादनमा योगदान पुऱ्याउन गुणस्तरीय खानेपानी र सरसफाईको क्षेत्रलाई उच्च प्राथमिकतामा राखी थप खानेपानी आयोजनाहरू निर्माण गर्नुपर्ने साथै वैज्ञानिक विधिहरूको प्रयोग गरी फोहोरमैला व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ।

राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार यहाँ जम्मा १६,४६९ घरधुरी मध्ये सामान्यतया धारा/पाइप (घरपरिसर भित्र) को पानी पिउने परिवारको संख्या ६०७ अर्थात ३.६९ प्रतिशत यसैगरी, धारा/पाइप (घरपरिसर बाहिर) को पानी पिउनेको संख्या ९४५ अर्थात ५.७४ प्रतिशत रहेको छ । ट्युवेल/हेण्डपम्पबाट पानी पिउने परिवार संख्या सबैभन्दा धेरै १४,१९६ अर्थात ८६.२० प्रतिशत रहेका छन् । तथापी यहाँ अझै पनि सुरक्षित तथा स्वच्छ खानेपानीको पहुँचबाट धेरै घरधुरीहरु टाढा रहेको अवस्था छ । यसैगरी शौचालयको सुविधाको आधारमा घरपरिवार संख्यालाई हेर्दा सबैभन्दा धेरै १०,४९९ अर्थात ६३.७५ प्रतिशतले साधारण चर्पीको प्रयोग गर्ने गर्दछन् भने दोस्रोमा ५,१३० अर्थात ३१.१५ प्रतिशतले फ्लस भएको (सेप्टि ट्याङ्क) प्रयोग गर्ने गर्दछन् । यसैगरी २५५ अर्थात १.५५ प्रतिशतले फ्लस भएको (सार्वजनिक ढल), ७८ अर्थात ०.४७ प्रतिशतले सार्वजनिक शौचालय प्रयोग गर्ने गरेका छन् भने ५०७ अर्थात ३.०८ प्रतिशतले चर्पीको प्रयोग नगरी खुल्ला स्थानहरुमा दिसा पिसाब गर्ने गरेको देखिन्छ ।

### ३.५.२ गाउँपालिकामा खानेपानी तथा सरसफाई क्षेत्रमा रहेको सबल पक्ष, दुर्बल पक्ष SWOT विश्लेषण

| सबल पक्ष: मुख्य सम्भावना र अवसरहरू |
|---|
| ▪ घरबाट निस्कने फोहोरलाई असंगठित रुपमै भए पनि जैविक मलको रुपमा प्रयोग गर्ने गरिएको । |
| ▪ पालिकामा उत्पादन भएको सड्ने र नसड्ने फोहोरलाई श्रोतमै वर्गीकरण गरेर मात्र संकलनको व्यवस्था गर्ने र संकलित फोहोरको प्रशोधन र बिक्री वितरण गर्ने कार्यका लागि कार्यक्रम तय गरी अगाडी बढ्ने नीति अगाडी सारेको । |
| ▪ बजार क्षेत्रमा फोहोर व्यवस्थापन गर्न केही स्थानमा डस्टबिनहरूको व्यवस्था गर्न सकिने । |
| ▪ पानी शुद्धीकरण प्रक्रियाको चेतनामूलक कार्यक्रम र तालिम सञ्चालन गर्न सकिने । |

| दुर्बल पक्ष: प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ भूमिगत तथा नदी खोलाको प्रशस्त जल स्रोतको उपलब्धता भए तापनि पिउने पानी शुद्धीकरण गरी पिउने उचित प्रबन्ध नभएको । |
| ▪ सम्पूर्ण घरपरिवारलाई सुरक्षित र स्वच्छ पिउने पानी वितरण प्रणालीमा जोड्न नसकिएको । |
| ▪ ट्युबेलको पानीमा गन्ध आउने साथै आइरन, आर्सेनिक जस्ता तत्वहरु देखिएको । |
| ▪ पानीका उपलब्ध प्रमुख स्रोतहरूको वैज्ञानिक हिसाबले संरक्षण र व्यवस्थापन गर्न नसकिएको । |
| ▪ वैज्ञानिकरुपमा फोहोरमैला व्यवस्थापन हुन नसकेको । |
| ▪ गाउँपालिकामा फोहोरमैला व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइटको व्यवस्थापन हुन नसकेको । |
| ▪ फोहोर व्यवस्थापनको ठोस योजना नबन्दा विशेष गरी बजार क्षेत्रमा दीर्घकालीन हिसाबले जटिलता सिर्जना हुन सक्ने । |
| ▪ पिउने पानी तथा सरसफाईको उचित व्यवस्थापन नहुँदा विभिन्न सरुवा रोगको संक्रमण हुन सक्ने । |

### ३.५.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

| दीर्घकालीन सोच |
|---|
| स्वच्छ, स्वस्थ र सुन्दर गाउँपालिका निर्माणका लागि गुणस्तरीय खानेपानी तथा सरसफाई |

| लक्ष्य |
| --- |
| गाउँपालिका सम्पूर्ण वडाहरुमा/बस्तीहरुमा स्वच्छ खानेपानी पुऱ्याउने तथा सरसफाईको प्रभावकारी व्यवस्थापन गर्ने । |

| उद्देश्यहरू |
| --- |
| उद्देश्य १: गाउँपालिकाबासीहरूलाई सुरक्षित खानेपानी सुविधा पुऱ्याउनु । |
| उद्देश्य २: गाउँपालिकाका सम्पूर्ण वडाहरुमा सरसफाईको सुविधा पुऱ्याउनु । |

## उद्देश्य १: गाउँपालिकाबासीहरूलाई सुरक्षित खानेपानी सुविधा पुऱ्याउनु ।

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| १.१. | आधारभूत खानेपानी सुविधा नपुगेका घरपरिवारमा खानेपानी सुविधा विस्तारका लागि प्राथमिकता दिने । | १.१.१ | "एक घर एक धारा" को अवधारणा अनुसार खानेपानी सुविधा नपुगेका घरहरूमा समुदायको सहभागितामा आधारभूत खानेपानी व्यवस्था गरिनेछ । |
| | | १.१.२ | खानेपानी आयोजनाहरू समयमै निर्माण सम्पन्न गरी उपभोक्ता समितिमार्फत सेवा सञ्चालनमा ल्याइनेछ । |
| | | १.१.३ | खानेपानीको गुणस्तरका लागि नियमित पानीको परीक्षण गरिनेछ । |
| १.२. | मुहान संरक्षण तथा खानेपानी सेवाको स्तरवृद्धि गर्ने । | १.२.१ | खानेपानीका मुहान, स्रोत तथा जलाधार क्षेत्रको संरक्षण गरिनेछ । |
| | | १.२.२ | खानेपानीका संरचनाहरूको स्तरोन्नति तथा मुहान सुधार गरी पानी प्रशोधन गरेर मात्र वितरण गरिनेछ । |
| | | १.२.३ | हरेक घरपरिवारमा पाइप मार्फत खानेपानी आपूर्ती प्रणाली निर्माण गरिनेछ । |
| | | १.२.४ | खानेपानीको उपभोगको मात्रा अनुसार महशुल उठाई निर्माण, मर्मत सम्भार तथा व्यवस्थापन कोषको व्यवस्था गरिनेछ । |
| १.३. | खानेपानी तथा सरसफाई कार्य योजना निर्माण र अनुगमन गर्ने । | १.३.१ | पालिका क्षेत्र भित्रका सार्वजनिक सेवा प्रदायक संस्थाहरुमा फोहरमैला व्यवस्थापनको कार्य योजना पेश गर्न लगाई प्रभावकारी नियमन र सहजीकरण गरिनेछ । |
| | | १.३.२ | वन, वातावरण तथा विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाइ सरसफाईका क्रियाकलापहरुको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरिनेछ । |

## उद्देश्य २: गाउँपालिकाका सम्पूर्ण वडाहरूमा सरसफाईको सुविधा पुऱ्याउनु

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| २.१ | हरेक घरपरिवारमा आधारभूत शौचालय तथा सरसफाई सुविधाको व्यवस्था गर्ने । | २.१.१ | घर घरबाट निस्कने फोहोरलाई वर्गीकरण गरी कुहिने फोहोरलाई कम्पोष्ट मलमा परिणत गर्न समुदायलाई विशेष तालिम सञ्चालन गरिनेछ । |
| | | २.१.२ | एक घर एक कम्पोस्ट प्लान्टलाई निरन्तरता दिइनेछ । |
| २.२. | सार्वजनिक स्थल तथा बजार क्षेत्रमा सरसफाई सेवाको व्यवस्थापन गर्ने । | २.२.१ | प्रत्येक सार्वजनिक स्थल, विद्यालय, सामुदायिक भवन, अस्पताल, बजार केन्द्र, बसपार्क जस्ता क्षेत्रहरूमा सार्वजनिक शौचालयको व्यवस्था गरी समुदायलाई सञ्चालनको जिम्मेवारी दिइनेछ । |
| | | २.२.२ | उल्लेखित स्थानहरूमा फोहोरलाई वर्गीकरण गरी फ्याक्नका लागि बास्केट तथा कण्टेनरको व्यवस्था गरिनेछ । |
| | | २.२.३ | फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाउन वैज्ञानिक विधिहरूको प्रयोग गरी ल्याण्डफिल साईटमा फोहोरमैला व्यवस्थापन गरिनेछ । |
| | | २.२.४ | फोहोर पानीको उत्सर्जन कम गर्ने र उत्पादित फोहोर पानीको व्यवस्थापन गरी वातावरण स्वच्छ राखिनेछ । |
| | | २.२.५ | बजार केन्द्रहरूमा घरबाट निस्कने फोहोर व्यवस्थापनका लागि निजी क्षेत्रसँग अन्तरक्रिया गरी व्यवस्था मिलाइनेछ । सो बापत बजार क्षेत्रका घरधुरीहरूबाट सरसफाई शुल्क उठाइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.२.६ पानीको मुहान वरपर फोहोर गर्नेलाई जरिवाना गरिनेछ साथै नदीनाला, जलाशय तथा तालतलैयाको पर्यावरणीय स्वच्छता कायम गरिनेछ । |
| | २.२.७ कुहिने र नकुहिने फोहोर व्यवस्थापनका लागि PPP मोडलमा सेग्रिगेसन सेन्टर स्थापना गरिनेछ । |
| २.३ सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | २.३.१ स्थानीय सञ्चारमाध्यमको सहयोगमा सरसफाई सम्बन्धी नियमित जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| | २.३.२ ४० माइक्रोन भन्दा पातलो प्लास्टिकको प्रयोगलाई बर्जित गरी वैकल्पिक झोलाको प्रयोगलाई प्रोत्साहन गरिनेछ । |

## ३.५.४ कार्यक्रमहरू

| कार्यनीति नं. | कार्यक्रम | आधार वर्ष | लक्ष्य | | | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १.१.१ | "एक घर एक धारा" कार्यक्रम | | १००० | १००० | १५०० | |
| १.१.२ | खानेपानी आयोजनाहरूको निर्माण सम्पन्न | | १५०० | १५०० | १५०० | |
| १.१.३ | खानेपानीको गुणस्तर परीक्षण | | ८०० | ८५० | ९०० | |
| १.२.१ | खानेपानीको मुहान संरक्षण | | ८०० | ८०० | ५०० | |
| १.२.२ | खानेपानीका संरचनाहरूको स्तरोन्नति | | ७०० | ८०० | ९०० | |
| १.२.३ | खानेपानी आपूर्ती प्रणाली निर्माण | | ० | ० | ८०० | |
| १.२.४ | मर्मत सम्भार तथा व्यवस्थापन कोष निर्माण | | ० | ० | १००० | |
| १.३.१ | प्रभावकारी नियमन र सहजीकरण | | १५० | २०० | २५० | |
| १.३.२ | अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास | | ३०० | ० | ० | |
| २.१.१ | फोहोर वर्गीकरण सम्बन्धी विशेष तालिम सञ्चालन | | ४०० | ४५० | ५०० | |
| २.१.२ | एक घर एक कम्पोस्ट प्लान्टलाई निरन्तरता | | ३०० | ३०० | ३०० | |
| २.२.१ | शौचालय प्रयोगलाई प्रोत्साहन | | ३०० | ३०० | ३०० | |
| २.२.२ | फोहोरको वर्गीकरण | | १०० | १०० | ५० | |
| २.२.३ | नियमित रुपमा फोहोरमैला व्यवस्थापन | | २०० | २०० | २०० | |
| २.२.४ | फोहोर पानी व्यवस्थापन | | २०० | २०० | २०० | |
| २.२.५ | फोहोर व्यवस्थापनका लागि निजी क्षेत्रसँग अन्तरक्रिया | | ५० | ५० | ५० | |
| २.२.६ | पर्यावरणीय स्वच्छता कायम | | ५०० | ५०० | ५०० | |
| २.२.७ | कुहिने र नकुहिने फोहोरको व्यवस्थापन | | | | | |
| २.३.१ | सरसफाई सम्बन्धी जनचेतनामूलक | | ३५० | ४५० | ५५० | |

| कार्यनीति नं. | कार्यक्रम | आधार वर्ष | लक्ष्य | | | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | कार्यक्रम | | | | | |
| २.३.२ | वैकल्पिक झोलाको प्रयोगलाई प्रोत्साहन | | ५० | ५५ | ६० | |

### ३.५.५ अपेक्षित उपलब्धिहरू

- ✓ गाउँपालिकाका सम्पूर्ण घरधुरीमा आधारभूत खानेपानी सुविधा भएको हुनेछ ।
- ✓ सम्पूर्ण घरधुरीमा शौचालयको व्यवस्था भएको हुनेछ ।
- ✓ सार्वजनिक स्थल तथा बजार केन्द्रहरूमा सार्वजनिक शौचालयको व्यवस्था भएको हुनेछ ।
- ✓ सरसफाईको अवस्थामा उल्लेख्य सुधार भएको हुनेछ ।

### ३.५.६ खानेपानी तथा सरसफाईका नतिजा सूचक

| क्र.सं. | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|
| १. | पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार (प्रतिशत) (६.१.१.१) **(प.दि.वि.ल.)** | प्रतिशत | | |
| २. | आधारभूत खानेपानी सेवामा पहुँच पुगेका जनसंख्या (६.१.१.२) **(प.दि.वि.ल.)** | प्रतिशत | | |
| ३. | प्रशोधित/सुरक्षित खानेपानीमा पहुँच पुगेको जनसंख्या | प्रतिशत | | |
| ४. | उन्नत सुधारिएका सरसफाई सम्बन्धी सुविधाहरू प्रयोग गर्ने परिवार जसले यस्ता सुविधाहरू अरुसँग साझेदारी गर्नुपर्दैन (६.२.१.१) ( **प.दि.वि.ल.**) | प्रतिशत | | |
| ५. | आधारभूत शौचालय प्रयोग गर्ने जनसंख्याको अनुपात (६.२.१.२) ( **प.दि.वि.ल.**) | प्रतिशत | | |
| ६. | ढल प्रणालीहरू/उपयुक्त (Faecal Sludge Management) मा चर्पी जोडिएका परिवार (६.२.१.३) **(प.दि.वि.ल.)** | प्रतिशत | | |
| ७. | स्थानीयको प्रत्यक्ष संलग्नता तथा व्यवस्थापन वा उपभोक्ता समितिमार्फत सञ्चालन गरिएका खानेपानी तथा सरसफाई आयोजना (६.ख.१) **(प.दि.वि.ल.)** | संख्या | | |
| ८. | आधुनिक र सुविधा सम्पन्न शौचालय प्रयोग गर्ने घरपरिवार | प्रतिशत | | |
| ९. | प्रतिदिन प्रतिव्यक्ति फोहोर उत्पादन (१२.४.२) **(प.दि.वि.ल.)** | प्रति केजी | | |
| १०. | डस्टबिन प्रयोग गर्ने र फोहोरलाई वर्गीकरण गर्ने घरपरिवार | संख्या | | |
| ११. | सामुदायिक हिसाबले संगठित रुपमा नियमित गाउँघर तथा टोल सरसफाई कार्यक्रम संख्या (वार्षिक) | संख्या | | |

## ३.६ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

### ३.६.१ पृष्ठभूमि

राष्ट्रिय जनगणना २०७८, को तथ्याङ्क अनुसार यहाँको जम्मा जनसंख्या मध्ये ३७,३९९ अर्थात ५३.८३ प्रतिशत महिलाको जनसंख्या रहेको छ । यसैगरी गाउँपालिकामा १४ वर्ष मुनीका बालबालिकाको संख्या १९,८५३ अर्थात २८.५८ प्रतिशत रहेकोमा ९,४६० जना बालिका र १०,३९३ जना बालकहरु रहेका छन् । यहाँ ८० वर्ष उमेर समूह भन्दा माथिका व्यक्तिहरुको संख्या ४५४ रहेकोमा २२८ जना पुरुष र २२६ जना महिलाहरु रहेका छन् । यहाँको जम्मा जनसंख्या मध्ये १,९२८ जना अपाङ्गता भएका व्यक्तिहरु रहेका छन् ।

## ३.६.२ पालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रमा रहेको सबल पक्ष, दुर्बल पक्ष SWOT विश्लेषण

| सबल पक्षहरू: मुख्य सम्भावना र अवसरहरू |
|---|
| ▪ हाल पालिकाले निर्माण गरेको ऐन, नियम, कार्यविधि जस्ता कानून निर्माणका क्रममा दलित, महिला, एकल महिला, जनजाती आदिको सहभागिता हुने गरेको । |
| ▪ पालिकाले महिलाहरुको क्षमता विकासका तालिमहरु संचालन गर्ने तथा महिला हिंसा न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम संचालन गर्ने नीति लिएको । |
| ▪ स्थानीय नीति तथा कानूनमा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, रैथाने र आप्रवासी कामदार तथा श्रमजिवी उपर हुने विभेद रोक्ने प्रावधान व्यवहारिक रुपमा रहेको । |
| ▪ योजना तर्जुमा र कार्यान्वयनमा समावेशी पद्धति विकास र अवलम्बन गरिएको । |
| ▪ पालिकाको बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा बञ्चितीकरणमा परेको समुदायलाई फाईदा पुग्ने गरी केही प्रतिशत बजेट छुट्याउने गरेको । |
| ▪ महिला र बालबालिका लक्षित गरी केही प्रतिशत बजेट विनियोजन गरेर कार्यक्रम सम्पन्न गरेको । |
| ▪ विपन्न महिलालाई सिपमूलक तालिम दिई आय आर्जनका कार्यक्रम गर्ने गरिएको । |
| ▪ समिति तथा उपसमितिहरू गठन गर्दा लैङ्गिक तथा समावेशी प्रतिनिधित्वलाई सुनिश्चित गरिएको । |
| ▪ पालिकाको सबैजसो निकाय तथा समितिहरूमा महिला सहभागिताको सुनिश्चितता तथा कार्यान्वयन ( ३३%) भएको । |
| ▪ सामाजिक सुरक्षा पञ्जिकरण आदिको प्रविधिको सहयोगबाट अभिलेखीकरण गर्ने गरेको । |
| ▪ समावेशी सुचना प्रणालीको व्यवस्थापनको लागि बजेटको व्यवस्था गरेको । |
| ▪ खण्डीकृत सुचना तथा तथ्याङ्क संकलन अद्यावधिक गर्ने कार्य अभ्यासमा रहेको । |
| ▪ अपाङ्ग पुर्नस्थापना केन्द्र, विपन्न सहायता केन्द्र, अनाथालय तथा ज्येष्ठ नागरिक स्याहार केन्द्र स्थापना गरी न्यायपूर्ण समाजको स्थापनामा सहयोग पुऱ्याउन सकिने । |
| ▪ शिक्षा र जनचेतनामा आएको क्रमिक सकारात्मक सुधारका कारण महिला तथा सीमान्तकृत वर्गको उत्थानमा उपयुक्त वातावरण बन्दै जाने । |
| ▪ सबै तह र तप्काका समुदायलाई सामाजिक मूल प्रवाहिकरणमा ल्याउँदा गाउँपालिकाको समग्र विकास प्रक्रियाले गति लिन सक्ने । |
| ▪ महिलाहरू राजनीतिक गतिविधिमा संलग्न हुन थालेकाले उनीहरूका आवाजहरू सम्बन्धित निकायमा पुऱ्याउन सहज भएको । |
| ▪ एकल महिला, बेरोजगार महिला, अति पिछडिएका तथा विपन्नहरूका लागि रोजगारमूलक तालिमको व्यवस्था गर्न सकिने । |
| ▪ महिला तथा पुरुषको समविकासको लागि छुट्टै लै.स.सा.स. नीति तयार गरी कार्यान्वयन गर्न सकिने । |
| ▪ पालिकामा स्थानीय कर्मचारीहरू कार्यरत रहेको हुँदा समुदायको भाषा सँस्कृति बुझ्ने भएकाले काम गर्न सहज हुने जसले गर्दा सबै समुदायको समस्याहरू, चुनौतीहरूलाई नजिकबाट नियाल्न सकिने । |
| ▪ स्थानीय सूचनाहरू स्थानीय भाषामा प्रवाह तथा प्रसारण गरी सबै क्षेत्रमा सबै समुदायको सहभागीता सुनिश्चित गर्न सकिने । |

| दुर्बल पक्षः प्रमुख समस्याहरु र चुनौतीहरू |
|---|
| ▪ पालिकामा सामुदायिक भेटघाट केन्द्र, दलित सञ्जाल, महिला सञ्जाल, वृद्धाश्रम, बाल सुरक्षा तथा सुधार गृह जस्ता भवनहरूको अभाव रहेको । |
| ▪ बञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको लागि विशेष कार्यक्रम तथा बजेटको व्यवस्था गर्न नसकिएको । |
| ▪ समाजमा महिला, दलित, लैङ्गिक तथा यौनिक संख्यक, अपाङ्गता भएका व्यक्तिहरूको समग्र सामाजिक स्तर कमजोर रहेको । |
| ▪ जातीय भेदभाव पूर्ण रूपले अन्त्य हुन नसकेको । |
| ▪ सीमान्तकृत समुदाय, आदिवासी थारु लगायतका जनजातिहरूको आर्थिक र सामाजिक सबलीकरण हुन नसकेको । |
| ▪ लुकिछिपी बाल विवाह गर्ने प्रचलन हालसम्म कायम रहेको । |
| ▪ लैङ्गिक विभेद तथा हिंसाले समाजमा सामाजिक विग्रह ल्याउनुका साथै विकासको गतिमा नकारात्मक असर पर्न सक्ने । |
| ▪ महिला पछाडि पर्दा समग्र पारिवारिक संगठन र समाज नै विकृत बन्न सक्ने । |
| ▪ सामाजिक सौहार्दता, मेलमिलाप, शान्ति र समृद्धिका लागि सामाजिक विवेकको प्रयोग गरी सामाजिक अन्तरघुलनका साथै महिला सशक्तिकरण र सीमान्तकृत वर्गको मूल प्रवाहिकरण गर्न । |
| ▪ व्यापक रूपमा महिला शिक्षा तथा अन्य जातजाति, अल्पसङ्ख्यक र सीमान्तकृतहरूलाई विशेष रूपमा लक्षित गरी कार्यक्रमहरू सञ्चालन गर्न । |
| ▪ प्रसूती सेवाको व्यवस्था गर्नुको साथै प्रजनन् स्वास्थ्यबारे जनचेतना फैलाउन । |
| ▪ घरेलु हिंसा र महिला हिंसा निर्मूल गर्न । |
| ▪ बालविवाह तथा बहुविवाहलाई दण्डित गर्न । |
| ▪ बालमैत्री, अपाङ्गमैत्री तथा महिलामैत्री संरचनाहरू निर्माण गर्न । |
| ▪ सीमान्तकृत समुदाय, आदिवासी जनजातिहरूको आर्थिक र सामाजिक सबलीकरण हुन नसकेको । |
| ▪ जनचेतनामूलक कार्यक्रमहरू अपेक्षाकृत रूपमा प्रभावकारी हुन नसकेका । |

## ३.६.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

### दिर्घकालीन सोच

लैङ्गिकता तथा सामाजिक समावेशीकरणका हिसाबले न्यायपूर्ण र समान समाज निर्माण

### लक्ष्य

लिङ्ग, वर्ग, क्षेत्र, धर्म, सम्प्रदाय, वर्ण, भाषा, क्षेत्र लगायत कुनैपनि दृष्टिले समान, सभ्य र सौहार्दपूर्ण समाजको स्थापना गर्ने ।

### उद्देश्यहरू

उद्देश्य १: लैङ्गिक समानता कायम गरी महिला, किशोरी तथा बालिकाको सर्वाङ्गिण विकास गर्न नीतिगत तथा स्थानीय सरकारका संरचनाहरू सक्षम तुल्याउनु ।

उद्देश्य २: लैङ्गिक समानतामैत्री असल शासन प्रवर्द्धन गर्नु ।

उद्देश्य ३: समाजमा रहेका लैङ्गिक भेदभावपूर्ण संस्कार, कुरिति, परम्परा र अभ्यासहरूको अन्त्य गरी सामाजिक न्यायमा आधारित सभ्य समाजको निर्माण गर्नु ।

उद्देश्य ४: महिला सशक्तिकरणका लागि सर्वाङ्गीण विकासको अवधारणा व्यवहारमा उतार्नु ।

उद्देश्य ५: सामाजिक समावेशीकरणका दृष्टिकोणले मूल प्रवाहमा नपरेका सबै लिङ्ग, जात, धर्म, सम्प्रदाय, भाषा, क्षेत्र, उमेर वा अन्य आधारमा हुने सबै प्रकारका विभेदको अन्त्य गरी सामाजिक समावेशिता सुनिश्चित गर्नु ।

## उद्देश्य १: लैङ्गिक समानता कायम गरी महिला, किशोरी तथा बालिकाको सर्वाङ्गिण विकास गर्न नीतिगत सुधार तथा स्थानीय सरकार संयन्त्र र संरचनाहरूलाई सक्षम तुल्याउनु ।

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| १.१ | पालिकाले निर्माण तथा अबलम्बन गर्ने विकास सम्बन्धी सम्पूर्ण नीति, रणनीति, निर्देशिका तथा अन्य औजारहरू पूर्णत लैङ्गिकरुपमा सूसुचित, संवेदनशील र मैत्रीपूर्ण बनाउने । | १.१.१ | पालिकाद्वारा हालसम्म निर्माण गरी लागु भएका विकास सम्बन्धी नीति, नियम, निर्देशिका तथा औजारहरू पूर्णत लैङ्गिक दृष्टिकोणबाट उपयुक्त भए नभएको विश्लेषण गरी सुधार गरिनेछ । |
| | | १.१.२ | पालिकाद्वारा सम्पादन गर्ने वा गराउने विकास, योजना तथा नीति निर्माण सम्बन्धी क्रियाकलापहरूका कार्यक्षेत्रगत शर्तहरू तयार पार्दा लैङ्गिकतामैत्री भएको सुनिश्चित गरिनेछ । |
| | | १.१.३ | पालिकामा भैरहने सबै प्रकारका क्रियाकलापहरू लैङ्गिकमैत्री भएको सुनिश्चित गर्न लैङ्गिक श्रोत व्यक्तिको (अधिकारीको) व्यवस्था गरी निरन्तर विज्ञसँग सल्लाह सुझाव लिइनेछ । |
| | | १.१.४ | नीतिगत सुधार गर्न दस्तावेजहरूमा लक्षित समुदायका परिभाषा र पहिचान स्पष्ट गरिनेछ । |
| | | १.१.५ | लैङ्गिकताको क्षेत्रमा महशुस योग्य सुधार गर्न यस सम्बन्धी खण्डिकृत तथ्याङ्कहरूको उपयोग गरिनेछ । |
| | | १.१.६ | निश्चित समयमा अद्यावधिक हुने खण्डिकृत तथ्याङ्क प्रणालिको निर्माण गरिनेछ । |
| १.२ | प्रभावकारी लैङ्गिकमैत्री संयन्त्रहरूको विकास गरी संस्थागत गर्दै लैजाने । | १.२.१ | पालिकामा सामाजिक विकास शाखालाई श्रोत र साधनयूक्त तुल्याई लैङ्गिकता सम्बन्धी विषय र क्रियाकलापको सम्बोधन हुने केन्द्रको रुपमा विकास गरिनेछ । |
| | | १.२.२ | स्थानीय न्यायिक समितिलाई प्रभावकारी कार्य सम्पादन गर्न सबल र सक्षम तुल्याइनेछ । |
| | | १.२.३ | न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरूलाई न्याय सम्पादन तथा मेलमिलाप सम्बन्धी नियमित तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ । |
| | | १.२.४ | महिला कर्मचारीहरूका लागि स्तनपान कक्ष तथा शिशु स्याहार कक्षको निर्माण गरिनेछ । |
| | | १.२.५ | महिलामैत्री शौचालयको अनिवार्य प्रबन्ध गरिनेछ । |
| | | १.२.६ | सार्वजनिक संरचना निर्माण गर्दा महिलामैत्री संरचना निर्माणको सुनिश्चितता हुने रणनीति कार्यान्वयन गरिनेछ । |
| | | १.२.७ | पालिकाको GESI सम्पर्क अधिकारीलाई क्षमता विकास सम्बन्धी नियमित तालिम र अभिमूखीकरण गरिनेछ । |
| | | १.२.८ | GESI परीक्षण तथा सामाजिक परीक्षणलाई नियमित र संस्थागत गरिनेछ । |

## उद्देश्य २: लैङ्गिक समानतामैत्री असल शासन प्रवर्द्धन गर्नु ।

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| २.१ | सामाजिक न्यायमा आधारित लैङ्गिकमैत्री शासन स्थापित गर्न प्रभावकारी संस्थागत संयन्त्रण निर्माण गर्ने । | २.१.१ | पालिकामा लैङ्गिक समानतासँग सम्बन्धित सामाजिक विकास शाखा, न्यायिक समिति, लैङ्गिक सम्पर्क व्यक्ति लगायतका सरोकारवालाहरू लैङ्गिक समानताका दृष्टिले शासकीय तहमा रहेका असल अभ्यास, सिद्धान्त, अवधारणा र प्रतिफल बारे सुसूचित गर्न विशेष तालिम प्रदान गरिनेछ । |
| | | २.१.२ | विशेष गरी लैङ्गिकतासँग प्रत्यक्ष वा अप्रत्यक्ष गाँसिएका स्थानीय कानून निर्माण गर्दा कानून मस्यौदाकारहरूलाई यथेष्ट तालिम तथा अभिमूखीकरण गरिनेछ । |
| | | २.१.३ | लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई पूर्णत संस्थागत गरिनेछ । |
| | | २.१.४ | सार्वजनिक तथा नीति क्षेत्र दुवैमा कार्यस्थलमा लैङ्गिक संवेदनशीलता तथा समानता सुनिश्चित गर्न विशेष आचार संहिता निर्माण गरी लागु गरिनेछ । |
| | | २.१.५ | यस प्रकारका आचार संहिता, कानून तथा विविध प्रावधानहरूका अन्तरबस्तुका बारेमा सर्वसाधारणलाई व्यापक रुपमा सु-सूचित गर्न विभिन्न सञ्चार माध्यमहरूलाई परिचालन गरिनेछ । |
| | | २.१.६ | स्थानीय तथ्याङ्क प्रणालीलाई लैङ्गिक विषयसँग सम्बन्धित सम्पूर्ण खण्डीकृत तथ्याङ्कहरूको समेत व्यवस्थापन गर्ने प्रणालीको रुपमा विकास गरिनेछ । |
| | | २.१.७ | यस प्रकारको तथ्याङ्क प्रणालीलाई सूचना प्रविधिमैत्री र सहजै पहुँच योग्य तुल्याइनेछ । |

## उद्देश्य ३ : समाजमा रहेका लैङ्गिक भेदभावपूर्ण संस्कार, व्यवहार, कुरिति, परम्परा र अभ्यासहरूको अन्त्य गरी सामाजिक न्यायमा आधारित सभ्य समाजको निर्माण गर्नु ।

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| ३.१ | नैतिक मूल्य, सामाजिक तथा मानविय आचरणको प्रवर्द्धन मार्फत सबै प्रकारका भेदभाव अन्त्य गरी सामाजिक रुपान्तरण गर्ने । | ३.१.१ | विद्यालय तहको पाठ्यक्रम साथै विद्यार्थीहरूलाई लैङ्गिक समानता झल्काउने र प्रवर्द्धन गर्ने प्रकारका शैक्षिक सामाग्रीको प्रयोग गरी व्यापक चेतना अभिवृद्धि गरिनेछ । |
| | | ३.१.२ | पालिकाभर रहेका सामाजिक कु-प्रथाहरूको अध्ययन र पहिचान गरिनेछ । साथै यस प्रकारका कु-प्रथाको कारण समेत विश्लेषण गरिनेछ । |
| | | ३.१.३ | महिला भूमिका रुपान्तरणका क्षेत्रमा नतिजामूखी कार्यक्रम सञ्चालन गरी स्थानीय महिलाहरूलाई उत्प्रेरणा जगाइनेछ । यस कार्यमा विशेष गरी पुरुष सरह भूमिका निभाइरहेका महिलाका सफलताका कथाहरू उनीहरूको तहबाट सम्प्रेषण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । |
| ३.२ | लैङ्गिक हिंसा साथै यौन हिंसा लक्षित विशेष कार्यक्रम सञ्चालन गर्ने । | ३.२.१ | महिला माथि हुने हिसांको प्रकृतिबारे विशेष अध्ययन गरिनेछ । |
| | | ३.२.२ | विपन्न र असहाय महिलाहरूको लागि भेदभाव र हिंसा विरुद्ध निशुल्क कानूनी उपचार प्रदान गर्न विशेष संयन्त्र विकास गरिनेछ । |
| | | ३.२.३ | न्यायिक समितिका पदाधिकारीहरूलाई नियमित पुर्नताजगी तालिम प्रदान गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३.२.४ यौन हिंसाका घटनाहरूलाई नलुकाई उजागर गर्न सुरक्षा निकाय र महिला सेलको सहयोगमा विद्यालयस्तरमा किशोर-किशोरी केन्द्रित कार्यक्रमहरू नियमित सञ्चालन गरिनेछ । |
| | ३.२.५ हिंसा पिडित, बेचविखनमा परेका महिला, किशोरी वा बालिका लैङ्गिक तथा यौनिक अल्पसंख्यकका लागि विशेष सुरक्षा र संरक्षण गर्न सुरक्षा गृह तथा दिर्घकालिन रुपमा पुर्नस्थापना गर्न पुर्नस्थापना केन्द्रको स्थापना गरिनेछ । |
| | ३.२.६ हिंसा पिडित महिला तथा किशोरीहरू लक्षित मनोपरामर्शका कार्यक्रमहरू सञ्चालन गरिनेछ । मनोपरामर्श सेवालाई नियमित र पहुँच योग्य बनाउन call center सञ्चालनमा ल्याइनेछ । |
| | ३.२.७ हिंसा पिडितहरूको उद्धार गर्न हेल्पलाईन सेवा सञ्चालन गरिनेछ । |
| | ३.२.८ लैङ्गिक तथा यौन हिंसा न्यूनिकरण गर्न समुदायस्तरमा आवश्यकता अनुसार निगरानी तथा सहायता समूह गठन गरिनेछ । |
| | ३.२.९ हिंसा प्रभावित तथा जोखिममा रहेका महिलाहरू केन्द्रित विशेष आयआर्जनका कार्यक्रमहरू सञ्चालन गरिनेछ । |
| | ३.२.१० समाजमा व्याप्त अन्धविश्वास र कुरिती जस्तै महिनावारी, बालबिवाह, बहुबिवाह, दाइजो तथा तिलक जस्ता प्रथाहरूका नकारात्मक प्रभावबारे विद्यालयस्तरबाट जागरण गर्ने प्रकारका छात्र छात्रा केन्द्रित कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ३.२.११ बोक्सीका नाममा हुने सबै प्रकारका हिंसाको सम्बोधन, सुनवाई कार्वाही हुने वडा स्तरीय संयन्त्रको निर्माण गरिनेछ । |
| | ३.२.१२ लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूका समस्याहरू सम्बोधन गर्न उनीहरूको वस्तुगत विवरण संकलन गरी समाजमा आत्मसम्मानका साथ सहज तरिकाले जीवन यापन गर्न सक्ने वातावरण निर्माण गर्न व्यापक जनचेतना अभिवृद्धि गरिनेछ । |

## उद्देश्य ४: महिला सशक्तिकरणका लागि उनीहरूको सर्वाङ्गिण विकासको अवधारणालाई व्यवहारमा उर्तानु

| रणनीति | कार्यनीति |
|---|---|
| ४.१ समान कामका लागि समान ज्याला सुनिश्चित गरी श्रममा हुने विभेदको अन्त्य गर्ने साथै आर्थिक विकासमा महिलाको भूमिकालाई उच्च कदर गर्ने । | ४.१.१ घरेलु कामकाजमा महिला र पुरुषको हिस्सा समान गर्न महिलालाई औपचारीक साथै उच्च प्रतिफलमूखी कामकाज तर्फ आर्कषण गर्न कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ४.१.२ आफ्नो श्रमको अधिकांश समय घरेलु काममा व्यतित गर्नुपर्ने महिलाको तथ्याङ्क तयार पारिनेछ । |
| | ४.१.३ यस प्रकारका काममा संलग्न महिलालाई घर बाहिरका उत्पादनमुलक काममा आर्कषण गर्न उनीहरूका परिवारसँग अन्तरक्रिया तथा सहकार्य गरिनेछ । |
| | ४.१.४ ज्ञान, सीप तथा साक्षरतामा पुरुष र महिलाबिचको अन्तरलाई शून्यमा |

| रणनीति | कार्यनीति | |
|---|---|---|
| | | झार्न लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ । |
| | ४.१.५ | विश्वविद्यालय शिक्षा पुरा गर्न चाहने महिलाहरूलाई विशेष प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ४.१.६ | बुहारी शिक्षा कार्यक्रम सञ्चालन गरी विवाह पछि, विवाहको कारणले अध्ययन गर्न नपाएका महिलाको लागि विशेष प्रोत्साहन हुने कार्यक्रम सञ्चालन गरिनेछ । |
| ४.२ महिला उद्यमशिलता तथा स्वरोजगारी प्रर्वद्धन गरी महिलाको आर्थिक सशक्तिकरण गनै । | ४.२.१ | महिला उद्यमशिलता वृद्धि गर्न समूहमा व्यवसाय सञ्चालन गर्न योजनाहरूमा मापदण्डका आधारमा व्याजमा अनुदान प्रदान गरिनेछ । |
| | ४.२.२ | कम्तीमा २ जना महिलालाई रोजगारी दिने उद्यम गर्न चाहेमा त्यस्ता उद्यमशील महिलालाई मापदण्डका आधारमा Venture Capital को व्यवस्था गरिनेछ । |
| | ४.२.३ | सफल महिला उद्यमीहरूलाई उद्यमशील महिलाहरूसँग साक्षात्कार गराई उत्प्रेरणा जगाउने क्रियाकलाप सञ्चालन गरिनेछ । |
| | ४.२.४ | पालिकामा उद्यमी महिलाहरूको पहिचान गरी उनीहरूका अपेक्षा र समस्याबारे बुझ्न वर्षमा एक पटक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ४.२.५ | राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ बमोजिम **एक स्थानीय तह एक बिक्री केन्द्र** कार्यक्रम अनुरुप स्थानीय स्तरमा महिलाहरूले उत्पादन गरेका वस्तुहरूको बजार सुनिश्चित गर्न पालिकामा एक विक्री केन्द्र स्थापना गरिनेछ । |
| | ४.२.६ | प्रावधिक विषय अध्ययन गर्न चाहने महिलाहरूका लागि विशेष प्रोत्साहन वापत अध्ययन खर्चमा मापदण्ड आधारमा अनुदान प्रदान गरिनेछ । |
| | ४.२.७ | कुनै प्रकारका सरकारी सेवामा प्रवेश गर्न चाहने महिलाहरूलाई निशुल्क विशेष तयारी कक्षा सञ्चालन गरिनेछ । |
| ४.३ श्रोत र साधन माथि महिलाको समान पहुँच, नियन्त्रण र निर्णय प्रक्रियामा सहभागिता सुनिश्चित गरी आर्थिक रुपमा सबल तुल्याइने । | ४.३.१ | पूँजी बजारमा महिलाको पहुँच वृद्धि गर्न स्थानीय महिला सेल मार्फत जागरण र अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ४.३.२ | महिलाद्धारा सञ्चालित व्यवसाय तथा उद्योगहरूमा मापदण्डका आधारमा विशेष छुटको प्रबन्ध गरिनेछ । |
| | ४.३.३ | महिला उद्यमशिलता सहजिकरण केन्द्रको स्थापना गरिनेछ । |
| | ४.३.४ | भविष्यमा पालिकामा स्थापना हुने औद्योगिक ग्राममा महिला उद्यमीहरूका लागि विशेष स्थानको प्रबन्ध हुनुपर्ने नीति निर्माण गरिनेछ । |
| | ४.३.५ | स्थानीय सहकारी, वित्तिय संस्था तथा बैङ्कहरूसँग सहकार्य गरी महिलाद्वारा गरिने व्यवसायमा विशेष छुट र सहजिकरण गर्ने प्रबन्ध मिलाइनेछ । |
| | ४.३.६ | महिला सहकारीहरूलाई विशेष प्रोत्साहन गर्ने नीति निर्माण गरी कार्यान्वयन गरिनेछ । |
| | ४.३.७ | स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरू स्थापना तथा सञ्चालन गर्ने महिला समूहलाई विशेष आधार बनाई सोही आधारमा विशेष अनुदानको व्यवस्था गरिनेछ । |

## सामाजिक समावेशीकरण

**उद्देश्य ५: सामाजिक समावेशीकरणका दृष्टिकोणले मूल प्रवाहमा नपरेका सबै लिङ्ग, जात, धर्म, सम्प्रदाय, भाषा, क्षेत्र, उमेर वा अन्य आधारमा हुने सबै प्रकारका विभेदको अन्य गरी सामाजिक समावेशिता सुनिश्चित गर्नु ।**

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| ५.१ | पालिकाले सम्पन्न गर्ने सबै विकास क्रियाकलाप, सेवा, प्रवाह, योजना नीति तथा कार्यक्रममा सामाजिक समावेशीकरणको सिद्धान्त पूर्णत अवलम्बन गर्ने । | ५.१.१ | पालिकाको स्थानीय सामाजिक समावेशीकरण नीति निर्माण गरी लागू गरिनेछ । |
| | | ५.१.२ | सामाजिक समावेशिता कार्यान्वयनमा आइपरेका कठिनाई र बाधा व्यवधानलाई शुक्ष्म रुपमा अध्ययन गरी टोल-टोलको तहबाट समाधानका वस्तुगत उपायहरू पहिचान गरिनेछ । |
| | | ५.१.३ | नियमित रुपमा सामाजिक समावेशीकरणमा भैरहेका उपलब्धि साथै कमीकमजोरीको अवस्था यकिन गर्न चुस्त प्रतिवेदन प्रणालीको निर्माण गरिनेछ । |
| | | ५.१.४ | सामाजिक समावेशीकरण सम्बन्धी सम्पूर्ण खण्डीकृत तथ्याङ्कहरू नियमित रुपमा अध्यावधिक हुने प्रबन्ध गरी सूचना प्रविधिमैत्री तथा पहुँच योग्य तुल्याइनेछ । |
| | | ५.१.५ | वार्षिक नीति तथा कार्यक्रममा सामाजिक समावेशिता सुनिश्चित गर्न स्थानीय सामाजिक विकास समिति र सम्बन्धित सरोकारवालाहरूलाई प्रशिक्षण गरिनेछ । |
| | | ५.१.६ | सामाजिक समावेशीकरण सम्पर्क व्यक्तिको व्यवस्था गरी कार्य विवरण तोकिनेछ । |
| | | ५.१.७ | हिंसा, विपद्, गरिबी आदिका कारण पूर्ण संरक्षणको आवश्यकता भएका कुनै प्रकारका व्यक्तिहरूको अभिभावकत्व पालिकाले लिनेछ । |
| | | ५.१.८ | बेसहारा, फकिर, सडक मानव, ज्येष्ठ नागरिकहरूको न्यूनतम आवश्यकता र सुरक्षाका लागि पालिकामा एक संरक्षण केन्द्र स्थापना गरिनेछ । |
| | | ५.१.९ | संरक्षणको आवश्यकता पर्ने सम्पूर्ण नागरिकको वडागत लगत संकलन गरी परिचय पत्र वा स्थितिको पहिचान खुल्ने पहिचान पत्र प्रदान गरिनेछ । |
| | | ५.१.१० | पालिकाभित्र हुने विकास क्रियाकलाप तथा प्रधानमन्त्री रोजगार कार्यक्रम जस्ता कार्यक्रमहरूमा लक्षित वर्गको रोजगारी सुनिश्चित हुने गरी प्राथमिकता प्रदान गरिनेछ । |
| | | ५.१.११ | सामाजिक परीक्षणलाई नियमित गरी प्रतिवेदन प्रणालीमा आबद्ध गरिनेछ । |
| ५.२ | सामाजिक समावेशिताका दृष्टिकोणबाट पछाडी परेका नागरिकहरूको आर्थिक सबलिकरण र मूल प्रवाहिकरण सुनिश्चित हुने कार्यक्रम कार्यान्वयन गर्ने । | ५.२.१ | पालिकाको सामाजिक समावेशिताको वस्तुगत तथ्याङ्कका आधारमा समावेशी सूचकहरूको निर्माण गरी समावेशितालाई मापनयोग्य तुल्याइनेछ । |
| | | ५.२.२ | पालिकाको अभिलेख प्रणालीलाई सूचना प्रविधिमैत्री बनाउन प्रत्येक वडा कार्यालय लगायत सामाजिक विकास शाखालाई श्रोत र साधनयुक्त बनाइनेछ । |
| | | ५.२.३ | लक्षित समुदाय र अन्य आम नागरिकहरूका बिच रहेका अन्तरलाई कम गर्न विषय क्षेत्र कार्यक्रमहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । उदाहरणका लागि साक्षरता प्रतिशत, स्वास्थ्य सेवा, पहुँच |

| रणनीति | कार्यनीति | |
|---|---|---|
| | | आदि । |
| | ५.२.४ | आय आर्जन तथा आर्थिक सशक्तिकरणका लागि बीउ पूँजी वितरण गर्न अति विपन्न लक्षित वर्गको पहिचान गरी अनुदानको मापदण्ड तयार गरिनेछ । |
| | ५.२.५ | विपन्न र लक्षित वर्ग केन्द्रित सीप विकास तालिमहरू सञ्चालन गरिनेछ । |
| | ५.२.६ | विपन्न लक्षित सरल कर्जाको प्रबन्ध गरिनेछ । |
| | ५.२.७ | अति विपन्न वर्गमा लक्षित वित्तिय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ५.२.८ | परम्परागत पेशामा संलग्नहरूलाई सीप विकास मार्फत आधुनिकीकरण गर्दै लैजाने साथै मौलिकता प्रर्वद्धन गर्ने लक्षित कार्यक्रम कार्यान्वयन गरिनेछ । |
| | ५.२.९ | लक्षित वर्गलाई उपयुक्त हुने सामाजिक सुरक्षा योजनामा समाहित गरिनेछ । |
| | ५.२.१० | लक्षित वर्गको स्वास्थ्य बीमा गरिनेछ साथै अति विपन्न वर्गलाई स्वास्थ्य बीमा अनुदान प्रदान गरिनेछ । |
| | ५.२.११ | मूल प्रवाह भन्दा बाहिर रहेका शैक्षिक संस्थाहरू जस्तै गुरुकुल, आश्रम, वेद, विद्याश्रम, गुम्बा, मदरसा लगायतका धार्मिक गुठी तथा शैक्षिक संस्थाहरूको क्रमश सुदृढिकरण गरिनेछ । |
| | ५.२.१२ | स्थानीय लोपोन्मुख भाषा, लिपि तथा गाथाहरूको संरक्षण गर्न अर्मूत साँस्कृतिक परम्पराको सूचिकरण गरी ठोस कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ५.२.१३ | यस्ता परम्परा, संस्कृति र पहिचान संरक्षण गर्न पालिकास्तरीय साँस्कृतिक केन्द्रको स्थापना गरिनेछ । |
| | ५.२.१४ | जोखिममा जीवन बिताइरहेका हिंसा पिडितहरूको लगत संकलन गरी उनीहरूको पुर्नस्थापनाका लागि मनोपरामर्श सेवा सञ्चालन गरिनेछ । |
| | ५.२.१५ | भौगोलिक विकटताका कारण स्वास्थ्य उपचारबाट बञ्चित महिला, अपाङ्ग, असहाय तथा अति विपन्न नागरिकहरूलाई तत्काल उद्धार गरी उपचार गर्ने संयन्त्र विकास गरिनेछ । |
| ५.३ व्यापक सामाजिक जागरणका अभियान सञ्चालन गर्ने । | ५.३.१ | सामाजिक सञ्जाल, राष्ट्रिय तथा स्थानीय सञ्चार माध्यमको सहयोगमा सामाजिक सन्देशमूलक सूचना सम्प्रेषणलाई व्यापक बनाइनेछ । |
| | ५.३.२ | विद्यालयतहबाट सामाजिक समावेशीकरण सम्बन्धी अवधारणा आचार र व्यवहारको बारेमा ज्ञान दिन शिक्षक तालिम तथा बालबालिका अभिमूखीकरण गरिनेछ । |
| ५.४ सामाजिक समावेशीकरणमा संलग्न संस्थागत संयन्त्रलाई श्रोत साधन सम्पन्न गरी सबलिकरण गर्ने । | ५.४.३ | सामाजिक समावेशीकरणसँग सम्बन्धित कर्मचारी जनप्रतिनिधि तथा अन्य सरोकारवालाहरूलाई नियमित क्षमता अभिवृद्धि सम्बन्धी तालिमको व्यवस्था गरिनेछ । |
| | ५.४.४ | समावेशिता सम्बन्धी खण्डीकृत तथाङ्कमा आधारित सूचना प्रणाली तथा अभिलेख व्यवस्थापनलाई दुरुस्त पारिनेछ । |
| | ५.४.५ | पालिकाभर सञ्चालन भई सफल ठहरिएका असल अभ्यासहरूलाई उजागर गरी व्यापक प्रचार प्रसार गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ५.४.६ हरेक वर्ष नियमित रुपमा गरिने सामाजिक समावेशिता सम्बन्धी कार्यक्रमलाई वार्षिक पात्रोमा तय गरी सञ्चालन गरिनेछ । |
| | ५.४.७ सामाजिक समावेशिता सम्बन्धी भए गरेका कार्यक्रमहरूको चुस्त प्रतिवेदन प्रणाली निर्माण गरिनेछ । |

## ३.६.४ कार्यक्रमहरू

| कार्यनीति नं. | कार्यक्रम | आधार वर्ष | लक्ष्य | | | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १.१.१ | विकास सम्बन्धी नीति, नियम, निर्देशिका तथा औजारहरूको विश्लेषण | | ० | ३०० | ० | |
| १.१.२ | कार्यक्षेत्रगत शर्त तयार | | ० | १०० | ० | |
| १.१.३ | लैङ्गिक श्रोत व्यवस्था गरी विज्ञसँग सल्लाह सुझावलाई निरन्तरता | | १०० | १५० | २०० | |
| १.१.४ | लक्षित समुदायका परिभाषा र पहिचानबारे जानकारी प्रदान | | १५० | २५० | ३०० | |
| १.१.५ | लैङ्गिकताको क्षेत्रमा महशुस योग्य सुधार | | २०० | २५० | ३५० | |
| १.१.६ | खण्डिकृत तथ्याङ्क प्रणालीको निर्माण | | ० | ० | ५०० | |
| १.२.१ | लैङ्गिकता सम्बन्धी विषय र क्रियाकलापको सम्बोधन | | १०० | १५० | २५० | |
| १.२.२ | न्यायिक समितिको प्रभावकारी कार्य सम्पादन | | २०० | ३०० | ५०० | |
| १.२.३ | न्याय सम्पादन तथा मेलमिलाप सम्बन्धी तालिम तथा प्रशिक्षण कार्यक्रम | | १०० | १५० | ३५० | |
| १.२.४ | शिशु स्याहार कक्षको निर्माण | | ० | ० | १००० | |
| १.२.५ | महिलामैत्री शौचालयको व्यवस्था | | १३०० | १५०० | १८०० | |
| १.२.६ | महिलामैत्री संरचना निर्माणको सुनिश्चितता | | ५० | १५० | ३०० | |
| १.२.७ | क्षमता विकास सम्बन्धी तालिम र अभिमूखीकरण | | ८० | १०० | १५० | |
| १.२.८ | नियमित र संस्थागत GESI परीक्षण तथा सामाजिक परीक्षण | | २०० | २०० | २५० | |
| २.१.१ | लैङ्गिक समानताका दृष्टिले शासकीय तहमा रहेका असल अभ्यास सुसूचित गर्न विशेष तालिम | | २०० | ३०० | ४०० | |
| २.१.२ | कानून मस्यौदाकारहरूलाई यथेष्ट तालिम तथा अभिमूखीकरण | | ५० | १०० | १५० | |
| २.१.३ | बजेट प्रभावकारिता अध्ययन | | १५० | २०० | ३०० | |
| २.१.४ | आचार संहिता निर्माण | | ० | ० | ३०० | |

| कार्यनीति नं. | कार्यक्रम | आधार वर्ष २०८२/८३ | लक्ष्य | | | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| २.१.५ | सञ्चार माध्यमहरूको परिचालन | | १५० | २५० | ३५० | |
| २.१.६ | खण्डीकृत तथ्याङ्कहरूको व्यवस्थापन गर्ने प्रणालीको विकास | | ५०० | ५० | ५० | |
| २.१.७ | सूचना प्रविधिमैत्री तथा सहज तथ्याङ्क प्रणाली | | ० | ० | ३५० | |
| ३.१.१ | जनचेतना अभिवृद्धि | | १५० | २०० | २५० | |
| ३.१.२ | सामाजिक कु-प्रथाहरूको अध्ययन र पहिचान | | ८० | ८५ | ९० | |
| ३.१.३ | महिला भूमिका रुपान्तरणका क्षेत्रमा नतिजामूखी कार्यक्रम | | २५० | ३०० | ३५० | |
| ३.२.१ | महिला माथि हुने हिंसाको प्रकृतिबारे विशेष अध्ययन | | ० | २५० | ० | |
| ३.२.२ | विशेष संयन्त्र विकास | | १०० | १५० | २५० | |
| ३.२.३ | नियमित पुर्नताजगी तालिम | | ४०० | ४५० | ४५० | |
| ३.२.४ | किशोर-किशोरी केन्द्रित कार्यक्रम सञ्चालन | | २५० | ३०० | ३५० | |
| ३.२.५ | पुर्नस्थापना केन्द्रको स्थापना | | ० | ० | २६०० | |
| ३.२.६ | महिला तथा किशोरीहरू लक्षित मनोपरामर्शका कार्यक्रम | | १५० | १५० | १५० | |
| ३.२.७ | हेल्पलाईन सेवा सञ्चालन | | ५० | ५५ | ६० | |
| ३.२.८ | निगरानी तथा सहायता समूह गठन | | १०० | ० | १५० | |
| ३.२.९ | आयआर्जनका कार्यक्रम सञ्चालन | | ४५० | ५०० | ५५० | |
| ३.२.१० | छात्र छात्रा केन्द्रित कार्यक्रम सञ्चालन | | १५० | २०० | २५० | |
| ३.२.११ | वडास्तरीय संयन्त्र निर्माण | | ० | ० | ५०० | |
| ३.२.१२ | लैङ्गिक तथा यौनिक अल्पसंख्यकका समस्या सम्बोधन | | १५० | २५० | ३५० | |
| ४.१.१ | महिला लक्षित औपचारिक कार्यक्रम सञ्चालन | | ३५० | ३५० | ३५० | |
| ४.१.२ | महिलाको तथ्याङ्क तयार | | ० | ० | २५० | |
| ४.१.३ | महिलालाई उत्पादनमुलक काममा आर्कषण गर्न अन्तरक्रिया | | १०० | १०० | १०० | |
| ४.१.४ | पुरुष र महिलाबिचको अन्तरलाई शून्यमा झार्न लक्षित कार्यक्रम | | ५० | १०० | १५० | |
| ४.१.५ | विश्वविद्यालय शिक्षा पुरा गर्न चाहने महिलालाई प्रोत्साहन | | १०० | १५० | २५० | |
| ४.१.६ | बुहारी शिक्षा कार्यक्रम सञ्चालन | | १५० | १५० | १५० | |

| कार्यनीति नं. | कार्यक्रम | आधार वर्ष २०८२/८३ | लक्ष्य | | | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| ४.२.१ | व्याजमा अनुदान प्रदान | | १०० | १५० | २०० | |
| ४.२.२ | Venture Capital को व्यवस्था | | २५० | ३५० | ४५० | |
| ४.२.३ | उद्यमशील महिलाहरूसँग साक्षात्कार कार्यक्रम | | १५० | १५० | १५० | |
| ४.२.४ | उद्यमी महिलाहरूको पहिचान | | ० | २५० | ० | |
| ४.२.५ | बिक्री केन्द्र स्थापना | | ० | २४५० | ० | |
| ४.२.६ | प्रावधिक विषय अध्ययन गर्न चाहने महिलाहरूका लागि विशेष प्रोत्साहन | | १०० | २०० | ३०० | |
| ४.२.७ | निशुल्क विशेष तयारी कक्षा सञ्चालन | | २०० | ३०० | ४०० | |
| ४.३.१ | पूँजी बजारमा महिलाको पहुँच वृद्धि | | १५० | २५० | ३५० | |
| ४.३.२ | महिलाद्धारा सञ्चालित व्यवसायमा मापदण्डका आधारमा विशेष छुटको व्यवस्था | | १०० | १५० | २५० | |
| ४.३.३ | महिला उद्यमशिलता सहजिकरण केन्द्रको स्थापना | | ० | ० | ८०० | |
| ४.३.४ | महिला उद्यमीहरूका लागि विशेष स्थानको प्रबन्ध गर्ने नीति निर्माण | | ० | ० | २०० | |
| ४.३.५ | महिलाद्वारा गरिने व्यवसायमा विशेष छुट र सहजिकरण | | १५० | २५० | ३५० | |
| ४.३.६ | नीति निर्माण कार्यान्वयन | | | | | |
| ४.३.७ | विशेष अनुदानको व्यवस्था | | २०० | ३०० | ४०० | |
| ५.१.१ | सामाजिक समावेशीकरण नीति निर्माण | | ० | ० | २०० | |
| ५.१.२ | सामाजिक समावेशिता कार्यान्वयनमा आइपरेका कठिनाई समाधानका वस्तुगत उपाय पहिचान | | ० | २५० | ० | |
| ५.१.३ | चुस्त प्रतिवेदन प्रणालीको निर्माण | | ० | ० | ५०० | |
| ५.१.४ | सामाजिक समावेशीकरण सम्बन्धी तथ्याङ्कहरू अध्यावधिक | | २०० | ३०० | ३०० | |
| ५.१.५ | वार्षिक नीति तथा कार्यक्रममा सामाजिक समावेशिताको सुनिश्चितता | | ५० | ५५ | ६० | |
| ५.१.६ | सामाजिक समावेशीकरण सम्पर्क व्यक्तिको व्यवस्था | | ३०० | ३५० | ४०० | |
| ५.१.७ | हिंसा, विपद्, गरिबी आदिका कारण पूर्ण संरक्षणको आवश्यकता | | २५० | ४५० | ६५० | |
| ५.१.८ | संरक्षण केन्द्रको स्थापना | | ० | ० | १८०० | |
| ५.१.९ | संरक्षणको आवश्यकता पर्ने सम्पूर्ण | | ५० | ५५ | ६० | |

| कार्यनीति नं. | कार्यक्रम | आधार वर्ष २०८२/८३ | लक्ष्य | | | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | नागरिकको वडागत लगत संकलन | | | | | |
| ५.१.१० | लक्षित वर्गको रोजगारी सुनिश्चित | | १५०० | १६०० | १७०० | |
| ५.१.११ | सामाजिक परीक्षणलाई नियमित गरी प्रतिवेदन प्रणालीमा आबद्ध | | ५० | ६० | ७० | |
| ५.२.१ | समावेशी सूचकहरूको निर्माण | | ० | ० | १०० | |
| ५.२.२ | श्रोत र साधनयुक्त सामाजिक विकास शाखा | | | | | |
| ५.२.३ | लक्षित समुदाय र अन्य आम नागरिकहरूका बिच रहेका अन्तरलाई कम गर्न कार्यक्रमलाई प्राथमिकता | | ५० | १०० | १५० | |
| ५.२.४ | लक्षित वर्गको पहिचान | | ८० | १६० | २५० | |
| ५.२.५ | विपन्न र लक्षित वर्ग केन्द्रित सीप विकास तालिम सञ्चालन | | ५०० | ५५० | ६०० | |
| ५.२.६ | विपन्न लक्षित सरल कर्जाको व्यवस्था | | २०० | ३०० | ४०० | |
| ५.२.७ | वित्तिय साक्षरता कार्यक्रम सञ्चालन | | २०० | ३०० | ४०० | |
| ५.२.८ | मौलिकता प्रर्वद्धन गर्ने लक्षित कार्यक्रम कार्यान्वयन | | २५० | ३०० | ४५० | |
| ५.२.९ | सामाजिक सुरक्षा योजनामा समाहित | | | | | |
| ५.२.१० | अति विपन्न वर्गलाई स्वास्थ्य बीमा अनुदान | | २०० | ३०० | ५०० | |
| ५.२.११ | धार्मिक गुठी तथा शैक्षिक संस्थाहरूको सुदृढिकरण | | २५० | ४५० | ६०० | |
| ५.२.१२ | अर्मूत साँस्कृतिक परम्पराको सूचीकरण | | २० | २५ | ३५ | |
| ५.२.१३ | पालिकास्तरीय साँस्कृतिक केन्द्रको स्थापना | | ० | ० | ८०० | |
| ५.२.१४ | मनोपरामर्श सेवा सञ्चालन | | ५० | १०० | १५० | |
| ५.२.१५ | स्वास्थ्य उपचारबाट बञ्चित विपन्न नागरिकका लागि उपचार संयन्त्रको विकास | | ० | ७५० | १००० | |
| ५.३.१ | सामाजिक सन्देशमूलक सूचना सम्प्रेषणको व्यापकता वृद्धि | | १८० | २८० | ४०० | |
| ५.३.२ | शिक्षक तालिम तथा बालबालिका अभिमूखीकरण | | २०० | ३०० | ४०० | |
| ५.४.३ | क्षमता अभिवृद्धि सम्बन्धी तालिमको व्यवस्था | | ३०० | ३०० | ३०० | |
| ५.४.४ | तथ्याङ्कमा आधारित सूचना प्रणाली | | | | ४०० | |

| कार्यनीति नं. | कार्यक्रम | आधार वर्ष २०८२/८३ | लक्ष्य | | | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| ५.४.५ | असल अभ्यासहरूको उजागर गरी व्यापक प्रचार प्रसार | | १५० | २५० | ३५० | |
| ५.४.६ | सामाजिक समावेशिता सम्बन्धी कार्यक्रम सञ्चालन | | ५० | १०० | १५० | |
| ५.४.७ | चुस्त प्रतिवेदन प्रणाली निर्माण | | ० | ० | ५०० | |

## ३.६.५ अपेक्षित उपलब्धिहरू

- ✓ महिला सचेतनामा वृद्धि हुनेछ ।
- ✓ सरकारी सेवा तथा उद्यम व्यवसायमा महिला विपन्न र सीमान्तकृतको उपस्थिति बढ्नेछ ।
- ✓ अपाङ्गता भएका व्यक्तिहरूका कठिनाईहरू न्यूनीकरण हुनेछ ।
- ✓ सामाजिक, भेदभाव तथा थिचोमिचोमा कमी आउनेछ ।
- ✓ ज्येष्ठ नागरिकको उचित सुरक्षा र सम्मानको प्रबन्ध हुनेछ ।

## ३.६.६ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नतिजा सूचक

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| **लैङ्गिक समानता, ज्येष्ठ नागरिक, अपाङ्गता सामाजिक समावेशीकरण** | | | | | |
| १ | प्रतिफल | गाउँपालिकामा महिला उद्यमीहरू | संख्या | | |
| २ | प्रतिफल | पूर्णरूपमा आत्मनिर्भर एकल महिलाको संख्या ( प्रतिशतमा बढाउँदै लैजाने) | प्रतिशत | | |
| ३ | प्रतिफल | अन्तरजातीय विवाह (बढाउँदै लैजाने) | संख्या | | |
| ४ | प्रतिफल | ज्येष्ठ नागरिक सत्सङ्ग केन्द्र | संख्या | | |
| ५ | असर | लैङ्गिक समानतालाई प्रत्यक्ष योगदान पुऱ्याउने बजेटको (१.ख.१.१) **(प.दि.वि.ल.)** | प्रतिशत | | |
| ६ | असर | सामाजिक सुरक्षामा योजनामा समावेश भएका नागरिक | प्रतिशत | | |
| ७ | असर | सामाजिक सुरक्षा खर्चमा छुट्याइएको कूल बजेटको प्रतिशत (१.क.२) **(प.दि.वि.ल.)** | प्रतिशत | | |
| ८ | असर | आधार वर्षको तुलनामा न्यायिक समितिमा उजुरीको ( प्रतिशतले घटाउँदै लैजाने) | प्रतिशत | | |
| ९ | असर | विगत १२ महिनामा शारीरिक, मनोवैज्ञानिक लैङ्गिक तथा यौनजन्य हिंसामा परेका जनसंख्या (संख्यामा) घटनाको आधारमा (१६.१.१) **(प.दि.वि.ल.)** | संख्या | | |
| १० | असर | दर्ता गरिएका सम्बन्ध विच्छेद संख्या (१६.१.४) **(प.दि.वि.ल.)** | संख्या | | |
| ११ | असर | उमेर अनुसार १८ वर्षको उमेरसम्म यौनहिंसाको अनुभव गरेका १८ देखि २९ वर्ष उमेरका युवती र युवकहरूको अनुपात (१६.२.३) **(प.दि.वि.ल.)** | प्रतिशत | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १२ | असर | निर्णय-निर्माण समावेशी र जवाफदेही भएको विश्वास गर्ने जनसंख्याको अनुपात (लिङ्ग, उमेर, अपाङ्गता र जनसांख्यिक समूहअनुसार) (१६.७.२) **(प.दि.वि.ल.)** | प्रतिशत | | |
| १३ | असर | सार्वजनिक निकायहरूको नीति निर्माण पदहरूमा रहेका महिलाहरूको अनुपात (१६.७.२.१)**(प.दि.वि.ल.)** | प्रतिशत | | |
| १४ | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका जनजातिको प्रतिशत | प्रतिशत | | |
| १५ | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका आदिबासीको प्रतिशत | प्रतिशत | | |
| १६ | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका मुस्लिमको प्रतिशत | प्रतिशत | | |
| १७ | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका पिछडा वर्गको प्रतिशत | प्रतिशत | | |
| १८ | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका अल्पसंख्यकको प्रतिशत | प्रतिशत | | |
| १९ | असर | आफ्नो जीवनकालमा शारीरिक/यौनहिंसा अनुभव गरेका र दर्ता गरिएका घटना १५ देखि ४९ वर्षसम्मका महिलाहरूको (प्रतिशत) (५.२.२.१) **(प.दि.वि.ल.)** | प्रतिशत | | |
| २० | प्रतिफल | महिला, किशोरी तथा बालबालिकाहरूको बेचबिखन (संख्या) (५.२.२.२) **(प.दि.वि.ल.)** | संख्या | | |
| २१ | असर | विवाहित वा वैवाहिक मिलनमा रहेका १५ देखि १९ वर्ष उमेरका महिलाहरू (प्रतिशत) (५.३.१.१) **(प.दि.वि.ल.)** | प्रतिशत | | |
| २२ | असर | श्रमशक्तिमा महिला र पुरुषको सहभागिताको अनुपात (५.४.१.१) **(प.दि.वि.ल.)** | प्रतिशत | | |
| २३ | असर | महिलाले घरायसी काममा खर्चेको औसत समय/घण्टामा (५.४.१.२) **(प.दि.वि.ल.)** | घण्टामा | | |
| २४ | असर | महिला सीप विकास तालिम संख्या | संख्या | | |
| २५ | असर | छात्रामैत्री शौचालय प्रयोगकर्ता छात्रा | प्रतिशत | | |
| २६ | असर | महिला सेल संख्या | संख्या | | |
| २७ | असर | महिला जागरण र अभिमूखीकरण कार्यक्रम | संख्या | | |
| २८ | असर | अनिवार्य बुहारी शिक्षा अन्तर्गत समेटिएका छात्रा | संख्या | | |
| २९ | असर | महिला उद्यमी साक्षात्कार कार्यक्रम | संख्या | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| ३० | असर | लघु उद्यम व्याज अनुदानबाट लाभान्वित महिला संख्या | संख्या | | |
| ३१ | असर | सरकारी सेवा प्रवेश निशुल्क तयारी कक्षाबाट लाभान्वित महिला | संख्या | | |
| ३२ | असर | महिला भेदभाव विरुद्धमा उजुरी फर्स्यौट संख्या (न्यायिक समिति) | संख्या | | |
| ३३ | असर | महिला सुरक्षा गृह | संख्या | | |
| ३४ | असर | महिला उद्यमी वस्तु बिक्री केन्द्र | संख्या | | |
| ३५ | असर | उच्च शिक्षा बालिका बीमा कार्यक्रम | संख्या | | |
| ३६ | असर | बेचविखन र ओसारपसार विरुद्ध अभिमूखीकरण कार्यक्रम संख्या | संख्या | | |
| ३७ | असर | ज्येष्ठ नागरिक स्वास्थ्य शिविर | संख्या | | |
| ३८ | असर | ज्येष्ठ नागरिक सत्संग केन्द्र | संख्या | | |
| ३९ | असर | ज्येष्ठ नागरिक आवाज कार्यक्रम | संख्या | | |
| ४० | असर | ज्येष्ठ नागरिक तिर्थाटन | संख्या | | |
| ४१ | असर | ज्येष्ठ नागरिक मनोरञ्जन तथा किर्तन मण्डली | संख्या | | |
| ४२ | असर | ज्येष्ठ नागरिक (८० वर्ष माथि) सूआहारा कार्यक्रम | संख्या | | |
| ४३ | असर | अपाङ्गता परिचयपत्र प्राप्त अपाङ्ग | संख्या | | |
| ४४ | असर | जटिल अपाङ्गता भएका आधारभूत शिक्षा सुनिश्चित गरिएका विद्यार्थी संख्या | संख्या | | |
| ४५ | असर | व्हिल चेयर प्राप्त अपाङ्गता भएका व्यक्ति | प्रतिशत | | |
| ४६ | असर | अपाङ्ग लक्षित आय आर्जन कार्यक्रम | | | |
| ४७ | असर | जीवन निर्वाह भत्ता प्राप्त गर्ने पूर्ण अपाङ्गता भएका व्यक्ति | (प्रतिशत) | | |
| ४८ | असर | अपाङ्गमैत्री सार्वजनिक संरचना संख्या | | | |
| ४९ | असर | अपाङ्ग नागरिक सरोकार मञ्च | संख्या | | |
| ५० | असर | आदिवासी जनजाती विशेष पार्श्वचित्र अध्ययन तथा अनुसन्धान | संख्या | | |
| ५१ | असर | अल्पसंख्यक अनुदान | संख्या | | |
| ५२ | असर | सिमान्तकृत वर्ग विशेष सरकारी प्रवेश निशुल्क कक्षाबाट लाभान्वित संख्या | संख्या | | |
| ५३ | असर | भेदभाव न्यूनीकरण जनचेतनामूलक कार्यक्रम संख्या | संख्या | | |
| ५४ | असर | लक्षित वर्ग विशेष आय आर्जन तालिम | संख्या | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| ५५ | असर | लोपोन्मुख जाती तथा भाषा संस्कृति विशेष कार्यक्रम | संख्या | | |
| ५६ | असर | दलित विपन्न छात्रवृत्तिबाट लाभान्वित संख्या | संख्या | | |
| ५७ | असर | दलित विशेष परम्परागत सीप विकास तालिम | संख्या | | |
| ५८ | असर | पालिकाबाट राष्ट्रिय संसदमा प्रतिनिधित्व (प्रतिशत) (५.५.१.१) **(प.दि.वि.ल.)** | प्रतिशत | | |
| ५९ | असर | गाउँपालिका प्रादेशिक संसदमा प्रतिनिधित्व (प्रतिशत) (५.५.१.२) **(प.दि.वि.ल.)** | प्रतिशत | | |
| ६० | असर | स्थानीय सरकारका तहहरूमा प्रतिनिधित्व (Bodies) ( प्रतिशत) (५.५.१.३) **(प.दि.वि.ल.)** | प्रतिशत | | |
| ६१ | असर | निजी क्षेत्रको निर्णायक तहमा महिलाहरूको सहभागिता (प्रतिशत) (५.५.२.१) **(प.दि.वि.ल.)** | जना | | |
| ६२ | असर | सहकारी क्षेत्रमा महिलाहरूको सहभागिता (प्रतिशत) (५.५.२.१) **(प.दि.वि.ल.)** | प्रतिशत | | |
| ६३ | असर | सार्वजनिक सेवाका नीति निर्माणका पदहरूमा रहेका महिला (कुल कर्मचारीहरू मध्ये महिलाको प्रतिशत) ( ५.५.२.२) **(प.दि.वि.ल.)** | प्रतिशत | | |
| ६४ | असर | व्यवसायिक र प्राविधिक कामदारहरूमा महिला-पुरुषको अनुपात (Ratio of women to men) (प्रतिशत) (५.५.२.३) **(प.दि.वि.ल.)** | प्रतिशत | | |
| ६५ | असर | यौन सम्बन्ध, परिवार नियोजनका साधनहरूको प्रयोग र प्रजनन स्वास्थ्य हेरचाह सम्बन्धमा सुसूचित भएर आफैंले निर्णय गर्ने १५ देखि ४९ वर्ष उमेरका महिलाहरूको अनुपात (५.६.१) **(प.दि.वि.ल.)** | प्रतिशत | | |
| ६६ | प्रतिफल | महिलाहरूको अचल स्वामित्व भएका उद्यमहरूको सङ्ख्या (५.क.१) **(प.दि.वि.ल.)** | संख्या | | |
| ६७ | प्रतिफल | महिलाहरूको सम्पत्ति माथिको स्वामित्व (जमिन र घर) (५.क.२) **(प.दि.वि.ल.)** | संख्या | | |
| ६८ | असर | १५ देखि २४ वर्ष उमेर समूहका इन्टरनेट प्रयोग गर्ने महिलाको प्रतिशत (५.ख.१) **(प.दि.वि.ल.)** | प्रतिशत | | |
| ६९ | असर | मोबाइल प्रयोग गर्ने महिलाको प्रतिशत (५.ख.१) **(प.दि.वि.ल.)** | प्रतिशत | | |

## ३.७ युवा तथा खेलकुद

### ३.७.१ पृष्ठभूमि

राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार बैजनाथ गाउँपालिका भित्र १५ देखि ३९ वर्ष सम्मका सकृय यूवाको संख्या ३०,७८५ अर्थात ४४.३१ प्रतिशत रहेको छ। जसमध्ये महिलाको संख्या १७,८५४ र पुरुषको संख्या १२,९३१ जना रहेको छ । देशको प्रमुख श्रम शक्ति, मानव संसाधन र उर्जाको आधार स्तम्भ नै यी युवाहरू हुन् । युवाको सामर्थ्यलाई पूर्णत सदुपयोग गरेका राष्ट्रहरूले नै ठूलो फड्को मारेका छन् । काम गर्न

सक्ने उच्च सक्रिय उमेरको जनसंख्या नै जनसांख्यिक लाभांश हो । हाल गाउँपालिकाको वडा नं. १ मा मेडिकल कलेज खेलमैदान, गाभर खेलमैदान, च्यामा खेलमैदान, वडा नं. ३ मा बैरहवा खेलमैदान, बनखेत खेलमैदान, प्लानचौर खेलमैदान, सुतैया खेलमैदान, वडा नं. ५ मा शिवालय खेलमैदान र वडा नं. ६ मा न्यु हरियाली खेलमैदान, अठाईस घर खेलमैदान, ईमिली टोल खेलमैदान सञ्चालनमा रहेका छन् । गाउँपालिकामा मनोरञ्जनको लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेलकुद मैदानहरू नभएपनि भलिबल तथा फुटबल मैदानहरू खुल्ला जमिन, चौर, पार्कहरूमा यहाँका मानिसहरूले मनोरञ्जन लिने गरको पाइन्छ तर ती खुला जमिन, चौर तथा खेलमैदान व्यवस्थित मैदानको रुपमा विकसित भइसकेका छैनन् ।

## ३.७.२ गाउँपालिकामा युवा तथा खेलकुद क्षेत्रमा रहेको सबल पक्ष, दुर्बल पक्ष SWOT विश्लेषण

| सबल पक्षः मुख्य सम्भावना र अवसरहरू |
|---|
| ▪ युवा जनशक्ति लक्षित नीति तथा कार्यक्रम, युवा शक्तिलाई सकारात्मक दिशामा केन्द्रित गर्न स्वस्थ्य प्रतिस्पर्धा र मनोरञ्जनात्मक खेलकुद र साँस्कृतिक कार्यक्रम, उद्देश्यमूलक समूहको गठन जस्ता कार्यलाई गाउँपालिकाले प्राथमिकतापूर्वक सञ्चालनमा ल्याएको । |
| ▪ पालिकाले फुटबल, भलिबल क्रिकेट लगायतका खेलमा गाउँपालिकास्तरीय टिम तयार गर्ने, पालिका भित्र विभिन्न खेलकुदहरुको आयोजना गर्न खेलकुद पूर्वाधार विकास गर्ने लगायतका नीतिहरु अगाडी सारेको । |
| ▪ पालिकाले राष्ट्रिय तथा गाउँस्तरीय खेल प्रतियोगिता सञ्चालनका लागि प्रोत्साहन गर्ने कार्य गरिरहेको । |
| ▪ प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत बेरोजगार युवालाई निर्वाहमूखी रोजगारीको व्यवस्था गरिरहेको छ भने गैरसरकारी तथा निजी क्षेत्रसँग समन्वय गरी युवाको आवश्यकतामा आधारित तालिम, क्षमता विकास कार्यक्रम सञ्चालन गरी आर्थिक सबलीकरण गर्न सकिने । |
| ▪ गाउँपालिकामा उपलब्ध सामाजिक, आर्थिक, शैक्षिक अवसरको सदुपयोग गरी युवामा नवीनता, अन्वेषणात्मकता, उद्यमशीलता र स्वरोजगारमूखी अवधारणाको समेत विकास गर्न सक्ने अवसर उपलब्ध रहेका । |
| ▪ युवा शक्तिमा रहेको जागरुकतालाई यथोचित सम्बोधन गर्न सके गाउँपालिकाको विकासमा कायापलट हुन सक्ने । |
| ▪ गैरसरकारी संस्था तथा निजी क्षेत्रसँग समन्वय गरी युवामैत्री, तालिम, गोष्ठी तथा सेमिनार आयोजना गरी आय आर्जनका गतिविधिमा आबद्ध गराउन सकिने । |

| दुर्बल पक्षः प्रमुख समस्या र चुनौतीहरू |
|---|
| ▪ गुणस्तरीय शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका अवसरको खोजीमा युवा शक्ति गाउँपालिकाबाट अन्यत्र पलायन भइरहेको वर्तमान अवस्थालाई समयमा व्यवस्थापन गर्न नसकिएमा भावी दिनमा यस पालिकामा विकासको लागि आवश्यक श्रमशक्तिको अभाव खट्कन सक्ने चुनौती रहेको । |
| ▪ गाउँपालिकाको युवाको शैक्षिक, आर्थिक र रोजगारीको अवस्थाबारे खण्डीकृत तथ्याङ्क उपलब्ध नहुनु । |
| ▪ लक्षित समूहका लागि कार्य गर्ने निकाय र संस्थाबिच पर्याप्त समन्वय र सहकार्य नहुनु । |
| ▪ सञ्चालित कार्यक्रम नतिजामूखी र प्रभावकारी नहुनु । |
| ▪ प्रधानमन्त्री युवा रोजगार कार्यक्रमले युवाको आवश्यकता र मागलाई सम्बोधन गर्न नसक्नु । |
| ▪ युवामा उद्यमशिलता र नवीन सोचको कमी हुनु । |
| ▪ स्वरोजगार भन्दा रोजगारमूखी प्रवृत्ति व्याप्त रहेको । |
| ▪ नागरिक शिक्षा र चेतना, श्रमको सम्मान गर्ने प्रवृत्ति, सामाजिक व्यवहार र धरोहरको सम्मान, लोकतन्त्र र न्यायप्रणालीप्रति विश्वास सिर्जना गर्न संघ, प्रदेश र स्थानीय तहले नीति, बजेट र कार्यक्रमगत रुपमा |

| दुर्बल पक्षः प्रमुख समस्या र चुनौतीहरू |
|---|
| संयुक्त पहल गर्नुपर्ने । |

## ३.७.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

### दीर्घकालिन सोच

श्रमशिल, कर्मठ र दक्ष युवा जनशक्ति निर्माण

### लक्ष्य

नवीनता, उद्यमशील तथा श्रमको सम्मान गर्ने सोचयुक्त र विकास तथा समृद्धि प्रति प्रतिबद्ध युवाशक्ति तयार गर्ने ।

### उद्देश्यहरू

उद्देश्य १: श्रमशिल र सक्रिय युवा जनशक्तिलाई दक्ष बनाई उनीहरूको श्रमशक्ति र उर्जाको सही सदुपयोग गर्नु ।

उद्देश्य २: आधारभूत तथा जीवनोपयोगी शिक्षामा सबै युवाको पहुँच सुनिश्चित गर्नु ।

उद्देश्य ३: आधारभूत र गुणस्तरीय स्वास्थ्य सेवा र सामाजिक सुरक्षामा सबै आर्थिक अवस्थाका युवाको पहुँच सुनिश्चित गर्नु ।

उद्देश्य ४: पालिकामा आन्तरिक रोजगारीको अवसर बृद्धि र वैदेशिक रोजगारीलाई व्यवस्थापन गर्न पहल गर्नु ।

उद्देश्य ५: युवा सहभागिता, सशक्तिकरण तथा नेतृत्व विकास गर्नु ।

उद्देश्य ६: कला, साहित्य, संस्कृतिको संरक्षणमा युवाको योगदान अभिवृद्धि गर्नु ।

उद्देश्य ७: खेलकुद तथा मनोरञ्जनात्मक गतिविधिमा युवाको संलग्नता बढाई स्वस्थ, अनुशासित र मर्यादित युवा विकास गर्नु ।

उद्देश्य ८: लागु पदार्थ दुर्व्यसन, मानव बेचबिखन नियन्त्रण लगायतको हिंसा नियन्त्रणमा युवाको योगदान वृद्धि गर्नु ।

उद्देश्य ९: वातावरण संरक्षण र दिगो विकासमा युवाको सहभागिता वृद्धि गर्नु ।

उद्देश्य १०: विज्ञान तथा सूचना प्रविधिको विकास र प्रयोगमा युवाको भूमिका वृद्धि गर्नु ।

उद्देश्य ११: सबै वर्ग, समुह, लिङ्गका युवाको समावेशी र सहभागितामूलक प्रतिनिधित्व र विकास सुनिश्चित गर्नु ।

### उद्देश्य १: श्रमशिल र सक्रिय युवा जनशक्तिलाई दक्ष बनाई उनीहरूको श्रमशक्ति र उर्जाको सही सदुपयोग गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ युवा तथ्याङ्क व्यवस्थापन गर्ने । | १.१.१ पालिकामा रहेका युवा जनशक्तिको पृष्ठभूमिबारे स्थितिपत्र तयार पारिनेछ । |
| | १.१.२ पालिकाबाट श्रम तथा रोजगारीका लागि बाहिरिएका युवाहरूको पूर्ण विवरण तयार पारिनेछ । |
| १.२ दक्ष र सिपयुक्त मानव संसाधनको विकास गर्ने । | १.२.१ युवा स्थितिपत्रमा तयार विवरण अनुसार हाल अदक्ष र अर्ध दक्ष मानव स्रोतलाई लक्षित गरी उनीहरूको रुची र झुकाव अनुसार नियमित सिप विकास रोजगारीमूलक उत्प्रेरणामुलक तालिम सञ्चालन गरिनेछ । |
| | १.२.२ गायन, वाद्यवाधन, नृत्य, कला, अभिनय आदिमा विशेष रुची भएका |

| रणनीति | कार्यनीति | |
|---|---|---|
| | | युवाको पहिचान गरी वडास्तरीय समितिमा आबद्ध गराई उनीहरूलाई विशेष तालिम प्रदान गरिनेछ । |
| | १.२.३ | कुनै पनि युवालाई बेरोजगार नराख्न प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत समेटी गाउँघरमा आवश्यक अर्ध दक्ष कामहरू जस्तै इलेक्ट्रिसियन, प्लम्बिङ, कृषिश्रम, निर्माण आदिका लागि विशेष तालिम सञ्चालन गरिनेछ । |
| | १.२.४ | गाउँपालिकाभर सञ्चालनमा रहेका युवा क्लबहरूको अभिलेखीकरण गरी प्रत्येक क्लबलाई युवाका सरोकार समाधान गर्ने केन्द्रको रुपमा विकास गर्न एक गाउँपालिकास्तरीय युवा सम्मेलनको आयोजना गरिनेछ । |
| | १.२.५ | यस प्रकारका युवा क्लबका क्रियाकलापलाई संस्थागत रुपमा विकास गर्न केन्द्रिय स्तरमा सफल युवाहरूसँग साक्षात्कार गरी युवा क्लबलाई साधन श्रोत सम्पन्न गराइनेछ । |
| | १.२.६ | कुलतमा फसेका युवाहरूको वडागत विवरण तयार पारी युवा क्लबको नेतृत्वमा सहिमार्गमा डोऱ्याउन अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.२.७ | युवा उद्यमीहरूको वडागत विवरण सङ्कलन गरी उनीहरूको थप नेतृत्व विकास तथा उद्यमशिल विकास तालिम सञ्चालन गरिनेछ । |
| | १.२.८ | जीवन निर्वाहमा कठिनाई भोगी बेरोजगार तथा अर्ध बेरोजगार युवाहरूलाई उत्थान गर्न वस्तुगत युवा उत्थान कार्यक्रम सञ्चालन गरिनेछ । |

## उद्देश्य २: आधारभूत तथा जीवनोपयोगी शिक्षामा सबै युवाको पहुँच सुनिश्चित गर्नु ।

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| २.१ | आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने । | २.१.१ | गाउँपालिकाका सबै युवालाई कम्तीमा माध्यमिक शिक्षा सुनिश्चितता गरिनेछ । |
| | | २.१.२ | आर्थिक रुपले विपन्न र जेहेन्दार युवाको उच्चशिक्षा हासिल गर्ने आकांक्षालाई सहजिकरण गर्न शैक्षिक सहायता कोष स्थापना गरिनेछ । |
| | | २.१.३ | नागरिकको अधिकार र कर्तव्यप्रति जागरुक युवा तयार गर्न विद्यालय तह देखि नै नागरिक शिक्षालाई प्राथमिकता दिइनेछ । |
| २.२ | युवालाई स्वेच्छिक रुपमा विकास निर्माणमा सहभागी हुन प्रेरित गर्ने । | २.२.१ | गाउँपालिका स्थायी ठेगाना भई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा ख्याती प्राप्त नेपाली युवालाई गाउँपालिकाको विकास निर्माण र विपद्को समयमा स्वयंसेवकको रुपमा कार्य गर्न प्रेरित गरिनेछ । |
| | | २.२.२ | पालिकाभित्रका आर्थिक रुपले विपन्न, जेहेन्दार र अब्बल युवालाई उच्च र प्राविधिक शिक्षा आर्जनको लागि विशेष छात्रवृत्ति र सहुलियतपूर्ण कर्जा प्रवाहको लागि बैङ्क तथा वित्तीय संस्थासँग सहजिकरण गरिनेछ । |
| २.३ | शिक्षा र सीपबिच सहसम्बन्ध स्थापित गर्ने । | २.३.१ | पालिकामा सञ्चालनमा रहेका उद्योग, कलकारखाना र प्राविधिक शिक्षालय बिच निरन्तर अध्ययन, अवलोकन भ्रमणको लागि प्रोत्साहन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.३.२ औपचारिक शिक्षाबाट बञ्चित युवाका आवश्यकता र मागमा आधारित सीपमूलक तालिम र साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ । |
| | २.३.३ सामुदायिक विद्यालयमा विद्युतीय पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाका लागि आवश्यक पूर्वाधार तयार गर्न पालिकाले आर्थिक सहयोग गर्नेछ । |

**उद्देश्य ३: आधारभूत र गुणस्तरीय स्वास्थ्य सेवा र सामाजिक सुरक्षामा सबै आर्थिक अवस्थाका युवाको पहुँच सुनिश्चित गर्नु ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ३.१ आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने । | ३.१.१ आधारभूत स्वास्थ्य सेवा, सुविधा र सूचना गाउँपालिकाका सबै स्वास्थ्य केन्द्रबाट प्राप्त हुने सुनिश्चितता गरिनेछ । |
| | ३.१.२ व्यक्तिगत स्वास्थ्य, आधारभूत सरसफाई तथा फोहोरमैला व्यवस्थापन जस्ता विषयमा विद्यालय शिक्षाका अतिरिक्त सञ्चारका माध्यम समेतको प्रयोग गरी प्रचार प्रसार गरिनेछ । |
| | ३.१.३ सर्ने र नसर्ने रोगको बारेमा युवामा सचेतना अभिवृद्धि गरिनेछ । |
| | ३.१.४ पालिकामा प्रत्येक वर्ष गम्भिर रुपमा देखिने स्वास्थ्य समस्याको पहिचान गरी समयमा नै रोकथाम र उपचार सम्बन्धी तयारी गरिनेछ । |
| | ३.१.५ गम्भिर र घातक प्रकृतिका रोगका बिरामीलाई आर्थिक सहयोगको लागि पालिकास्तरमा स्वास्थ्य सहयोग कोषको स्थापना गरिनेछ । |
| ३.२ विभिन्न आर्थिक समुहका युवाको सामाजिक सुरक्षाको सुनिश्चितता गर्ने । | ३.२.१ आर्थिक अवस्थाका कारण स्वास्थ्य उपचार गर्न नसक्ने अवस्थाका पालिकाबासीलाई आर्थिक सहायता, निशुल्क र सहुलियतपूर्ण स्वास्थ्य सेवाको लागि सिफारिस पत्र प्रदान गरिनेछ । |
| ३.३ स्वस्थ जीवनशैली अवलम्बन गर्ने । | ३.३.१ युवाको स्वस्थ आहार, विहार र चिन्तन शैलीलाई प्रवर्द्धन गर्न परम्परागत चिकित्सा पद्धतिको संरक्षण र अवलम्बन गरिनेछ । |
| | ३.३.२ स्वस्थ्य जीवनशैली विकासको लागि योग, ध्यान, व्यायामशाला सञ्चालन गरिनेछ । |
| | ३.३.३ मौसमजन्य रोगको रोकथाम र उपचार पद्धतिबारे जनचेतना अभिवृद्धि गरिनेछ । |

**उद्देश्य ४: गाउँपालिकामा आन्तरिक रोजगारीको अवसर बृद्धि र वैदेशिक रोजगारीलाई व्यवस्थापन गर्न पहल गर्नु ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ४.१ आन्तरिक रोजगारी सिर्जनालाई प्राथमिकता दिने । | ४.१.१ गाउँपालिकास्तरमा रोजगारीको अवसर र उपलब्धताको सम्भाव्यता अध्ययन गरिनेछ । |
| | ४.१.२ गाउँपालिकामा रोजगारी सिर्जना सम्बन्धी कार्ययोजना बनाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । |
| | ४.१.३ पालिकाको पूर्वाधार विकास नीति अन्तर्गत कृषि, पर्यटन, होटल व्यवसाय जस्ता बढी श्रमशक्ति खपत र रोजगारीको अवसर सिर्जना गर्ने क्षेत्रको विकासलाई प्राथमिकता दिइनेछ । |
| | ४.१.४ युवालाई सार्वजनिक सेवामा आकर्षित गर्न इच्छुक युवालाई सरकारी |

| रणनीति | कार्यनीति |
|---|---|
| | सेवा सम्बन्धी अभिमूखीकरण र तयारी कक्षा सञ्चालन गरिनेछ । |
| | ४.१.५ सहकारी संस्था मार्फत स्वरोजगारी/रोजगारी सिर्जना गर्ने सोच भएका युवालाई सहुलियत ब्याजदरमा कर्जा प्रदान गरिनेछ । |
| | ४.१.६ प्राविधिक ज्ञान, सीप तथा उद्यमी सोच भएका तर पूँजीको अभावमा रहेका युवालाई प्रमाणपत्रका आधारमा सहुलियतपूर्ण उद्योग कर्जा प्रवाह गर्ने बैङ्क तथा वित्तीय संस्थासँग सहजीकरण गरिनेछ । |
| | ४.१.७ युवाद्वारा स्थापित र सञ्चालित उत्पादनमुलक उद्योगलाई सहुलियतपूर्ण कर्जा, मेसिन औजारमा अनुदान, कर छुटका व्यवस्था गरिनेछ । |
| | ४.१.८ कृषि क्षेत्रको आधुनिकीकरण तथा व्यवसायीकरण मार्फत बेरोजगार युवालाई रोजगारीको अवसर प्रदान गरिनेछ । |
| | ४.१.९ प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारीता र दिगोपनाको बारेमा अध्ययन गरिनेछ । |
| | ४.१.१० स्थानीय बजारमा सुरक्षित र मर्यादित श्रम अभ्यासको सुनिश्चितताका लागि गाउँपालिकाबाट नियमित अनुगमन गरिनेछ । |
| | ४.१.११ वैदेशिक रोजगारीबाट फर्केका युवालाई स्वरोजगारी र उद्यम गर्न मागमा आधारित तालिम सञ्चालन गरिनेछ । |
| | ४.१.१२ वैदेशिक रोजगारीबाट प्राप्त हुने आयलाई उत्पादनमूखी र आयआर्जन हुने क्षेत्रमा लगानी गर्न रेमिट्यान्स प्राप्त गर्ने परिवारलाई अभिमूखीकरण गरिनेछ । |
| | ४.१.१३ वैदेशिक रोजगारीमा जाने महिलाका लागि मर्यादित रोजगारीको लागि सीप विकास तालिम सञ्चालन गर्ने तथा सुरक्षाको उपाय बारे अभिमूखीकरण गरिनेछ । |
| | ४.१.१४ वैदेशिक रोजगारीमा जान चाहने युवालाई श्रम गन्तव्य मुलुकको कानुनी व्यवस्था, सामाजिक साँस्कृतिक चालचलन, भौतिक वातावरण, आवश्यक सीप लगायतका विषयमा जानकारी प्रदान गरिनेछ । |
| | ४.१.१५ वैदेशिक रोजागारीको क्रममा शारीरिक, मानसिक, संवेगात्मक, पारिवारिक विचलनमा परेका युवालाई परिवार र समाजमा पुर्नस्थापनाका लागि आर्थिक सहायता मनोपरामर्श र स्वास्थ्य सेवा प्रदान गरिनेछ । |
| | ४.१.१६ विदेशमा विभिन्न कारणले सजाय भोगिरहेका युवालाई कानुनी सहायता प्रदान गर्न तहगत सरकार, युवा सञ्जाल, कुटनैतिक नियोगमा मार्फत कानुनीय सहायता प्रदान गरिनेछ । |
| ४.२ श्रम सम्बन्धी हकका कार्यान्वयनमा सहजीकरण गर्ने । | ४.२.१ समान कामका लागि समान ज्याला/तलब सुनिश्चित गर्न गाउँपालिकाबाट नियमित अनुगमन गरिनेछ । |
| | ४.२.२ जोखिमयुक्त क्षेत्रमा कार्य गर्ने कामदारको अनिवार्य बीमाको व्यवस्थालाई कार्यान्वयन गर्न पहल गरिनेछ । |

## उद्देश्य ५: युवा सहभागिता, सशक्तिकरण तथा नेतृत्व विकास गर्नु ।

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| ५.१ | राष्ट्रिय जीवनमा ख्याती प्राप्त सफल युवा तथा उद्यमीहरुको सहयोगमा युवा अभिमूखीकरणका कार्यक्रमहरुलाई अभियानको रुपमा सञ्चालन गर्ने । | ५.१.१ | युवाको आर्थिक, सामाजिक, राजनीतिक एवं साँस्कृतिक सशक्तिकरणका लागि आयआर्जनमुलक कार्यक्रम, क्षमता विकास तालिम, नेतृत्व विकास लगायतका कार्यक्रम गरिनेछ । |
| | | ५.१.२ | युवाद्धारा स्थापित र सञ्चालित उत्पादनमूलक उद्योगलाई सहुलियतपूर्ण कर्जा, मेशिन औजारमा अनुदान, कर छुटको व्यवस्था गरिनेछ । |
| | | ५.१.३ | अध्ययन, अन्वेषण तथा अनुसन्धानको क्षेत्रमा युवा आकर्षण बढाउन अन्तर स्थानीय तह अनुसन्धान प्रतिस्पर्धा सञ्चालन गरिनेछ । |
| | | ५.१.४ | स्थानीयस्तरमा आउन सक्ने प्राकृतिक तथा मानवीय विपद् सामना गर्न युवा स्वयंसेवक दस्ता तयार गरिनेछ । |
| | | ५.१.५ | युवामा आत्मरक्षा, मानवीय सहायता जस्ता सीपको विकास गर्न स्काउट, स्वयंसेवा दस्ताबाट प्रशिक्षित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । |
| | | ५.१.६ | बालविवाह, बहुविवाह, दाइजो लगायतका सामाजिक कु-प्रथाको अन्त्य गर्न युवा, महिला र आमा समुह परिचालन गरिनेछ । |
| | | ५.१.७ | पालिका क्षेत्रबाट प्रतिनिधित्व गर्ने र विभिन्न क्षेत्रमा स्थापित क्षमतायुक्त युवाको पहिचान र कदर गरिनेछ । |
| | | ५.१.१० | लागु औषधि दुर्व्यसनी, मानव बेचबिखन, सिमापार हुने आर्थिक र मानवीय अपराध नियन्त्रण गर्न युवाशक्तिलाई परिचालन गरिनेछ । |
| | | ५.१.११ | राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रतिनिधित्व गर्ने रचनात्मक सोच र सीपयुक्त युवा समुह गठन गर्न युवालाई प्रोत्साहन गरिनेछ । |

## उद्देश्य ६: कला, साहित्य, संस्कृतिको संरक्षणमा युवाको योगदान अभिवृद्धि गर्नु ।

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| ६.१ | पालिकामा प्रचलित कला, साहित्य, संस्कृतिको संरक्षणमा युवालाई क्रियाशील बनाउने । | ६.१.१ | पालिकाका प्रचलित र लोपोन्मुख कला, साहित्य र सँस्कृतिको खोज तथा अनुसन्धान गरी अभिलेखीकरण गरिनेछ । |
| | | ६.१.२ | परम्परागत र मौलिक संस्कृतिको जर्गेना गर्न अन्तरपुस्ता अनुभव आदान प्रदान मार्फत अपनत्व विकास गरिनेछ । |
| | | ६.१.३ | कला, साहित्य, संस्कृतिको क्षेत्रमा निरन्तर योगदान गर्ने युवा पुस्तालाई सम्मान गरिनेछ । |
| | | ६.१.४ | विविध जातजाति भाषाभाषीको कला, साहित्य, संस्कार संस्कृति प्रति सम्मान भावको विकास गर्ने मेला पर्व र उत्सव आयोजना गरिनेछ । |

## उद्देश्य ७: खेलकुद तथा मनोरञ्जनात्मक गतिविधिमा युवाको संलग्नता बढाई स्वस्थ, अनुशासित र मर्यादित युवा विकास गर्नु ।

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| ७.१ | पालिकामा खेलकुद र मनोरञ्जन मार्फत स्वस्थ युवा जनशक्ति तयार गर्ने । | ७.१.१ | पालिकाले खेलकुद पूर्वाधारको उपलब्धता र निर्माणको सम्भाव्यता बारे अध्ययन गर्नेछ । |
| | | ७.१.२ | खेलाडीलाई स्थानीय, प्रादेशिक र राष्ट्रिय तहको प्रतिस्पर्धाको लागि नियमित प्रशिक्षणको व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ७.१.३ स्थानीय खेलाडीमा व्यवसायिकता र खेल जीवन सक्रिय बनाइ राख्न जीविको पार्जनको लागि न्युनतम आर्थिक सहायता प्रदान गरी उत्प्रेरित र सम्मानित महशुस गराइनेछ । |

**उद्देश्य ८: लागु पदार्थ दुर्व्यसन, मानव वेचबिखन नियन्त्रण लगायतको हिंसा नियन्त्रणमा युवाको योगदान वृद्धि गर्नु ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ८.१ युवालाई रचनात्मक कार्यमा संलग्न गराइ सक्रिय र समृद्ध समाज निर्माणमा योगदान वृद्धि गर्ने । | ८.१.१ कला साहित्य, खेलकुद, मनोरञ्जन, सामाजिक निर्माणका कार्य जस्ता क्षेत्रमा युवाको संलग्नता बढाई दुर्व्यसनी लगायतका अपराधजन्य कार्यमा फस्नबाट रोकिनेछ । |
| | ८.१.२ विभिन्न कारणले अपराध र अपराधजन्य कार्यमा फसेका युवालाई सबै सरोकारवालासँगको समन्वयमा पुर्नस्थापना र सामाजिक एकीकरण गर्न कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ८.१.३ लागु पदार्थ दुर्व्यसन, मानव वेचबिखन नियन्त्रण लगायतको हिंसा नियन्त्रणमा सामाजिक सञ्जाल, युवा समुह र सो क्षेत्रमा कार्यरत संघसंस्थाले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछन् । |
| | ८.१.४ पालिकाको शान्ति सुव्यवस्था र विकासको रणनीति लागु गर्न लागि प्रहरी, प्रशासन लगायतका राज्यका संरचनासँगको युवा समुहलाई अन्तर्राकिया, अभिमूखीकरण, खोज तथा अनुसन्धानमा सहयोगी भूमिका प्रदान गरिनेछ । |

**उद्देश्य ९: वातावरण संरक्षण र दिगो विकासमा युवाको सहभागिता वृद्धि गर्नु ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ९.१ विकासका एजेण्डा बारेमा युवा वर्गलाई सुसूचित गराउने । | ९.१.१ गाउँपालिकाभित्र प्राकृतिक रुपमा उपलब्ध स्रोत र मानव निर्मित महत्वपूर्ण सार्वजनिक सम्पत्तिको अभिलेख तयार गरिनेछ । |
| | ९.१.२ संघ, प्रदेश र पालिकाको आवधिक योजना अनुसार सामाजिक, आर्थिक समृद्धिका लागि हासिल गर्नुपर्ने क्षेत्रगत परिमाणात्मक लक्ष्यका बारेमा युवा समुह, सञ्जाललाई अभिमूखीकरण गरिनेछ । |
| | ९.१.३ नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका प्रतिबद्धता अनुसार स्थानीय तहले हासिल गर्नुपर्ने दिगो विकास लक्ष्य, जलवायु परिवर्तन जस्ता विकास एजेण्डाको बारेमा युवा वर्गलाई सु-सूचित गराइनेछ । |
| | ९.१.४ पालिकाको नीति निर्माण र आयोजना छनौटमा युवाको अनिवार्य प्रतिनिधित्व हुने व्यवस्था गरिनेछ । |
| | ९.१.५ विकास निर्माणका कार्य सञ्चालन गर्दा वन जंगल संरक्षण नदीजन्य सामाग्रीको सदुपयोग, प्रकृतिको दोहनबारे निगरानी गर्न युवालाई परिचालन गरिनेछ । |

**उद्देश्य १०: विज्ञान तथा सूचना प्रविधिको विकास र प्रयोगमा युवाको भूमिका वृद्धि गर्नु ।**

| रणनीति | कार्यनीति |
|---|---|
| १०.१ विज्ञान, प्रविधि, सूचना तथा सञ्चारको विकास र | १०.१.१ प्रविधिको विकास र सकरात्मक प्रयोगलाई प्रोत्साहन र नियमन गर्न आवश्यकतानुसार कानून निर्माण गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| प्रयोग अभिवृद्धि गर्ने । | १०.१.२ स्थानीस्तरमा उपलब्ध कच्चा पदार्थको प्रयोग गरी जीवनोपयोगी प्रविधिको विकास गर्न युवालाई प्रोत्साहन गरिनेछ । |
| | १०.१.३ माध्यमिक विद्यालय र विज्ञान विषय पढाई हुने कलेजलाई विज्ञान प्रयोगशाला र आधुनिक पुस्तकालय स्थापना गर्न गाउँपालिकाले आर्थिक सहयोग उपलब्ध गराउनेछ । |
| | १०.१.४ विज्ञान तथा प्रविधिमा विशेष रुची भएका र आर्थिक रुपले विपन्न युवालाई गाउँपालिकामा Innovative Fund स्थापना गरी युवा वैज्ञानिक उत्पादन गर्न आर्थिक सहायता प्रदान गर्नेछ । |
| | १०.१.५ परम्परागत पेशाको आधुनिकीकरण, कृषि वस्तु उत्पादन, माग र आपूर्ति जस्ता कार्यलाई आधुनिक सूचना तथा सञ्चारको प्रयोग गरी प्रचारप्रसार गरिनेछ । |
| | १०.१.६ अध्ययन, अन्वेषण तथा अनुसन्धानको क्षेत्रमा युवा आर्कषण बढाउन अन्तर स्थानीय तह अनुसन्धान प्रतिस्पर्धा सञ्चालन गरिनेछ । |
| | १०.१.७ युवालाई विज्ञान प्रविधिका नवीनतम खोज तथा अनुसन्धानसँग परिचित गराउन राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा अध्ययन भ्रमण र अवलोकनको लागि अनुदान प्रदान गरिनेछ । |

## उद्देश्य ११: सबै वर्ग, समूह, लिङ्गका युवाको समावेशी र सहभागितामूलक प्रतिनिधित्व र विकास सुनिश्चित गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| ११.१ लक्षित समुहका युवालाई आर्थिक, सामाजिक, राजनैतिक रुपमा सशक्त नीति तथा विकास निर्माणमा अर्थपूर्ण सहभागिता बढाउने । | ११.१.१ आर्थिक रुपले पछाडि परेका युवालाई विकासको मूल धारमा समावेश गर्न सीप र आयआर्जनमुलक तालिम प्रदान गरिनेछ । |
| | ११.१.२ उद्योग सञ्चालन गर्न मेशिन औजार तथा बिउ पुँजी अनुदानमा प्रदान गरिनेछ । |
| | ११.१.३ तहगत सरकार, विभिन्न निकाय र राष्ट्रिय अन्तराष्ट्रिय संघसंस्थाले प्रदान गर्ने अनुदान सहायता परिचालनको प्रभावकारीताको अध्ययन, अनुगमन र मूल्याङ्कन गरिनेछ । |
| | ११.१.४ शैक्षिक रुपले पछाडि परेका लक्षित समुहका युवालाई सरल र सहज शैक्षिक कर्जा उपलब्ध गराइ उच्च शिक्षाको अवसर प्रदान गरिनेछ । |
| | ११.१.५ निर्वाचन, मनोनयन जस्ता प्रक्रियामा कानूनद्वारा तोकिएको सबै वर्ग, समुह, लिङ्ग र क्षेत्रको प्रतिनिधित्व सुनिश्चित गर्न स्वतन्त्र निकायद्वारा मूल्याङ्कनको व्यवस्था गरिनेछ । |
| | ११.१.६ अपाङ्ग तथा छात्रामैत्री शैक्षिक पूर्वाधारको निर्माण सञ्चालनको सुनिश्चितता गर्न निरन्तर अनुगमन गरिनेछ । |
| | ११.१.७ प्राविधिक तथा व्यवसायिक पेशा अपनाउन चाहने फरक क्षमता भएका युवालाई रोजगारीमा प्राथमिकता दिन निजी, गैरसरकारी तथा अन्य सरोकारावाला निकायसँग बहस, पैरवी गरिनेछ । |
| | ११.१.८ अल्पसंख्यक, सिमान्तकृत, लोपोन्मुख समुहका युवाको समन्यायिक विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी, सीप विकासका कार्यमा |

| रणनीति | कार्यनीति |
|---|---|
| | आरक्षण, विशेष प्राथमिकता दिइनेछ । |
| | ११.१.९ बैङ्क तथा वित्तीय संस्थासँगको समन्वयमा गाउँपालिका क्षेत्रका सबै युवाको अनिवार्य खाता खोल्ने अभियान सञ्चालन गरिनेछ । |
| | ११.१.१० परम्परागत पेशा व्यवसाय अंगाल्न चाहने युवालाई मेसिन, औजारमा अनुदान प्रदान गरिनेछ । |

## खेलकुद

### पृष्ठभूमि

विश्वका विकसित देशहरूले खेल पर्यटन मार्फत समृद्धि हासिल गरेको र विश्वस्तरमा पहिचान स्थापित गरेको पाइन्छ । उदाहरणको लागि स्पेन, इटली, इङ्गल्याण्ड, ब्राजिल, फ्रान्स जस्ता राष्ट्रहरू हाल खेल प्रवर्द्धन मार्फत विश्व परिचित मात्र नभई खर्बौं डलरको कारोबार गर्दछन् । छिमेकी राष्ट्र भारत समेत क्रिकेटका लागि प्रसिद्ध मानिन्छ । पूर्वाधार अभाव तथा व्यवसायिकताको अवसर नहुँदा नहुँदै पनि नेपाली खेलाडीहरू खेलकुदमा आबद्ध छन् किनकि खेलकुद विकास आर्थिक समृद्धिसँग पनि जोडिएको छ ।

व्यक्तिको सर्वाङ्गिण विकासमा खेलकुदको महत्वपूर्ण भूमिका हुन्छ । अनुशासन, राष्ट्रिय भाइचारा प्रदर्शन गरी शारिरीक तन्दुरुस्ती कायम गर्न खेलकुद विकासको अहम् महत्व रहेको हुन्छ । सोही अनुसार यस गाउँपालिकाले पनि आफ्ना नीति तथा कार्यक्रममा खेलकुद विकासलाई महत्व दिएको छ ।

## गाउँपालिकामा खेलकुद क्षेत्रमा रहेको सबल पक्ष, दुर्बल पक्ष SWOT विश्लेषण

| सबल पक्षः मुख्य सम्भावना र अवसरहरू |
|---|
| ▪ गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रममा युवा तथा खेलकुद शिर्षकमा बजेट विनियोजन गर्ने गरिएको । |
| ▪ पालिकाका विभिन्न वडामा निर्माण गरिएका पक्की भवनहरूलाई दैनिक प्रयोग र जर्गेना गर्न तथा युवाहरूमा भौतिक संरचना प्रति अपनत्व जगाउनका लागि योग तथा व्यायमशालाको रुपमा पनि प्रयोग गर्न सकिने । |
| ▪ पालिकाले आफ्ना नीति तथा कार्यक्रमहरूमा वर्षेनी खेलकुद क्षेत्रको विकासलाई प्राथामिकतामा राख्ने गरेको । |
| ▪ पालिकाका सबै विद्यालय तथा वडाहरूमा आवश्यक खुलाचौर तथा खेलमैदान रहेको । |
| ▪ विभिन्न स्थानीय तथा राष्ट्रिय खेलहरू मार्फत स्थानीय प्रतिभाहरू जगेर्ना गर्न सकिने । |
| ▪ युवाहरूलाई लोक संस्कार, संस्कृतिको संरक्षण र सम्वर्द्धनका संवाहकका रुपमा लिएको यस गाउँपालिकाले अन्तर गाउँपालिका स्तरीय/वडा स्तरीय कला प्रदर्शन तथा प्रतियोगिताहरू सञ्चालन गर्न सकिने । |
| ▪ पालिकाले राष्ट्रिय तथा गाउँपालिकास्तरीय खेल प्रतियोगिता सञ्चालनका लागि प्रोत्साहन गर्ने कार्य गरिरहेको । |
| ▪ खेलपूर्वाधारको विकास मार्फत विभिन्न खेल प्रतियोगिताहरू आयोजना गरी खेलकुद पर्यटनको विकास गर्न सकिने । |

| दुर्बल पक्षः प्रमुख समस्या र चुनौतीहरू |
|---|
| ▪ पालिकामा भएका खेल मैदान, पार्क तथा पिकनिक स्थल व्यवस्थित एवं पूर्वाधारयुक्त हुन नसक्नु । |
| ▪ पालिकामा खुल्ला चौर, खेल मैदान, पार्क तथा पिकनिक स्थल व्यवस्थित एवं पूर्वाधारयुक्त हुन नसकेको कारण खेलकुद तथा मनोरञ्जनात्मक गतिविधिले निरन्तरता पाउन नसक्नु । |
| ▪ पालिकाभर सार्वजनिक पुस्तकालय, सिनेमा हल तथा नाट्यशाला, स्वीमिङ पुल, व्यायामशाला जस्ता अध्ययन तथा मनोरञ्जन स्थलको अभाव हुनु । |
| ▪ गाउँपालिकामा खेलकुदको विकास गर्न स्थानीय स्तरमा खेलकुद प्रशिक्षकको अभाव हुनु । |
| ▪ सिमित बजेटका कारण गाउँपालिकाले खेलकुद तथा मनोरञ्जनमा यथोचित लगानी गर्न नसक्नु । |
| ▪ व्यवस्थित खेलकुद पूर्वाधारहरूको विकास गर्न ठूलो आकारको बजेटको व्यवस्थापनको चुनौती रहेको । |
| ▪ भौगौलिक अवस्थिति सहज हुँदाहुँदै खेलकुद पूर्वाधारको चाहे जति सहज र चुस्त रूपमा विकास गर्न कठिन रहेको । |
| ▪ खेलकुदप्रति अभिरुची राख्ने तथा प्रतिभावान् खेलाडीहरू शिक्षा तथा रोजगारी लगायतका कारणले गाउँपालिका छोड्ने भएकाले उनीहरूलाई फर्काएर टिकाउने कार्य चुनौतीपूर्ण । |
| ▪ खेलकुदलाई व्यवसायीकरण गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा खेलाडीहरू समावेश गराउन कठिन परिस्थिति रहेको । |
| ▪ ऐतिहासिक, पर्यटकीय तथा धार्मिक महत्वका क्षेत्रहरूमा पार्क, वनभोज स्थल आदिको विकास गर्न कठिन । |

## दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

**दीर्घकालिन सोच**

शारिरीक र मानसिक रुपमा स्वस्थ नागरिक निर्माण

**लक्ष्य**

शारिरीक स्वास्थ्य र मानसिक सन्तुलनका लागि आधारभूत खेलकुद र मनोरञ्जनका पूर्वाधार विकास गर्ने ।

**उद्देश्यहरू**

उद्देश्य १: पालिकास्तरमा खेलकुदको माध्यमबाट स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गरी सबैका लागि खेलकुदको विकास र विस्तार गर्नु ।

उद्देश्य २: गाउँपालिकामा हाल रहेका सम्पूर्ण खेलकुद पूर्वाधारको अभिलेख तयार पारी संरक्षण प्रवर्द्धन गर्दै आवश्यक नयाँ पूर्वाधारहरुको विकास गर्नु ।

उद्देश्य ३: गाउँपालिकास्तरमा प्रतियोगिताहरु आयोजना गरी स्थानीय खेलाडीहरुलाई जिल्ला, प्रदेश, संघ हुँदै अन्तर्राष्ट्रिय स्तरसम्म प्रतिस्पर्धा गर्न सक्षम तुल्याउनु ।

उद्देश्य ४: खेलकुद विकासको प्राथमिक बिन्दु र आधार क्षेत्रको रुपमा विद्यालयहरुलाई विकास गरी प्रतिभाको खोजी, पहिचान र संरक्षण गर्नु ।

उद्देश्य ५: खेलकुद क्षेत्रलाई व्यक्तित्व विकासका साथै वृत्ति विकासको माध्यम बनाई व्यवसायिकता प्रवर्द्धन गर्नु ।

उद्देश्य ६: मनोरञ्जनात्मक, परम्परागत र स्थानीय मौलिकता दर्शाउने खेलहरुको संरक्षण र विकास गर्दै मूलधारका खेल आयोजना मार्फत खेल पर्यटन विकास गर्नु ।

उद्देश्य ७: खेलकुद क्षेत्रको विकासमा निजी क्षेत्रको सहभागिता तथा लगानी अभिबृद्धि गर्न आवश्यक वातावरण निर्माण गरी प्रोत्साहन गर्नु ।

उद्देश्य ८: खेल अनुशासन कायम राखी खेल चिकित्सा विज्ञानको पूर्ण पालना गर्नु ।

### उद्देश्य १: गाउँपालिकास्तरमा खेलकुदको माध्यमबाट स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गरी सबैका लागि खेलकुदको विकास र विस्तार गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ समाजका विभिन्न तह र तप्का, उमेर समुह, लिङ्ग, क्षेत्र आदिका नागरिकहरुलाई खेलकुदमा समेट्ने । | १.१.१ पालिकामा खेलकुदमा नियमित रुपमा सहभागी गराउन विभिन्न तह र तप्का, उमेर समूह, लिङ्ग क्षेत्र आदिको पहिचान गरिनेछ । |
| | १.१.२ यसरी पहिचान भएका क्षेत्र र समूहलाई उपयुक्त हुने खेलको समेत पहिचान र वर्गीकरण गरिनेछ । |
| | १.१.३ सबै क्षेत्र र समूहलाई समेट्ने गरी वार्षिक पात्रोका आधारमा नियमित खेलकुद प्रतियोगिता आयोजना गरिनेछ । |
| | १.१.४ खेल क्षेत्रमा महिलाहरुलाई समेट्न महिलाहरुको बढी सहभागिता हुने खेलहरुको योजनाबद्ध विकास र महिला खेलाडी पहिचान गरिनेछ । |
| | १.१.५ अपाङ्गता भएका व्यक्तिहरुलाई समेट्न उनीहरु सहभागी हुन सक्ने खेलहरुको पहिचान गरी नियमित रुपमा आयोजना गर्ने प्रबन्ध गरिनेछ । |
| | १.१.६ उद्योग, प्रतिष्ठान, निजी क्षेत्र, कारखाना, यातायात क्षेत्र लगायतका क्षेत्रहरुमा Sports Hour (करिब ४५ मिनेट : राष्ट्रिय खेलकुद नीति २०६७ अनुसार) तोक्न अनिवार्य गरिनेछ । |
| १.२ खेलकुद क्षेत्रमा महिला | १.२.१ जिल्ला, प्रदेश, संघीय र अन्तर्राष्ट्रिय क्षेत्रमा पदक हासिल गरी |

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| | सहभागितालाई विशेष प्राथमिकता दिने । | | गौरवशाली खेलाडीको रुपमा स्थापित हुने सम्भावना भएका महिला खेलाडीलाई विशेष प्रोत्साहन र संरक्षण गर्न व्यवसायिकता अभिवृद्धि तथा रोजगारीको सुनिश्चितता गरिनेछ । |
| | | १.२.२ | पालिकास्तरमा स्थापना हुने सम्पूर्ण खेल संस्थाहरुमा महिलाहरुको सहभागितालाई प्रोत्साहन गर्न महिला प्रशिक्षक तथा Career Counselor को प्रबन्ध गरिनेछ । |
| | | १.२.३ | विद्यालयका साथै विभिन्न संघ, संस्थाहरुमा कार्यरत महिलाहरुलाई खेल क्षेत्रमा आर्कषण गर्न विशेष कार्ययोजना निर्माण गरिनेछ । |
| | | १.२.४ | महिला विशेष खेल प्रतियोगिताहरु नियमित आयोजना गर्न वार्षिक पात्रोको विकास गरिनेछ । |
| | | १.२.५ | पालिकास्तरमा निश्चित मापदण्डका आधारमा महिला खेलाडीहरुका लागि आवासीय सुविधाको प्रबन्ध गरिनेछ । |
| | | १.२.६ | विद्यालय, विश्वविद्यालय वा उच्च शिक्षा आर्जन गर्न निश्चित मापदण्डका आधारमा उत्कृष्ट महिला खेलाडी विशेष छात्रवृत्तिको व्यवस्था गरिनेछ । |
| | १.३ मजदुर, श्रमिक तथा कर्मचारीहरुलाई नियमित खेलकुदमा सहभागी हुने वातावरण निर्माण गर्ने । | १.३.१ | पालिकास्तरमा सञ्चालनमा रहेका हरेक व्यवसायिक तथा औद्योगिक संघ, संस्थाहरुमा कार्यरत कामदार, श्रमिक, कर्मचारीहरुलाई नियमित खेलमा संलग्न गराउन रुची अनुसार क्लब गठन गर्न अभियान सञ्चालन गरिनेछ । |
| | | १.३.२ | संस्थागत विकास र नियमित खेल आयोजना गर्न स्थानीय खेल संस्था तथा क्लबहरुलाई प्रोत्साहन गरिनेछ । |
| | | १.३.३ | प्रत्येक उद्योग कलकारखाना तथा तत्, तत् क्लबहरुमा खेलकुद कोषको स्थापना गर्न सहजिकरण गरिनेछ । |
| | | १.३.४ | पालिकास्तरमा औपचारिक क्षेत्रका श्रमीक तथा सरकारी विभागीय टोलीहरु निर्माण गर्न सहजिकरण गरिनेछ । |
| | | १.३.५ | विभिन्न क्षेत्र र समूहमा उत्कृष्ट ठहरिएका खेलाडीहरुको Track Record का आधारमा मूलधारका क्लबहरुमा आबद्ध गराउन पालिकाले विशेष पहल गर्नेछ । |
| | | १.३.६ | विभिन्न समूह, क्षेत्रस्तरीय वार्षिक खेलकुद प्रतियोगिताहरुको आयोजना गरिनेछ । |
| १.४ | ज्येष्ठ नागरिकहरुको जीवनलाई थप सार्थक र मनोरञ्जनात्मक बनाउन खेलमा प्रत्साहन गर्ने । | १.४.१ | खेल तथा शारीरिक तन्दुरुस्तीमा विशेष रुची भएका ज्येष्ठ नागरिकहरुको वडागत विवरण संकलन गरिनेछ । |
| | | १.४.२ | ज्येष्ठ नागरिकलाई उपयुक्त हुने खेलहरुको वर्गीकरण गरिनेछ । |
| | | १.४.३ | प्रत्येक वडामा योग, ध्यान, व्यायाम तथा प्रशिक्षण केन्द्र स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ । |
| | | १.४.४ | वडा स्तरीय ज्येष्ठ नागरिक विशेष खेलहरुको नियमित आयोजना गरिनेछ । |
| | | १.४.५ | ज्येष्ठ नागरिक खेलकुद क्लब गठन गर्न सहजिकरण गरिनेछ । |

**उद्देश्य २: पालिकामा हाल रहेका सम्पूर्ण खेलकुद पूर्वाधारको अभिलेख तयार पारी संरक्षण प्रवर्द्धन गर्दै आवश्यक नयाँ पूर्वाधारहरुको विकास गर्नु ।**

| रणनीति | कार्यनीति |
|---|---|

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| २.१ | पालिकास्तरमा रहेका सम्पूर्ण खेल पूर्वाधार संरक्षण तथा नयाँ निर्माण गर्ने । | २.१.१ | पालिकामा रहेका सम्पूर्ण सार्वजनिक खेल मैदान तथा खुल्ला, स्थान, पार्क आदिको पूर्ण लगत तयार पारिनेछ । |
| | | २.१.२ | यस्ता सार्वजनिक स्थलहरुको दीर्घकालीन संरक्षण योजना निर्माण गरी लागु गरिनेछ । |
| | | २.१.३ | नियमित मर्मत सम्भार र संरक्षण गर्न एक खेलकुद पूर्वाधार विकास कोषको निर्माण गरिनेछ । |
| | | २.१.४ | आवश्यकताका आधारमा स्थानीय र राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा पहिचान राख्न सक्ने खेलको प्रवर्द्धन हुने खेलकुद पूर्वाधारलाई प्राथमिकता दिई नयाँ निर्माण गरिनेछ । |
| | | २.१.५ | नयाँ निर्माण गर्ने खेलकुद पूर्वाधारको पूर्व सम्भाव्यता अध्ययन पश्चात डि.पि.आर तयार गरिनेछ । |
| | | २.१.६ | भौतिक पूर्वाधार निर्माणमा निजी क्षेत्रलाई आर्कषण गर्न नियमित अन्तरक्रिया गरिनेछ । |
| | | २.१.७ | वडास्तरीय खेलमैदानहरु क्रमश विकास गर्दै लगिनेछ । |
| | | २.१.८ | एक पालिकास्तरीय रंगशालाको निर्माण गरिनेछ । |
| | | २.१.९ | प्रत्येक सामुदायिक विद्यालयमा रहेका खेल मैदानहरुलाई विद्यार्थी संख्याका आधारमा क्रमश स्तरोन्नति गरिनेछ । |
| | | २.१.१० | वडास्तरीय उत्कृष्ट, खेलकुद क्लबहरुलाई पूर्वाधार विकास र खेल सामाग्री खरिद गर्न मापदण्डका आधारमा अनुदान प्रदान गरिनेछ । |
| | | २.१.११ | टोल टोलमा सामुहिक पहलमा नियमित खेल खेल्ने समूह तथा क्लबलाई पूर्वाधार विकास र खेल सामग्री खरिदमा निश्चित मापदण्डका आधारमा अनुदान प्रदान गरिनेछ । |
| | | २.१.१२ | पालिकाका सार्वजनिक स्थलहरुलाई मर्निङ वाक, शारिरीक व्यायामस्थल तथा साधारण शैर वा दौड गर्न उपयुक्त स्थलका रुपमा विकास गर्न सम्भाव्यता अध्ययन गरी निर्माण र स्तरोन्नतिका लागि डि.पि.आर तयार गरिनेछ । |
| | | २.१.१३ | वडास्तरमा बालबालिकाका लागि क्रिडास्थलको रुपमा Children's Park को विकास गर्न सम्भाव्यता अध्ययन गरी निजी क्षेत्रसँग अन्तरक्रिया आयोजना गरिनेछ । |
| | | २.१.१४ | क्रमश वडास्तरीय कभर्ड हलको स्थापना गरिनेछ । |
| | | २.१.१५ | निजी शैक्षिक संस्थाहरुले अनिवार्य खेल मैदानको प्रबन्ध गर्नुपर्ने व्यवस्था कार्यान्वयन गरिनेछ । |
| | | २.१.१६ | स्थानीय स्तरमा गुणस्तरीय खेल सामाग्री उत्पादन गर्ने उद्योगलाई मापदण्डका आधारमा विशेष सहुलियतको प्रबन्ध गरिनेछ । |
| | | २.१.१७ | खेलकुद सम्बन्धी नियमित समाचार र सूचना आदान प्रदान गर्न पालिकास्तरीय मिडिया सेन्टर स्थापना गरी सम्पूर्ण खेलकुद पत्रकारलाई संगठित गरिनेछ । |

**उद्देश्य ३: गाउँपालिकास्तरमा प्रतियोगिताहरु आयोजना गरी स्थानीय खेलाडीहरुलाई जिल्ला, प्रदेश, संघ हुँदै अन्तराष्ट्रियस्तरसम्म प्रतिस्पर्धा गर्न सक्षम तुल्याउनु ।**

| रणनीति | कार्यनीति |
|---|---|

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| ३.१ | हरेक क्षेत्र तथा समूहहरुमा खेलकुद क्रियाकलाप नियमित गर्न पात्रोको विकास गरी खेलकुद प्रतियोगिता तथा प्रशिक्षण आयोजना गर्ने । | ३.१.१ | विद्यालय बाहिर पालिकास्तरमा रहेका युवा क्लबहरुको खेलकुद नियमित गर्न पात्रोमा आधारित प्रतियोगिता तथा खेल अभ्यास सञ्चालन गरिनेछ । |
| | | ३.१.२ | विद्यालयस्तरीय खेलकुद सप्ताहको आयोजना गरिनेछ । |
| | | ३.१.३ | पालिकाको युवा तथा खेलकुद शाखा तथा गाउँपालिकास्तरका खेल सम्बन्ध संस्था, समिति क्लबहरुको समन्वयमा नियमित सञ्चालन हुने खेल तालिका प्रकाशन गरिनेछ । |
| | | ३.१.४ | पालिकास्तरीय खेलकुद सप्ताह मनाउने व्यवस्था मिलाइनेछ । |
| | | ३.१.५ | विभिन्न समय र स्थानमा खेलकुद मेला आयोजना गर्ने प्रबन्ध गरिनेछ । |
| | | ३.१.६ | अन्तर विद्यालय खेल प्रतियोगिता आयोजना गरिनेछ । |
| | | ३.१.७ | अन्तर वडास्तरीय खेलकुद क्लबमा आधारित प्रतियोगिताहरु सञ्चालन गरिनेछ । |
| | | ३.१.८ | पालिकास्तरीय प्रशिक्षक र खेलाडीहरुको प्रोफाइल तयार गरिनेछ । |
| | | ३.१.९ | पालिकास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गर्न र समग्र खेल क्षेत्रलाई संस्थागत गर्न बृहत खेलकुद विकास कोषको स्थापना गरिनेछ । |
| | | ३.१.१० | राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम खेलाडी उत्पादन गर्ने अभियान सञ्चालन गरिनेछ । |

**उद्देश्य ४: खेलकुद विकासको प्राथमिक बिन्दु र आधार क्षेत्रको रुपमा विद्यालयहरुलाई विकास गरी प्रतिभाको खोजी, पहिचान र संरक्षण गर्नु ।**

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| ४.१ | विद्यालयलाई प्रतिभा खोजी केन्द्रको रुपमा लिई प्रतिभा खोजी अभियान सञ्चालन गर्ने । | ४.१.१ | हरेक विद्यालयमा विभिन्न उमेर समूहबाट प्रतिभा पहिचान गर्ने उद्देश्यले प्रतिभा मापन मापदण्ड निर्माण गरी सूचकका आधारमा प्रतिभा पहिचान गरिनेछ । |
| | | ४.१.२ | हरेक वर्ष नव प्रतिभाको खोजी साथै पहिचान भएका प्रतिभावान खेलाडीहरुको व्यक्तिगत विवरण तयार गरिनेछ । |
| | | ४.१.३ | निश्चित मापदण्डका आधारमा प्रतिभावान खेलाडीलाई विशेष सहयोग र प्रोत्साहन गर्न अनुदानको व्यवस्था गरिनेछ । |
| | | ४.१.४ | प्राप्त अनुदान खेलाडीको क्षमता विकास, शारिरीक तन्दुरुस्ती र शैक्षिक क्रियाकलापहरुमा प्रयोग गर्ने अनिवार्य प्रबन्ध गरिनेछ । |
| | | ४.१.५ | विद्यालय, वडा तथा गाउँपालिका स्तरमा विभिन्न विधाका खेलमा उत्कृष्ट खेलाडी पुरस्कारको व्यवस्था गरिनेछ । |
| | | ४.१.६ | प्रत्येक विद्यालयमा सम्भाव्यता र आवश्यकताका आधारमा खेल प्रशिक्षकहरुको प्रबन्ध गरिनेछ । |
| | | ४.१.७ | पालिकास्तरीय विशेष प्रतिभा पहिचान, विकास र संरक्षण विशेष परियोजना निर्माण तथा कार्यान्वयन गरिनेछ । |
| | | ४.१.८ | स्थानीय पाठ्यक्रममा खेलकुद र शारिरीक शिक्षालाई अनिवार्य लागु गरिनेछ । |
| | | ४.१.९ | प्रत्येक विद्यालयमा खेलकुदका न्यूनतम समाग्री र पूर्वाधार निर्धारण |

| रणनीति | कार्यनीति |
|---|---|
| | गरी क्रमश : वितरण र निर्माण गरिनेछ । |
| | ४.१.१० विभिन्न उमेर समूहमा खेलका विधा अनुसार विद्यालयस्तरीय विद्यार्थीहरुको टिम गठन गरिनेछ । |
| | ४.१.११ प्रत्येक विद्यालयमा खेलकुदका लागि विशेष र नियमित समय किटान गरिनेछ । |
| | ४.१.१२ नियमित प्रतियोगिता र शैक्षिक क्रियाकलापहरु बिच तालमेल हुनेगरी शैक्षिक पात्रोको निर्माण गरी गाउँपालिकाभर समान रुपले लागु गरिनेछ । |
| | ४.१.१३ उत्कृष्ट खेलाडी र प्रतिभाहरुको पहिचान पश्चात उनीहरुका अभिभावकहरुलाई विशेष Counseling र खेलाडीलाई Career Counseling को व्यवस्था गरिनेछ । |

**उद्देश्य: ५: खेलकुद क्षेत्रलाई व्यक्तित्व विकासका साथै वृत्ति विकासको माध्यम बनाई व्यवसायिकता प्रवर्द्धन गर्नु ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ५.१ खेलकुदमा व्यवसायिकता विकास गर्न विशेष कार्ययोजना निर्माण गर्ने । | ५.१.१ विभिन्न उमेर समूहका खेलाडीहरुलाई नियमित रुपमा Sport Career तथा व्यावसायिक खेलकुदबारे पर्याप्त जानकारी गराउन एक पालिकास्तरीय खेलकुद प्रतिष्ठानको व्यवस्था गरिनेछ । |
| | ५.१.२ प्रतिष्ठान मार्फत नियमित रुपमा खेलाडीहरुलाई व्यवसायिकता अभिवृद्धि गर्ने सीप गुणहरुको विकास गर्न प्रशिक्षण प्रदान गरिनेछ । |
| | ५.१.३ खेलाडी परिचयपत्र वितरण गरिनेछ । |
| | ५.१.४ खेलाडीहरुलाई समय समयमा विशेष उत्कृष्ट राष्ट्रिय खेलाडीबाट Motivational कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ५.१.५ व्यवसायिकता अभिवृद्धिका बाधक र चुनौतिका बारेमा अध्ययन गरी प्रतिवेदनका आधारमा कार्ययोजना निर्माण गरिनेछ । |
| | ५.१.६ खेलाडीहरुको जीविकोपार्जनका लागि सीप तथा दक्षता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ५.१.७ उत्कृष्ट खेलाडीहरुलाई मापदण्डका आधारमा सहयोग र प्रोत्साहन गर्न एक “खेलाडी कल्याणकारी कोषको” प्रबन्ध गरिनेछ । |
| | ५.१.८ पालिकाबाट राष्ट्रिय र अन्तराष्ट्रियस्तरमा गौरवशाली प्रतिनिधित्व गर्दै खेल्ने खेलाडीको सम्पूर्ण शैक्षिक खर्च मापदण्डका आधारमा पालिकाले व्यहोर्ने प्रबन्ध गरिनेछ । |
| | ५.१.९ पालिकामा उत्कृष्ट ठहरिएका खेलाडीहरुलाई पर्यटन प्रवर्द्धन तथा सामाजिक जीवनका क्षेत्रमा सद्भावना राजदुत घोषणा गर्ने प्रबन्ध गरिनेछ । |
| | ५.१.१० पालिकाबाट अन्तराष्ट्रिय खेलमा पदक विजेता खेलाडीलाई विशेष भत्ताको व्यवस्था गरिनेछ । |
| | ५.१.११ प्रत्येक विद्या र खेलस्तरीय उत्कृष्ट खेलाडी पुरस्कारको प्रबन्ध गरिनेछ । |
| | ५.१.१२ प्रतिभावान खेलाडीलाई पालिकाले रोजगारीको व्यवस्था गर्नेछ । |
| | ५.१.१३ क्लबहरु सञ्चालन गर्ने व्यवसायिक घरनाहरुलाई विशेष सम्मान, सहुलियत र प्रोत्साहन गरिनेछ । |

**उद्देश्य ६: मनोरञ्जनात्मक, परम्परागत र स्थानीय मौलिकता दर्शाउने खेलहरुको संरक्षण र विकास गर्दै मूलधारका खेल आयोजना मार्फत खेल पर्यटन विकास गर्नु ।**

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| ६.१ | परम्परागत तथा मौलिकता प्रवर्द्धन गर्ने सामुहिक मनोरञ्जन गर्ने खेलहरुको संरक्षण र विकास गर्ने । | ६.१.१ | पालिकास्तरमा परम्परागत हिसाबले खेलिदै आएका खेलहरुको Inventory तयार गरिनेछ । |
| | | ६.१.२ | ठूलो आमदर्शकलाई सामुहिक मनोरञ्जन प्रदान गर्ने खेलहरुको संरक्षण गर्न समिति बनाइनेछ । |
| | | ६.१.३ | विशेष समारोह र अवसरमा आयोजना हुने यस्ता खेल जस्तै कुस्ती, पहलमान जुधाइ वा दौड इत्यादीको संरक्षण गर्न अनुदानको प्रबन्ध गरिनेछ । |
| | | ६.१.४ | यी परम्परागत खेललाई नियम र मानकहरु निर्माण गरी संस्थागत गरिनेछ । |
| ६.२ | मूलधारको खेलको विकास मार्फत खेल पर्यटनको विकास गर्ने । | ६.२.१ | राष्ट्रिय तथा अन्तराष्ट्रिय मूलधारका खेलहरुलाई गाउँपालिकामा नियमित आयोजना गर्न सम्भाव्यता अध्ययन गरिनेछ । |
| | | ६.२.२ | फुटबल, भलिबल, क्रिकेट वा अन्य खेलहरुको सम्भाव्यता हेरी सोको आयोजना गर्न रंगशालाको प्रबन्ध गर्न अध्ययन गरिनेछ । |
| | | ६.२.३ | पालिकामा खेल क्षेत्रका विज्ञ, उत्कृष्ट खेलाडी, पूर्व खेलाडी लगायत खेल सम्बद्ध सबैलाई समेटेर खेलकुद विकास गुरुयोजना निर्माण गरी खेल पर्यटनलाई प्राथमिकता दिइनेछ । |
| | | ६.२.४ | खेल दर्शकको चापलाई अध्ययन गरी बसोबासको प्रबन्ध आदिका बारेमा अध्ययन गरी सो को प्रबन्ध गरिनेछ । |
| | | ६.२.५ | स्थानीय युवा क्लबहरुको सहयोगमा बृहत खेलकुद स्वयं सेवक दस्ता तयार गरिनेछ । |
| | | ६.२.६ | पालिकामा लोकप्रियताका आधारमा खेलको वर्गीकरण गरी प्राथमिकता निर्धारण गरिनेछ । |

**उद्देश्य ७: खेलकुद क्षेत्रको विकासमा निजी क्षेत्रको सहभागिता तथा लगानी अभिबृद्धि गर्न आवश्यक वातावरण निर्माण गरी प्रोत्साहन गर्नु ।**

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| ७.१ | खेलकुद प्रर्वद्धनमा निजी क्षेत्रको भूमिका बृद्धि गरी सहकार्य गर्ने । | ७.१.१ | खेलकुद पूर्वाधार विकास, प्रतियोगिता आयोजना तथा खेलाडी उत्पादनमा निजी क्षेत्रको भूमिका स्पष्ट पार्न नियमित अन्तरक्रिया आयोजना गरिनेछ । |
| | | ७.१.२ | निजी स्तरबाट सञ्चालन हुने फुटसल, जिम, फिटनेस सेन्टर आदिलाई नियमन गर्ने संयन्त्र निर्माण गर्ने गरिनेछ । |
| | | ७.१.३ | उत्कृष्ट तर आर्थिक रुपले विपन्न खेलाडीलाई पालिकाको संरक्षणमा निजी क्षेत्रको सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग प्राप्त गर्न विशेष पहल गरिनेछ । |
| | | ७.१.४ | चिल्ड्रेन पार्क, व्यायामघर, पौडी पोखरी आदि सञ्चालन गर्ने निजी क्षेत्रलाई प्रोत्साहन, सहुलियत र नियमन गर्न कार्याविधि र संयन्त्र निर्माण गरिनेछ । |

**उद्देश्य ८: खेल अनुशासन कायम राखी खेल चिकित्सा विज्ञानको पूर्ण पालना गर्नु ।**

| रणनीति | कार्यनीति |
|---|---|

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| ८.१ | खेल अनुशासन कायम गर्ने । | ८.१.१ | खेल क्षेत्रमा हुन सक्ने अनुशासनहिन क्रियाकलापहरुको अध्ययन गरी सो निराकरणका उपायहरु पहिचान गरिनेछ । |
| | | ८.१.२ | खेल अनुशासन र यसको महत्वलाई मध्यनजर गरी खेलाडीहरुलाई विशेष प्रशिक्षण प्रदान गरिनेछ । |
| | | ८.१.३ | उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी तथा अनुशासनहिन खेलाडीहरुलाई दुवै पुरस्कार र दण्डको व्यवस्था गरिनेछ । |
| | | ८.१.४ | अन्तराष्ट्रिय अभिसन्धि अनुसार खेलकुदमा प्रतिबन्धित औषधिहरु बारे जनचेतना अभिबृद्धि गर्ने र यसको दुरुपयोगलाई नियन्त्रण गर्न स्थानीय संयन्त्र निर्माण गरी व्यापक सचेतना अभिबृद्धि गरिनेछ । |
| ८.२ | खेलकुद चिकित्सा विज्ञानका सिद्धान्तहरुलाई व्यवहारमा उतार्ने । | ८.२.१ | प्रत्येक खेलाडीहरुको नियमित स्वास्थ्य परीक्षण गर्ने प्रबन्ध गरिनेछ । |
| | | ८.२.२ | खेल अनुसार शारिरीक तन्दुरुस्ती कायम गरी पोषणलाई सन्तुलन गर्न पोषणयुक्त खुराकको बारेमा खेलाडीहरुलाई नियमित रुपमा सुसूचित गरिनेछ । |
| | | ८.२.३ | खेलाडीहरुलाई स्वास्थ्य सम्बन्धी जनचेतना फैलाउने स्वयंसेवकको रुपमा विकास गर्न प्रोत्साहन गरिनेछ । |
| | | ८.२.४ | खेल चिकित्सामा पछिल्लो समय भएका नयाँ विकास र प्रविधिहरुको बारेमा नियमित जानकारी गराइनेछ । |
| | | ८.२.५ | पालिकास्तरमा खेलाडीहरुको स्वास्थ्यलाई मध्य नजर गरी चिकित्सकहरुको टोली निर्माण गरिनेछ । |
| | | ८.२.६ | खेलाडीहरुको मापदण्डका आधारमा बीमा गरिनेछ । |

## ३.७.४ कार्यक्रमहरु

| कार्यनीति नं. | कार्यक्रम | आधार वर्ष | लक्ष्य | | | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १.१.१ | यूवाहरुको तथ्याङ्क अद्यावधिक | | २५० | २५० | २५० | |
| १.१.२ | खेलाडीसँग सम्बन्धीत खेलहरुको वर्गिकरण | | १०० | १०० | १०० | |
| १.१.३ | नियमित खेलकुद प्रतियोगिता आयोजना | | १५०० | १५०० | १५०० | |
| १.१.४ | महिला खेलाडी पहिचान गरी खेलकुद प्रतियोगित आयोजना | | १००० | १००० | १००० | |
| १.१.५ | अपाङ्गता भएका व्यक्तिहरुलाई समेट्न उनीहरु सहभागी हुन सक्ने खेलहरुको पहिचान तथा प्रतियोगिता आयोजना | | १००० | १००० | १००० | |
| १.१.६ | Sports Hour को सुनिश्चितता | | ० | ० | ३०० | |
| १.२.१ | महिला खेलाडीलाई विशेष प्रोत्साहन र संरक्षण | | ५०० | ६०० | ७०० | |
| १.२.२ | Career Counselor को प्रबन्ध | | ५०० | ६०० | ७०० | |
| १.२.३ | खेल क्षेत्र विशेष कार्ययोजना निर्माण | | ३५० | ० | ० | |

| कार्यनीति नं. | कार्यक्रम | आधार वर्ष | लक्ष्य | | | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १.२.४ | वार्षिक पात्रोको निर्माण | | १०० | १०० | १०० | |
| १.२.५ | महिला खेलाडीहरुका लागि आवासीय सुविधाको प्रबन्ध | | १५०० | १५०० | १५०० | |
| १.२.६ | उत्कृष्ट महिला खेलाडी विशेष छात्रवृत्तिको व्यवस्था | | ४०० | ४०० | ४०० | |
| १.३.१ | खेलकुद क्लब गठन | | २०० | ० | २०० | |
| १.३.२ | स्थानीय खेल संस्था तथा क्लबहरुलाई प्रोत्साहन | | २०० | २०० | २३० | |
| १.३.३ | खेलकुद कोषको स्थापना | | ० | ३५०० | ० | |
| १.३.४ | औपचारीक क्षेत्रका श्रमिक तथा सरकारी विभागीय टोलीहरु निर्माण | | १० | १० | १२ | |
| १.३.५ | उत्कृष्ट ठहरिएका खेलाडीहरुको Track Record | | १० | १२ | १५ | |
| १.३.६ | वार्षिक खेलकुद प्रतियोगिताहरुको आयोजना | | १५०० | १५०० | १५०० | |
| १.४.१ | ज्येष्ठ नागरिकहरुको वडागत विवरण संकलन | | १०० | १२० | १५० | |
| १.४.२ | ज्येष्ठ नागरिक उपयुक्त खेलहरुको वर्गीकरण | | ५०० | ५०० | ६०० | |
| १.४.३ | प्रशिक्षण केन्द्र स्थापनाका लागि सम्भाव्यता अध्ययन | | १५० | ० | १५० | |
| १.४.४ | ज्येष्ठ नागरिक विशेष खेलको नियमित आयोजना | | | | | |
| १.४.५ | ज्येष्ठ नागरिक खेलकुद क्लब गठन | | | | | |
| २.१.१ | सार्वजनिक स्थलहरुको पूर्ण लगत तयार | | ० | ३०० | ० | |
| २.१.२ | सार्वजनिक स्थलहरुको दीर्घकालीन संरक्षण योजना निर्माण | | २०० | ० | ० | |
| २.१.३ | मर्मत सम्भार र संरक्षण कोष स्थापना | | ० | ० | ३००० | |
| २.१.४ | खेलकुद पूर्वाधार निर्माण | | २५०० | २५०० | २५०० | |
| २.१.५ | खेलकुद पूर्वाधारको पूर्व सम्भाव्यता अध्ययन | | १००० | १००० | १००० | |
| २.१.६ | निजी क्षेत्रसँग नियमित अन्तरकृया | | १०० | २०० | २५० | |
| २.१.७ | वडास्तरीय खेल मैदानहरु विस्तार | | २५०० | २५०० | २५०० | |
| २.१.८ | पालिका स्तरीय रंगशाला निर्माण | | ३५०० | ३५०० | ३५०० | |

| कार्यनीति नं. | कार्यक्रम | आधार वर्ष | लक्ष्य | | | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| २.१.९ | विद्यालयमा रहेका खेल मैदानहरुलाई स्तरोन्नति | | १००० | १००० | १००० | |
| २.१.१० | खेल सामाग्री खरिद गर्न मापदण्डका आधारमा अनुदान | | ६०० | ६०० | ६०० | |
| २.१.११ | नियमित खेल खेल्ने समूह तथा क्लबको लागि पूर्वाधार विकास | | १००० | १००० | १००० | |
| २.१.१२ | सार्वजनिक स्थलहरुमा साधारण शैर,दौड तथा शारिरीक व्यायामस्थलहरुको डिपिआर | | १५०० | १५०० | १५०० | |
| २.१.१३ | Children's Park कोसम्भाव्यता अध्ययन | | ७०० | ७०० | ७०० | |
| २.१.१४ | वडास्तरीय कर्वड हलको स्थापना | | १५०० | १५०० | १५०० | |
| २.१.१५ | शैक्षिक संस्थाहरुको खेलकुद पूर्वाधार मापदण्ड तयारी | | ४०० | ० | ० | |
| २.१.१६ | खेल सामाग्री उत्पादन गर्ने उद्योगलाई मापदण्डका आधारमा प्रोत्साहन | | ४०० | ४०० | ४०० | |
| २.१.१७ | खेलकुद पत्रकारलाई संगठित गर्न व्यवस्था | | २०० | २०० | २०० | |
| ३.१.१ | पात्रोमा आधारित प्रतियोगिता तथा खेल अभ्यास सञ्चालन | | १०० | १०० | १०० | |
| ३.१.२ | विद्यालयस्तरीय खेलकुद सप्ताहको आयोजना | | १००० | १००० | १००० | |
| ३.१.३ | नियमित सञ्चालन हुने खेल तालिका प्रकाशन | | ५० | ५० | ५० | |
| ३.१.४ | पालिकास्तरीय खेलकुद सप्ताह | | १००० | १००० | १००० | |
| ३.१.५ | खेलकुद मेला आयोजना | | १००० | १००० | १००० | |
| ३.१.६ | अन्तर विद्यालय खेल प्रतियोगिता आयोजना | | १००० | १००० | १००० | |
| ३.१.७ | अन्तर वडास्तरीय खेलकुद आयोजना | | १००० | १००० | १००० | |
| ३.१.८ | पालिकास्तरीय प्रशिक्षक र खेलाडीहरुको प्रोफाइल तयारी | | ६०० | २०० | १०० | |
| ३.१.९ | बृहत खेलकुद विकास कोष स्थापना | | ० | ० | १५०० | |
| ३.१.१० | खेलाडी उत्पादन अभियान | | ४०० | ४०० | ४०० | |
| ४.१.१ | सूचकका आधारमा प्रतिभा पहिचान | | २०० | २०० | २०० | |
| ४.१.२ | प्रतिभावान खेलाडीहरुको व्यक्तिगत विवरण तयार | | ४०० | १०० | १०० | |

| कार्यनीति नं. | कार्यक्रम | आधार वर्ष २०८२/८३ | लक्ष्य | | | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| ४.१.३ | प्रतिभावान खेलाडीलाई अनुदानको व्यवस्था | | ४५० | ५०० | ५५० | |
| ४.१.४ | प्राप्त अनुदान कार्यान्वयन कार्यविधि तयारी | | २०० | ० | ० | |
| ४.१.५ | उत्कृष्ट खेलाडी लाई पुरस्कारको व्यवस्था | | ३०० | ३०० | ३०० | |
| ४.१.६ | विद्यालयहरुमा खेल प्रशिक्षकहरुको प्रबन्ध | | ३०० | ३०० | ३०० | |
| ४.१.७ | पालिकास्तरीय विशेष प्रतिभा पहिचान, विकास र संरक्षण विशेष परियोजना निर्माण | | ३०० | ३०० | ३०० | |
| ४.१.८ | खेलकुद र शारिरीक शिक्षालाई स्थानीय पाठ्यक्रममा समावेश | | ० | ५० | ० | |
| ४.१.९ | प्रत्येक विद्यालयमा खेलकुदका न्यूनतम समाग्री र पूर्वाधार निर्धारण | | ५०० | ५०० | ५०० | |
| ४.१.१० | खेलका विधा अनुसार विद्यालयस्तरीय विद्यार्थीहरुको टिम गठन | | ३० | ३५ | ३५ | |
| ४.१.११ | विद्यालयमा खेलकुदका लागि विशेष र नियमित समय किटान | | ०५ | ०५ | ०५ | |
| ४.१.१२ | पालिकाभर शैक्षिक पात्रोमा एकरुपता | | १० | १० | १० | |
| ४.१.१३ | अभिभावकहरुलाई विशेष Counseling र खेलाडीलाई Career Counseling को व्यवस्था | | ४०० | ४५० | ५०० | |
| ५.१.१ | पालिकास्तरीय खेलकुद प्रतिष्ठानको व्यवस्था | | ० | ० | १५०० | |
| ५.१.२ | खेलाडीहरुलाई नियमित प्रशिक्षण प्रदान | | ७०० | ७५० | ८०० | |
| ५.१.३ | खेलाडी परिचय पत्र वितरण | | ३०० | ३५० | ४०० | |
| ५.१.४ | राष्ट्रिय खेलाडीबाट Motivational कार्यक्रम सञ्चालन | | ७०० | ७५० | ८०० | |
| ५.१.५ | कार्ययोजना निर्माण | | २०० | २०० | २५० | |
| ५.१.६ | खेलाडीहरुको जीविकोपार्जनका लागि विभिन्न कार्यक्रम सञ्चालन | | ७०० | ७५० | ८०० | |
| ५.१.७ | “खेलाडी कल्याणकारी कोषको” प्रबन्ध | | ७०० | ७५० | ८०० | |
| ५.१.८ | राष्ट्रिय स्तरका खेलाडीको सम्पूर्ण शैक्षिक खर्च मापदण्डका आधारमा गाउँपालिकाले व्यहोर्ने प्रबन्ध | | १५०० | १५०० | १५०० | |

| कार्यनीति नं. | कार्यक्रम | आधार वर्ष | लक्ष्य | | | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| ५.१.९ | सर्वोत्कृष्ट खेलाडीहरुलाई सद्भावना राजदुत घोषणा | | ३०० | ३०० | ३०० | |
| ५.१.१० | अन्तराष्ट्रिय खेलमा पदक विजेता खेलाडीलाई विशेष भत्ताको व्यवस्था | | ३०० | ३०० | ३०० | |
| ५.१.११ | उत्कृष्ट खेलाडी पुरस्कार | | ३०० | ३०० | ३०० | |
| ५.१.१२ | प्रतिभावान खेलाडीलाई रोजगारीको व्यवस्था | | | | | |
| ५.१.१३ | निजी क्षेत्रलाई प्रोत्साहन | | ३०० | ३०० | ३०० | |
| ६.१.१ | परम्परागत खेलहरुको Inventory तयार | | ० | २०० | ० | |
| ६.१.२ | सामुहिक मनोरञ्जन प्रदान गर्ने खेलहरुको संरक्षण गर्न समिति तयार | | ० | ० | २०० | |
| ६.१.३ | विशेष समारोह र अवसरमा आयोजना हुने खेलको संरक्षण गर्न अनुदानको प्रबन्ध | | ० | २०० | २०० | |
| ६.१.४ | परम्परागत खेललाई संस्थागत गर्ने व्यवस्था | | २०० | २०० | ० | |
| ६.२.१ | खेलकुद आयोजना गर्न सम्भाव्यता अध्ययन | | २०० | ० | ० | |
| ६.२.२ | रंगशालाको प्रबन्ध गर्न अध्ययन | | ० | २०० | ० | |
| ६.२.३ | खेलकुद विकास गुरुयोजना निर्माण | | ७०० | ० | ० | |
| ६.२.४ | खेल दर्शकलाई बसोबासको प्रबन्ध | | ७०० | ७०० | ७०० | |
| ६.२.५ | खेलकुद स्वयं सेवक दस्ता तयार | | ३०० | ३०० | ३०० | |
| ६.२.६ | लोकप्रियताका आधारमा खेलको वर्गीकरण | | २०० | १०० | ५० | |
| ७.१.१ | निजी क्षेत्रसँग नियमित अन्तरक्रिया | | २०० | २०० | २०० | |
| ७.१.२ | निजी क्षेत्रबाट संचालित खेलहरुको नियमन | | २०० | २०० | २०० | |
| ७.१.३ | विपन्न खेलाडीहरुलाई सहयोगको प्रबन्ध | | ५०० | ५०० | ५०० | |
| ७.१.४ | निजी क्षेत्रलाई प्रोत्साहन, सहुलियत र नियमन गर्न कार्याविधि र संयन्त्र निर्माण | | २०० | ० | ० | |
| ८.१.१ | खेल क्षेत्रमा हुन सक्ने अनुशासनहिन क्रियाकलापहरुको अध्ययन | | ० | ३०० | ० | |
| ८.१.२ | खेलाडीहरुलाई विशेष प्रशिक्षण प्रदान | | २०० | २०० | २०० | |

| कार्यनीति नं. | कार्यक्रम | आधार वर्ष | लक्ष्य | | | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| ८.१.३ | खेलाडीहरुलाई पुरस्कार र दण्डको व्यवस्था | | ३०० | ३५० | ४०० | |
| ८.१.४ | खेलजगत बारे स्थानीय जनचेतनामूलक संयन्त्र निमार्ण | | ० | २०० | ० | |
| ८.२.१ | खेलाडीहरुको नियमित स्वास्थ्य परीक्षण | | ५०० | ५०० | ५०० | |
| ८.२.२ | पोषणयुक्त खुराकको बारेमा खेलाडीहरुलाई नियमित रुपमा अभिमूखीकरण | | ३०० | ३०० | ३०० | |
| ८.२.३ | स्वास्थ्य सचेतना फैलाउने खेलाडी अभियान | | ३०० | ३०० | ३५० | |
| ८.२.४ | खेल चिकित्सामा पछिल्लो समय विकास भएका प्रविधिहरुको बारेमा जानकारी | | १५० | २०० | ३०० | |
| ८.२.५ | खेलाडीहरुको लागि विशेष चिकित्सकहरुको टोली निर्माण | | ० | ० | १५० | |
| ८.२.६ | खेलाडी बीमाको प्रबन्ध | | ५०० | ५५० | ६०० | |

## ३.७.५ अपेक्षित उपलब्धिहरू

- ✓ न्यूनतम खेलकुद पूर्वाधारको विकास हुनेछ ।
- ✓ खेलाडीहरू पहिचान भई क्षमता विकास भएको हुनेछ ।
- ✓ स्थानीयस्तरमा प्रचलनमा रहेका मनोरञ्जनात्मक क्रियाकलापहरू संस्थागत हुनेछन् ।

## ३.७.६ युवा तथा खेलकुदको नतिजा सूचक

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १ | **युवा तथा खेलकुद** | | | | |
| | प्रतिफल | व्यायामशालाको संख्या | संख्या | | |
| | प्रतिफल | सुविधा सम्पन्न खेलकुद रंगशालाको संख्या | संख्या | | |
| | प्रतिफल | खेल मैदानको संख्या | संख्या | | |
| | प्रतिफल | थिएटर वा सिनेमा घरको संख्या | संख्या | | |
| | प्रतिफल | बाल उद्यानको संख्या | संख्या | | |
| | प्रतिफल | पार्क तथा हरित उद्यानको संख्या | संख्या | | |
| | प्रतिफल | व्यवस्थित पिकनिक स्थलको संख्या | संख्या | | |
| | प्रतिफल | व्यवस्थित पौडी पोखरीको संख्या | संख्या | | |
| | प्रतिफल | ज्येष्ठ नागरिक मिलन केन्द्रको संख्या | संख्या | | |
| | प्रतिफल | साँस्कृतिक तथा कला केन्द्रको संख्या | संख्या | | |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय*

## ३.८ संस्थागत व्यवस्था

गाउँपालिकाको सामाजिक विकास योजना, आवधिक योजनाको एक महत्वपूर्ण र अभिन्न अंशको रुपमा रहने हुँदा सामाजिक विकास योजना प्रक्रियाको सम्पूर्ण संस्थागत व्यवस्था स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ बमोजिम तय गरिएको आवधिक योजना निर्माणका लागि तय गरिएको संस्थागत संयन्त्रले सम्पन्न गर्दछ ।

## ३.९ कार्यान्वयन योजना

यो सामाजिक विकास योजना निर्माण तथा गाउँसभाबाट स्वीकृत भए पश्चात वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी क्रमशः कार्यान्वयन गरिनेछ । यसरी कार्यान्वयन गर्दा विद्यमान कानून तथा अधिकार क्षेत्र भित्र रही गाउँपालिकाले निर्माण गरेका ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड बमोजिम कार्यान्वयन गरिनेछ ।

### ३.१०.१ कार्यान्वयन प्रक्रिया र तालिका

१. **कार्यान्वयन विधि**

कार्यक्रमको प्रकृति हेरी उपयुक्तताका आधारमा उपभोक्ता समिति वा ठेक्कापट्टा व्यवसायी वा निर्माण व्यवसायी वा गै.स.स., समुदायमा आधारित संस्थाहरु मार्फत् प्रतिस्पर्धाका आधारमा वा प्रक्रियागत हिसाबले कार्यान्वयन गरिनेछ ।

२. **वार्षिक खरिद गुरुयोजना निर्माण**

आर्थिक वर्ष सुरु भएको एक महिना भित्र विधिवत रुपमा वार्षिक खरिद गुरुयोजना निर्माण गरी सोही बमोजिम छनोटमा परेका कार्यक्रमहरुलाई प्राथमिकताका आधारमा कार्यान्वयन वार्षिक खरिद योजनाको ढाँचा दिग्दर्शनको अनुसूची ३० बमोजिम तयार गरिनेछ ।

३. **खर्च गर्ने अख्तियारी प्रदान गर्ने**

सभाबाट पारित भएका कार्यक्रमहरु कार्यान्वयनका लागि गाउँपालिका प्रमुखद्वारा सात दिनभित्र प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी प्रदान गरिनेछ । शाखा तथा इकाईगत कार्यतालिका तयार गरी प्रस्तुत गर्ने सामाजिक विकास शाखा तथा इकाई प्रमुख तथा वडा सचिवद्वारा निर्धारित ढाँचामा छनोटमा परेको सामाजिक विकासका कार्यक्रमहरु समावेश गरी कार्यान्वयन कार्यतालिका तयार गरी प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश गरिनेछ । आवश्यक परेमा यस प्रकारको कार्यतालिकामा आवश्यकताको आधारमा प्राथमिकता कायम गरी संशोधन गरिनेछ ।

४. **कार्यान्वयन कार्ययोजना स्वीकृति तथा जिम्मेवारी प्रदान**

आवश्यक संशोधन सहित सामाजिक विकास शाखा तथा वडा कार्यालयबाट प्राप्त कार्ययोजनालाई प्रमुख प्रशासकिय अधिकृतले एकिकृत गरी कार्यपालिका समक्ष पेश गरिन्छ । कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकिय अधिकृतले तोकिएको ढाँचामा कार्यक्रम स्वीकृत गरी सामाजिक विकास शाखा तथा वडा सचिवलाई लिखित रुपमा कार्यान्वयनको जिम्मेवारी हस्तान्तरण गरिनेछ । कार्यक्रम कार्यान्वयन कार्ययोजनाको ढाँचा दिग्दर्शनको अनुसूची २९ बमोजिम हुनेछ ।

## ५. स्थानीय दररेट निर्धारण

नयाँ आर्थिक वर्षको साउन १५ गतेभित्र कार्यपालिकाले स्थानीय ज्याला, निर्माण सामाग्री र ढुवानीको दररेट निर्धारण गरी स्वीकृत गर्नेछ ।

## ६. वार्षिक अनुगमन योजना निर्माण गरी कार्यान्वयन

स्वीकृत एकिकृत कार्यान्वयन कार्ययोजना अनुसार अनुगमन तथा सुपरिवेक्षण समितिले वार्षिक अनुगमन तथा मूल्याङ्कन योजना निर्माण गरी स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्नेछ ।

# खण्ड - ४: अनुगमन तथा मूल्याङ्कन

## ४.१ अनुगमन

सामाजिक विकास योजनाको कार्यान्वयन समयमै सम्पन्न गर्न र आयोजनाको लक्ष्य, उद्देश्य प्राप्त गर्न विकास आयोजनाको प्रभावकारी अनुगमन आवश्यक पर्दछ ।

योजना, नीति, कार्यक्रम तथा आयोजनाहरूमा लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ, छैन र कार्यतालिका अनुसार क्रियाकलापहरूको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त हुने स्थिति छ, छैन भनी विभिन्न तहमा व्यवस्थापन वा व्यवस्थापनले तोकेको व्यक्ति तथा निकायबाट निरन्तर र आवधिक रूपमा निगरानी राख्ने कार्य अनुगमन हो । कुनैपनि कार्यक्रम आयोजनाको पहिचानको चरणदेखि कार्यान्वयन सम्पन्न भई सञ्चालन अवधिमा समेत अनुगमन गरिरहनु पर्छ । यसरी विभिन्न चरणमा गरिने अनुगमनबाट प्राप्त भएका नतिजा, सुझाव तथा सल्लाहलाई पृष्ठपोषणको रूपमा लिई आवश्यकता अनुरूप सुधार गर्दै जानुपर्ने हुन्छ ।

यसो भएमा मात्र विकास आयोजनाले गति लिई समयमै सम्पन्न गर्न मद्दत पुग्न जानेछ र विकासको लक्ष्य हासिल गर्न सकिने छ ।

**अनुगमन २ प्रकारले गर्न सकिने छ :**

१. आयोजना स्थलमै गएर योजनाको क्रियाकलाप बारेमा जानकारी लिने गरी गरिने अनुगमन ।

२. आयोजनाको क्रियाकलापको प्रगति विवरण माग्ने र प्राप्त गरी गरिने अनुगमन ।

तर दुवै प्रकारका अनुगमनमा देखिएका समस्याको समाधान गर्न तत्कालै आवश्यक कदम चल्नु पर्दछ नत्र अनुगमनको कुनै औचित्य रहदैन् ।

अनुगमनका क्रममा योजना, नीति, कार्यक्रम तथा आयोजनाहरूमा निम्न कुराहरूको विश्लेषण गरिन्छ ।

- स्रोतसाधनको प्राप्ति र प्रयोग स्वीकृत बजेट र समय तालिकाअनुसार भए नभएको
- अपेक्षित प्रतिफलहरू समयमै र लागत प्रभावकारी रूपमा हासिल भए नभएको
- कार्यान्वयन क्षमता के कस्ता छन् ?
- के कस्ता समस्या र बाधा व्यवधानहरू देखिएका छन् र तिनको समाधानका निम्ति के-कस्ता उपायहरू अवलम्बन गर्नुपर्छ ?

अनुगमनका क्रममा उपर्युक्त पक्षहरूको बारेमा नियमित, व्यवस्थित र समयबद्ध रूपमा तथ्याङ्क विवरणहरू सङ्कलन, प्रशोधन र प्रतिवेदन गर्ने कार्य गरिन्छ । यसबाट समयमै समस्या पहिचान गरी समाधान गर्न महत्वपूर्ण सहयोग पुग्दछ । अनुगमनका लागि कार्यान्वयन योजना, आयोजना विवरण तालिका, जिम्मेवारी तालिका आदि दस्तावेजको उपयोग गरिन्छ ।

### अनुगमन प्रणालीको छनौट तथा निर्धारण

अनुगमन प्रणाली प्रचलित सोच तालिका (Log Frame) का आधारमा स्थापित गर्न सकिन्छ । स्थानीय तहले आफ्नो विशिष्टता र प्राविधिक क्षमताका आधारमा यस्तो विधि अपनाउन सक्छन् । यस्तो विस्तृत विधि राष्ट्रिय योजना आयोगबाट प्रवर्द्धित **राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनमा** हेर्न सकिन्छ ।

स्थानीय तहले आफ्नो आवश्यकता र उपलब्ध वस्तुगत तथ्याङ्कको आधारमा मौलिक रूपमा अनुगमन प्रणाली अवलम्बन गर्न सक्दछन् । साथै स्थानीय तहको तथ्याङ्क व्यवस्थापन र प्रयोगका लागि राष्ट्रिय प्रणालीसँग आबद्ध हुने खालको अनुगमन सूचना प्रणाली स्थापना गर्नुपर्ने हुन्छ ।

अनुगमन योजना बनाउँदा राष्ट्रिय सरोकारका विषय, मानव विकास सूचकाङ्क, दिगो विकास लक्ष्यका सूचकहरूलाई स्थानीय तहले आफ्नो अधिकार क्षेत्रका विषयमा योगदान गर्ने सूचकहरू स्थापित गरी अनुगमन गर्ने र सो को प्रतिवेदन गर्नुपर्ने हुन्छ ।

स्थानीय तहको आफ्नो क्षेत्रभित्र क्रियाशील गैरसरकारी संघ संस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक संघ संस्थाले स्थानीय तहसँगको समन्वयमा रही कार्य गर्नुपर्ने र स्थानीय तहको अनुगमन प्रणालीमा त्यस्ता कार्यहरूको पनि अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्ने हुन्छ ।

### अनुगमन तह

सामाजिक योजनाको लक्ष्य, उद्देश्य र कार्यक्रम तहमा गरिने अनुगमन पद्धति तलको तालिकामा उल्लेख गरिएको छ ।

### सामाजिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

| कुन तहमा अनुगमन गर्ने | के अनुगमन गर्ने | कहिले र कस्ले अनुगमन गर्ने | कुन तहको सूचक राख्ने | मापन गर्ने आधार |
|---|---|---|---|---|
| लक्ष्य | परेको प्रभाव | • कार्यपालिकाद्वारा नियुक्त स्वतन्त्र संस्था वा विज्ञले आवधिक योजनाको अन्त्यमा<br>• कार्यपालिकाद्वारा आवधिक योजनाको मध्यकालमा | • प्रभाव तहको<br>• असर तहको<br>• जनभावनामा परिवर्तन | • संघ, प्रदेश र स्थानीय तहको वार्षिक अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरू<br>• स्थलगत अनुगमन<br>• वार्षिक कार्ययोजनाहरूको प्रगति |
| परिणाम | देखिने असर<br>• शैक्षिक नतिजामा वृद्धि<br>• स्वास्थ्य अवस्थामा सुधार | • कार्यपालिका र गाउँ/नगर कार्यपालिकाद्वारा गठित अनुगमन तथा सुपरिवेक्षण समिति<br>• वार्षिक | • परिणाम तहको<br>• प्रतिशत वृद्धि | • सहभागितामूलक<br>• नतिजामूलक अनुगमन खाका अनुसार<br>• नमूना सर्वेक्षण गर्ने |
| योजना | निर्मित परिणामहरू<br>• कक्षा सञ्चालन | • गाउँ र नगर कार्यपालिकाद्वारा गठित अनुगमन तथा सुपरिवेक्षण | • परिणाम तहको<br>• सङ्ख्यात्मक वृद्धि | • नतिजामूलक अनुगमन खाका अनुसार<br>• स्थलगत अनुगमन |

| कुन तहमा अनुगमन गर्ने | के अनुगमन गर्ने | कहिले र कस्ले अनुगमन गर्ने | कुन तहको सूचक राख्ने | मापन गर्ने आधार |
|---|---|---|---|---|
| | • स्वास्थ्य केन्द्र भवन निर्माण | समिति, शाखा कार्यालयहरू र प्रमुख प्रशासकीय अधिकृत ।<br>• चौमासिक/वार्षिक | | • सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई |

**लक्ष्य तह**

| लक्ष्य | सूचक | आधार वर्ष | परिवर्तन |
|---|---|---|---|
| • "शिक्षा तथा स्वास्थ्य सेवाको समुचित विकास गरी समुदायको आर्थिक अवस्थामा सुधार ल्याउने ।" | • स्थानीय स्वास्थ्य केन्द्रहरूमा प्राथमिक स्वास्थ्यजन्य रोगीको संख्यामा कमी | | |

**योजना तह**

| परिणाम तह | सूचक | आधार वर्ष | परिवर्तन |
|---|---|---|---|
| शैक्षिक सुधार योजना | • प्राथमिक तहमा भर्ना दरमा वृद्धि | | |

## ४.२ मूल्याङ्कन

योजनाको कार्यान्वयनबाट लक्षित उद्देश्य प्राप्त भयो भएन र योजनाको कार्यान्वयनबाट योजनाबाट फाईदा पाउने अपेक्षित जनताले उपर्युक्त रूपमा फाईदा पाए पाएनन् भनेर गरिने अध्ययन विश्लेषणलाई योजनाको मूल्याङ्कन भनिन्छ । योजनाको मध्यमकालीन अवधिमा मूल्याङ्कन गर्दा निम्न कुरालाई ध्यानमा राखी मूल्याङ्कन विश्लेषण गर्नुपर्ने हुन्छ :

- लक्ष्य र उद्देश्य हासिल गर्न उन्मुख रहे/नरहेको
- लगानी योजना अनुरूप वार्षिक लगानीहरू निर्देशित रहे/नरहेको
- उपलब्धिका लागि लक्ष्य लगायत कार्यक्रमहरूको परिमार्जन गर्नुपर्ने आवश्यकता रहे, नरहेको आदि ।

योजना अवधिको अन्त्यमा निर्धारित परिमाणात्मक तथा गुणात्मक लक्ष्य प्राप्तिको मूल्याङ्कन अन्तिमा रूपमा तेश्रो पक्षबाट गर्नु/गराउनु पर्ने हुन्छ । अनुगमन तथा मूल्याङ्कन र तर्कपूर्ण खाका सम्बन्धी विस्तृत व्यवस्थापनका लागि मार्गदर्शन राष्ट्रिय योजना आयोगबाट जारी गरिएको **अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन**लाई पनि उपयोग गर्न सकिने छ ।